# मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना
(आ.ब.२०७७।७८–२०८१।८२)

## तथा

# विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजना
(२०७८–२०८२)




नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

(मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा)

सिंहदरबार, काठमाडौं

# मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.ब.२०७७।७८-२०८१।८२)
# तथा
# विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजना
# (२०७८-२०८२)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा)
सिंहदरबार, काठमाण्डौ

मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.ब.२०७७।७८-२०८१।८२) तथा
विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजना (२०७८-२०८२)
(नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।०७।१६ गतेको निर्णयानुसार स्वीकृत)


**प्रकाशकः**

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाण्डौ।
फोन नं. ०१-५९७११४३ , ०१-५९७११०९
वेभसाइटः www.opmcm.gov.np

**प्रकाशन प्रतिः** ५००० प्रति

**प्रकाशन मितिः** २०७९ मंसिर


**संयोजनः**

सह-सचिव कोशलचन्द्र सुवेदी

सह-सचिव अरुणा जोशी

**सह-संयोजनः**

उपसचिव श्रद्धा रिजाल

**सहायक संयोजनः**

शाखा अधिकृत विश्वदीप वेस्रा

शाखा अधिकृत गोपाल भट्टराई

शाखा अधिकृत दीपा परियार

प्रधानमन्त्री

काठमाडौं, नेपाल



## मन्तव्य

स्वतन्त्रतापूर्वक मानवोचित जीवन बाँच्ने नागरिकको अधिकारको सुनिश्चितताका लागि अत्यन्त लामो राजनीतिक संघर्षबाट आम जनताको पूर्ण सहभागिता र समर्थनमा हामीले लोकतान्त्रिक संविधान बनाई लागू गरेका छौं। नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित भई समृद्ध राष्ट्र निर्माणको परिकल्पनालाई सार्थक तुल्याउन नेपालको संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने कार्यलाई मौलिक हक र राज्यका निर्देशक सिद्धान्त एवं नीतिहरूमा समाहित गरेको छ।

मौलिक हकहरूको प्रत्याभूतिका लागि कानूनी, नीतिगत, योजनागत एवं संस्थागत व्यवस्थाहरू गरिएका छन् भने मानव अधिकारको कार्यान्वयनको अनुगमन गर्ने, मानव अधिकार उल्लंघनमा अनुसन्धान गर्ने लगायतका कार्य गर्ने स्वतन्त्र र सक्षम संवैधानिक आयोग र मानव अधिकारको हनन उपर सक्षम र स्वतन्त्र न्यायपालिकाबाट प्रभावकारी उपचार पाउने कुरालाई संवैधानिक रूपमा नै सुनिश्चित गरिएको छ। नेपालले सहभागिता जनाउने अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनलाई सर्वोपरि महत्व दिइएको छ भन्ने कुरा स्थापित गराएका छौं।

मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनप्रतिको हाम्रो दायित्व तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेका प्रतिवद्धतालाई योजनाबद्ध रूपमा कार्यान्वयन गर्न नेपाल सरकारले मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई निरन्तरता दिंदै आएको छ। अहिले हामी मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७।७८-२०८१।८२) कार्यान्वयनको चरणमा छौं। यसैगरी, तेस्रो चक्रको विश्वव्यापी आवधिक पुनरावलोकनबाट प्राप्त सिफारिशहरूलाई कार्ययोजना नै बनाई राष्ट्रिय कार्ययोजनासँग आवद्ध गरी कार्यान्वयन गरिने छ। यी दुवै कार्ययोजनाले विशेषतः आर्थिक तथा सामाजिक अधिकार सुनिश्चित गर्ने र आर्थिक, सामाजिक र शैक्षिक दृष्टिले पछाडि परेका वर्ग, समुदायको संरक्षण र सशक्तीकरण गर्ने उद्देश्य राखेका छन्। यी दुवै कार्ययोजनाको मूल उद्देश्य मानव अधिकारको सम्मान र संरक्षणमा केन्द्रित भएको हुँदा दुवै कार्ययोजनालाई एक अर्काका परिपूरकको रूपमा कार्यान्वयन गर्नुपर्ने दायित्व संघ, प्रदेश र स्थानीय तहको हुन्छ। कार्ययोजनाले सबैको भूमिकालाई स्पष्ट पहिचान पनि गरेको छ।

अन्त्यमा, मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र प्रत्याभूति गराउने दायित्व सबै निकायहरूको भएको र यसबाट नै मानव अधिकार संस्कृतिको विकास हुने हुँदा सम्बद्ध सबै निकाय तथा सरोकारवालाहरूबाट यी कार्ययोजनाको प्रभावकारी कार्यान्वयन हुनेमा विश्वस्त छु।

जय नेपाल।

२४ कात्तिक, २०७९

शेरबहादुर देउवा

मुख्य सचिव

काठमाडौं, नेपाल



## मन्तव्य

मानव समुदायको आजसम्मको सबै संघर्षको मूल उद्देश्य नै सभ्य र मर्यादित जीवनको प्राप्ति हो। यहाँसम्म आइपुग्दा मानव सभ्यताले लामो विकासयात्रा तय गरेको छ। यस्ता संघर्षहरु मुलुकभित्र सीमित छैनन्। विभिन्न अन्तर्राष्ट्रिय मञ्च र संयन्त्रहरुको निर्माण गरेर मानिसको मानवोचित हकको प्रत्याभूतिका लागि थुप्रै प्रयासहरु भएका छन्। प्रथम विश्वयुद्धको समाप्तिपछि लिग अफ नेशन्सको निर्माण र अझ खासगरी द्वितीय विश्वयुद्ध पछि संयुक्त राष्ट्रसंघको स्थापना मानव अधिकारको अन्तर्राष्ट्रिय मान्यता र संरक्षणको पक्षमा भएको सबैभन्दा ठोस र मूर्त कदम हुन्। संयुक्त राष्ट्रसंघबाट १९४८ डिसेम्बर १० का दिन जारी भएको मानव अधिकारको विश्वव्यापी घोषणापत्र यस दिशामा भएको सबैभन्दा महत्वपूर्ण कोशेढुंगा मानिन्छ। घोषणापत्रमा समेटिएका व्यवस्थाहरु बन्धनकारी नभए तापनि यसकै आधारमा विभिन्न छुट्टाछुट्टै बन्धनकारी अन्तर्राष्ट्रिय अनुबन्धहरु जारी भएका छन्। ती मध्ये मानव अधिकारको संरक्षण र सम्बर्द्धनका दृष्टिले महत्वपूर्ण सबै अनुबन्धहरुको नेपाल पक्ष बनिसकेको छ।

नेपालको संविधानले मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र लगायतका नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी महासन्धिहरु र विश्व समुदायले स्वीकार गरेका आधारभूत मान्यतालाई अंगीकार गर्दै मौलिक हकको व्यवस्था गरेको छ। ती मौलिक हकहरुको कार्यान्वयनको लागि आवश्यक कानूनी एवं संस्थागत व्यवस्थाहरु समेत गरी कार्यान्वयन गर्दै आएको छ। संवैधानिक प्रत्याभूति र कानूनी व्यवस्थाको सन्दर्भमा मानव अधिकारको क्षेत्रमा नेपाल अग्रस्थानमा रहेको छ।

सन् १९९३ मा अष्ट्रियाको भियनामा सम्पन्न संयुक्त राष्ट्रसंघीय मानव अधिकार सम्मेलनले संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुलाई विश्वमा मानव अधिकार संस्कृतिको विकासका लागि सहकार्य गर्न एवं मानव अधिकारको संरक्षण र प्रवर्द्धनको लागि राष्ट्रिय कार्ययोजना तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न आव्हान गरेको थियो। सोही आव्हानलाई मूर्त रुप प्रदान गर्न संयुक्त राष्ट्रसंघको सक्रिय सदस्यको हैसियतले नेपाल सरकारले आ.ब. २०६१।६२ देखि मानव अधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। हालसम्म चारवटा मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन भइसकेको छ र प्रस्तुत पाँचौ कार्ययोजना कार्यान्वयनको चरणमा रहेको छ।

यसको अतिरिक्त, पक्ष राष्ट्रहरुको मानव अधिकारको समग्र अवस्थाको बिना भेदभाव समान आधार र प्रकियामा प्रत्येक साढे चार वर्षमा हुने विश्वव्यापी आवधिक पुनरावलोकन अन्तर्गत नेपालको तेस्रो चक्रको पुनरावलोकन समेत सम्पन्न भइसकेको छ। कोभिड-१९ महामारीको कारणले भर्चुअल माध्यमबाट सम्पन्न भएको तेस्रो चक्रको पुनरावलोकन प्रक्रियामा मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनमा नेपालले गरेका कार्यहरुको प्रशंसा भएको थियो भने मानव अधिकारको क्षेत्रमा नेपालले गर्नसक्ने सुधारका विषयमा सकारात्मक सुझाव/पृष्ठपोषण

काठमाडौं, नेपाल

मुख्य सचिव

पनि प्राप्त भएको थियो। तिनै सिफारिशहरुको कार्यान्वयन गर्न विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र)बाट प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजना (२०७८-८२) समेत निर्माण गरी यसमा समेटिएको छ।

प्रस्तुत दुवै कार्ययोजनामा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरु र संविधानले प्रत्याभूत गरेका मौलिक हकहरुको कार्यान्वयनको लागि नेपाल राज्यको तर्फबाट व्यक्त प्रतिबद्धता समावेश गरिएको छ। दुवै कार्ययोजनाका उद्देश्य एवं तिनको आधारमा निर्धारित क्रियाकलापलाई व्यवहारमा प्रभावकारी रुपले कार्यान्वयन गर्न आवश्यक स्रोत, साधन र जनशक्तिको आवश्यकता हुन्छ। कार्ययोजना कार्यान्वयन गर्न जिम्मेवार निकाय यकीन गरिएको छ र यसका लागि आवश्यक पर्ने आर्थिक तथा भौतिक स्रोत साधन, कानूनी, नीतिगत एवं संस्थागत व्यवस्था गर्ने दायित्व सम्बन्धित जिम्मेवार निकाय एवं सहयोगी निकायको हुने गरी कार्ययोजनामा भूमिका स्पष्ट पारिएको छ।

कार्ययोजनामा उल्लिखित क्रियाकलापहरु विभिन्न विषय क्षेत्रसँग अन्तर-सम्बन्धित (Cross-cutting) भएकोले सो को प्रभावकारी कार्यान्वयनमा समन्वय र अनुगमनको महत्वपूर्ण भूमिका रहन्छ। दुवै कार्ययोजनामा साझा रुपमा संघ, प्रदेश, जिल्ला र स्थानीय तह गरी चार तहको समन्वय समिति रहने व्यवस्था गरिएको छ। प्रत्येक समन्वय समितिको बैठक छ/छ महिनामा बस्नुपर्ने र समन्वय समितिले प्रगति विवरण पनि आवधिक रुपमा पठाउनु पर्ने गरी व्यवस्था गरिएको छ। दुवै कार्ययोजना कार्यान्वयनको अनुगमन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय; संघीय संसदको प्रतिनिधिसभाको कानून, न्याय तथा मानव अधिकार समिति; राष्ट्रिय मानव अधिकार आयोग; संवैधानिक आयोग र निकाय; महान्यायाधिवक्ताको कार्यालय; प्रदेशसभाका समिति; स्थानीय तहको नगरसभा तथा गाउँसभा एवं नागरिक समाजबाट हुने व्यवस्था गरिएको छ।

प्रस्तुत कार्ययोजनाहरुको प्रभावकारी कार्यान्वयनबाट नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हकको उपभोग सुनिश्चित भई आर्थिक तथा सामाजिक दृष्टिले पछाडि परेका वर्ग र समुदायको संरक्षण र सशक्तीकरण हुने अपेक्षा गरिएको छ।

अन्त्यमा, दुवै कार्ययोजनाको तर्जुमा कार्यमा सक्रिय हुनु भएका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानून) एवं मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धिसम्झौता महाशाखामा कार्यरत सबै कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु।

धन्यवाद।

(शंकरदास वैरागी)

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।



पत्र संख्या :

च.नं. :

## प्राक्कथन

सम्मानित र मर्यादित मानव जीवनका लागि मानव अधिकारको प्रत्याभूति अनिवार्य शर्त हो। मानिसका प्राकृतिक, नैसर्गिक अधिकारको संरक्षण र सम्बर्द्धन आजको राज्यको सबैभन्दा प्राथमिक दायित्व मानिन्छ। संयुक्त राष्ट्रसंघबाट जारी भएको मानव अधिकारको विश्वव्यापी घोषणापत्र र त्यसपछि जारी भएका मानव अधिकार सम्बन्धी विभिन्न अनुबन्धहरुबाट व्यवस्थित अधिकारको प्रत्याभूति गर्नु संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रको दायित्व हो। नेपालले मानव अधिकार सम्बन्धी महत्वपूर्ण अन्तर्राष्ट्रिय अनुबन्धहरुको पक्ष बनेको मात्र नभई ती अनुबन्धमा स्वीकार गरिएका सबै मानव अधिकारलाई संविधानबाटै मौलिक हकको रुपमा पूर्ण प्रत्याभूत गरेको छ। नेपालको संविधानमा व्यवस्था भएका सबै मौलिक हकको कार्यान्वयनका लागि कानून समेत निर्माण भई कार्यान्वयनमा रहेका छन्।

संयुक्त राष्ट्रसंघको मानव अधिकार सम्मेलनले सन् १९९३ मा सदस्य राष्ट्रहरुलाई मानव अधिकारको संरक्षण र प्रवर्द्धनको लागि राष्ट्रिय कार्ययोजना तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न गरेको आव्हान स्वरुप नेपालले आ.व. २०६१।६२ मा पहिलो राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन गरेको हो। अहिले हामी मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.ब.२०७७।७८-२०८१।८२) स्वीकृत भई कार्यान्वयनको चरणमा छौं। यही कार्ययोजनामा संयुक्त रुपमा पक्ष राष्ट्रहरुले मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनका दायित्वहरु पूरा गर्न गरेका कार्यहरु, मानव अधिकारप्रति व्यक्त गरेका प्रतिबद्धता र उत्तरदायित्वहरुको पालनाको अवस्थाको बिना भेदभाव समान आधार र प्रकियामा हुने विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र)बाट नेपाललाई प्राप्त सिफारिशहरुको कार्यान्वयन कार्ययोजना (२०७८-८२) लाई समावेश गरेर मानव अधिकारको क्षेत्रमा एकीकृत कार्ययोजना निर्माण र कार्यान्वयनलाई जोड दिइएको छ।

यी कार्ययोजना तर्जुमा गर्दा नेपाल सरकारका मन्त्रालयहरु, नागरिक समाज, निजी क्षेत्र तथा अन्य सरोकारवालाहरुको राय, सल्लाह, सुझाव र परामर्श गरिएको छ। प्राप्त सुझावहरुलाई समावेश गरी यसलाई पूर्णता दिइएको छ।

यी कार्ययोजनाले मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनको माध्यमबाट समावेशी, मर्यादित र समतामूलक समाजको विकास गर्ने सोच राखेको छ भने मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्दै विधिको शासनको पूर्ण कार्यान्वयन गर्ने, नेपालको संविधान तथा कानूनद्वारा प्रत्याभूत मानव अधिकारको वास्तविक उपभोग गर्ने वातावरण सिर्जना गर्ने, मानव अधिकारप्रतिको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गर्ने, सार्वजनिक तथा निजी क्षेत्र एवं सामाजिक जीवनका सबै पक्षहरुमा मानव अधिकार संस्कृतिको प्रवर्द्धन गर्ने र संविधान प्रदत्त सामाजिक न्यायको हक कार्यान्वयनका लागि आर्थिक, सामाजिक तथा शैक्षिक दृष्टिले पछाडि परेका वर्ग, समुदायको संरक्षण र सशक्तीकरण गर्ने उद्देश्य लिएको छ।

दुवै कार्ययोजना बृहत सोच तालिका (log frame)मा उद्देश्य, क्रियाकलाप, जिम्मेवार निकाय, सहयोगी निकाय, समयसीमा, कार्य सम्पादन सूचक रहेका छन्। मानव अधिकार राष्ट्रिय कार्ययोजनामा शिक्षा, स्वास्थ्य, रोजगार,

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

आवास, खानेपानी, बाल अधिकार र बाल न्याय लगायतका आर्थिक तथा सामाजिक अधिकारका विषय शीर्षक अन्तर्गत विभिन्न क्रियाकलापहरु समेटिएका छन्। साथै विश्वव्यापी आवधिक पुनरावलोकन(तेस्रो चक्र) बाट प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजनामा अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष बन्ने तथा अन्तर्राष्ट्रिय संयन्त्रमा सहभागिता, विशेष समाधिकक्ष र अन्तर्राष्ट्रिय समुदायसित समन्वय, नागरिकता, विचारको स्वतन्त्रता, धार्मिक स्वतन्त्रता र भेला हुन पाउने अधिकार, मानव अधिकारकर्मीको सुरक्षा, गरिबी निवारण, लैङ्गिक हिंसा र जातीय भेदभावको अन्त्य, लैङ्गिक समानता, महिला बालबालिका विरुद्ध हुने भेदभावको अन्त्य तथा हानिकारक अभ्यास विरुद्ध सचेतना अभिवृद्धि, उजुरी गर्ने सुरक्षित वातावरण, महिला सशक्तीकरण तथा क्षमता अभिवृद्धि, यातना तथा गैर न्यायिक हत्या, संक्रमणकालीन न्याय, जलवायु परिवर्तन, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, खाद्य, खानेपानीका अधिकारको सुनिश्चितता सहित जीवनस्तरमा सुधार, आदिवासी समुदाय तथा अल्पसंख्यकको अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार, कोभिड-१९, राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य संवैधानिक आयोग, मानव अधिकार कार्ययोजना, कारागार सुधार, मानव बेचबिखन, दासत्व, बाल श्रम विरुद्धको अधिकारका विषय शीर्षक अन्तर्गत विभिन्न क्रियाकलापहरु समेटिएका छन्। दुवै कार्ययोजना कार्यान्वयन गर्न आवश्यक पर्ने आर्थिक तथा भौतिक स्रोत साधन, कानूनी, नीतिगत एवं संस्थागत व्यवस्था गर्ने दायित्व सम्बन्धित जिम्मेवार निकाय एवं सहयोगी निकायको हुने गरी स्पष्ट गरिएको छ।

मानव अधिकारका बहुआयामिक विषयवस्तुहरु समेटिएका यी कार्ययोजनाको कार्यान्वयनबाट संघीय संरचना अनुसारका मानव अधिकारका संयत्र कार्यमूलक भएको, संघ, प्रदेश र स्थानीय तहबाट सम्पन्न गरिने विकासका कार्यहरु अधिकारमा आधारित अवधारणा अनुरुप कार्यान्वयन भएको, समाजमा, व्यवहारमा विद्यमान सबै प्रकारका भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथाको न्यूनीकरण भएको एवं सार्वजनिक तथा निजी क्षेत्र तथा सामाजिक जीवनका सबै पक्षमा मानव अधिकारको सम्मान गर्ने संस्कृतिको विकास भएको हुने अपेक्षा यी कार्ययोजनाले लिएका छन्।

तसर्थ संघ, प्रदेश र स्थानीय तहका सम्बद्ध निकाय, नागरिक समाज, सञ्चारमाध्यम तथा अन्य सरोकारवालाहरुको सक्रिय सहयोग, समन्वय र सहकार्यमा दुवै कार्ययोजनाको सफल कार्यान्वयन आवश्यक छ।

अन्त्यमा, प्रस्तुत कार्ययोजनाहरु तर्जुमा कार्यमा सहयोग गर्नुहुने पूर्व सचिव श्री डिल्लीराज घिमिरे, सहसचिवद्वय श्री कोशलचन्द्र सुवेदी र श्री अरुणा जोशी, उपसचिव श्रद्धा रिजाल र शाखा अधिकृतहरु विश्वदीप वेस्रा, गोपाल बहादुर भट्टराई एवं दीपा परियारलगायत सबैलाई धन्यवाद दिन चाहन्छु।

धन्यवाद।

(धनराज ज्ञवाली)
सचिव

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# विषय-सूची

## परिच्छेद-१

## परिचय

१.१ पृष्ठभूमि............................................................................................१
१.२ मानव अधिकार संरक्षण सम्बन्धी व्यवस्था.......................................................१
१.२.१ संवैधानिक तथा नीतिगत व्यवस्था.............................................................१
१.२.२ कानूनी व्यवस्था...................................................................................२
१.२.३ संस्थागत व्यवस्था.................................................................................३
१.२.४ वर्तमान सरकारको प्राथमिकता तथा कार्यदिशा...............................................४
१.३ विगतका मानव अधिकार राष्ट्रिय कार्ययोजनाको समीक्षा........................................६
१.४ विश्वव्यापी आवधिक पुनरावलोकन (Universal Periodic Review) ..........................७

## परिच्छेद-२

## कार्ययोजनाका सोच र उद्देश्य

२.१ सोच.................................................................................................११
२.२ उद्देश्य..............................................................................................११

## परिच्छेद-३

## कार्ययोजनाका ढाँचा र समेटिएका विषय

३.१ कार्ययोजनाको ढाँचा.............................................................................१२
३.२ कार्ययोजनामा समेटिएका विषय.................................................................१२
३.२.१ मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनामा समेटिएका विषय............१२
३.२.१.१ शिक्षा.............................................................................................१५
३.२.१.२ स्वास्थ्य..........................................................................................१८
३.२.१.३ खाद्य अधिकार...................................................................................२४
३.२.१.४ आवास............................................................................................२६
३.२.१.५ श्रम, रोजगार तथा सामाजिक सुरक्षा..........................................................२८
३.२.१.६ बाल अधिकार र बाल न्याय...................................................................३४
३.२.१.७ सामाजिक न्याय.................................................................................३७
३.२.१.८ खानेपानी तथा सरसफाई........................................................................४६
३.२.१.९ लक्षित वर्गको संरक्षण, सशक्तिकरण र विकास..............................................४६
३.२.१.१० वातावरण र दीगो विकास......................................................................४९
३.२.१.११ सांस्कृतिक अधिकार...........................................................................५२
३.२.१.१२ कानूनी सुधार र न्याय प्रशासन...............................................................५४

३.२.१.१३ हिरासत तथा कारागार सुधार......................................................................५९
३.२.१.१४ संक्रमणकालीन न्याय.............................................................................६३
३.२.१.१५ राष्ट्रिय तथा संयुक्त राष्ट्रसंघीय निकायका सिफारिश/सुझाव कार्यान्वयन........६४
३.२.१.१६ मानव अधिकार शिक्षा...........................................................................६६
३.२.१.१७ संस्थागत सुदृढीकरण.............................................................................६८
३.२.२ विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र)बाट प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजनामा समेटिएका विषय.............................................................................७०
३.२.२.१ अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष बन्ने तथा अन्तर्राष्ट्रिय संयत्रमा सहभागिता, विशेष समाधिकक्ष र अन्तर्राष्ट्रिय समुदायसँग समन्वय.......................................................७०
३.२.२.२ नागरिकता, विचारको स्वतन्त्रता, धार्मिक स्वतन्त्रता र भेला हुन पाउने अधिकार...........................................................................................................७५
३.२.२.३ मानव अधिकारकर्मीको सुरक्षा...................................................................८१
३.२.२.४ गरिबी निवारण........................................................................................८३
३.२.२.५ लैङ्गिक हिंसा र जातिय भेदभावको अन्त्य, लैङ्गिक समानता...........................८७
३.२.२.६ महिला बालबालिका विरुद्ध हुने भेदभावको अन्त्य तथा हानिकारक अभ्यास विरुद्ध सचेतना अभिवृद्धि.............................................................................................९६
३.२.२.७ उजुरी गर्ने सुरक्षित वातावरण, महिला सशक्तिकरण तथा क्षमता अभिवृद्धि.......१०५
३.२.२.८ यातना तथा गैर न्यायिक हत्या...............................................................११०
३.२.२.९ संक्रमणकालीन न्याय............................................................................११०
३.२.२.१० जलवायु परिवर्तन..............................................................................११५
३.२.२.११ शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, खाद्य, खानेपानीका अधिकारको सुनिश्चितता सहित जीवनस्तरमा सुधार.............................................................११७
३.२.२.१२ आदिवासी समुदाय तथा अल्पसंख्यकको अधिकार.....................................१२९
३.२.२.१३ अपाङ्गता भएका व्यक्तिको अधिकार.....................................................१२९
३.२.२.१४ कोभिड-१९.........................................................................................१३२
३.२.२.१५ राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य संवैधानिक आयोग...................१३५
३.२.२.१६ मानव अधिकार कार्ययोजना.................................................................१३८
३.२.२.१७ कारागार सुधार..................................................................................१३८
३.२.२.१८ मानव बेचबिखन, दासत्व, बाल श्रम विरुद्धको अधिकार...........................१३९
३.२.२.१९ विविध...............................................................................................१४७

## परिच्छेद-४

## कार्ययोजनाका कार्यान्वयन, समन्वय र अनुगमन


४.१ कार्ययोजना कार्यान्वयनमा सम्बद्ध निकायको भूमिका......................................१५०

४.१.१ जिम्मेवार निकाय..............................................................................१५०
४.१.२ सहयोगी निकाय.................................................................................१५०
४.२ कार्ययोजना समन्वय संयन्त्र..................................................................१५०
४.२.१ संघीय समन्वय समिति.......................................................................१५०
४.२.२ प्रदेश समन्वय समिति........................................................................१५१
४.२.३ जिल्ला समन्वय समिति......................................................................१५२
४.२.४ स्थानीय तह समन्वय समिति...............................................................१५३
४.३ कार्ययोजना कार्यान्वयनको अनुगमन.........................................................१५४


## परिच्छेद-५

## कार्ययोजनाका सीमा र अपेक्षित उपलब्धि


५.१ सीमा...................................................................................................१५५
५.२ अपेक्षित उपलब्धि.....................................................................................१५५

# परिच्छेद-१

## परिचय

### १.१ पृष्ठभूमि

मानव अधिकार मानव जीवनको निमित्त अपरिहार्य, प्राकृतिक, नैसर्गिक र अहरणीय अधिकार हो। मानव भएर सम्मानपूर्वक बाँच्न आवश्यक पर्ने आधारभूत अधिकारहरु मानव अधिकारभित्र पर्ने भएकोले मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन नै हरेक सभ्य राष्ट्र र समाजको मूल उद्देश्य रही आएको छ। मानव अधिकार बिना मानवीय मर्यादा, मूल्य, मान्यता र मानव सभ्यताको संरक्षण हुन नसक्ने यथार्थतालाई महसुस गरी यस क्षेत्रमा राष्ट्रियस्तरमा मात्रै होइन अन्तर्राष्ट्रिय स्तरमा समेत विभिन्न कार्यहरु भएका छन् र विभिन्न संयन्त्रहरु स्थापित गरिएका छन् ।

मानव अधिकारलाई शान्ति र विकासको मूल आधारका रूपमा स्वीकार गर्दै संयुक्त राष्ट्र सङ्घको महासभाले १० डिसेम्बर १९४८ का दिन मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको थियो। सो घोषणापत्रबाट मानवका जन्मसिद्ध एवं नैसर्गिक अधिकारलाई मानव अधिकारको रूपमा परिभाषित गरिएको छ। संयुक्त राष्ट्र संघको बडापत्र र मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई आधार मानेर मानव अधिकारका विविध पक्षलाई समेट्ने गरी संयुक्त राष्ट्र सङ्घद्वारा मानव अधिकार सम्बन्धी विभिन्न महासन्धि र अनुवन्धहरु जारी हुँदै आएका छन्। यसै क्रममा अष्ट्रियाको भियनामा सन् १९९३ मा सम्पन्न संयुक्त राष्ट्र सङ्घीय विश्व मानव अधिकार सम्मेलनले संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूलाई विश्वमा मानव अधिकार संस्कृतिको विकासका लागि सहकार्य गर्न एवं मानव अधिकारको संरक्षण र प्रवर्द्धनको लागि राष्ट्रिय कार्ययोजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न आह्वान गरेको थियो ।

नेपालले संयुक्त राष्ट्र सङ्घको सदस्य भए पश्चात् मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनको कार्यमा अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाउँदै सोका लागि नीतिगत, कानूनी र संस्थागत व्यवस्था गर्दै आएको छ। नेपाल मानव अधिकार सम्बन्धी सात वटा मुख्य महासन्धि र अन्य विभिन्न महासन्धिको पक्ष राष्ट्र भैसकेको छ। विश्व मानव अधिकार सम्मेलनको सो आह्वानलाई समेत दृष्टिगत गरी नेपाल सरकारले नागरिक समाज एवं निजी क्षेत्र समेतको परामर्शमा मानव अधिकारको क्षेत्रमा राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। यस अन्तर्गत आ.व. २०६१/०६२ देखि आ.व. २०७५/७६ सम्म चार वटा आवधिक राष्ट्रिय कार्ययोजना कार्यान्वयन भइसकेका छन्।

### १.२ मानव अधिकार संरक्षण सम्बन्धी व्यवस्था

१.२.१ संवैधानिक तथा नीतिगत व्यवस्था

नेपालको संविधानले विभिन्न नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। धारा १६ देखि ४६ सम्म विभिन्न ३१ किसिमका मौलिक हकको व्यवस्था गरिएको छ। त्यस्ता मौलिक हकमा सम्मानपूर्वक बाँच्न पाउने हक,

स्वतन्त्रताको हक, समानताको हक, सञ्चारको हक, न्याय सम्बन्धी हक, अपराध पीडितको हक, यातना विरुद्धको हक, निवारक नजरबन्द विरुद्धको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनीयताको हक, शोषण विरुद्धको हक, स्वच्छ वातावरणको हक, शिक्षा सम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, आवासको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, उपभोक्ताको हक, देश निकाला विरुद्धको हक र संवैधानिक उपचारको हकलाई समेटिएको छ। साथै, संविधानद्वारा प्रदत्त मौलिक हक एवं उपचारको वैकल्पिक व्यवस्था नभएको कानूनी हकको प्रचलनको लागि उपयुक्त आदेश जारी गर्ने अधिकार सर्वोच्च अदालत र उच्च अदालतलाई प्रदान गरिएको छ।

साथै, नेपालको संविधानले नागरिकका देहाय बमोजिमका कर्तव्य हुने व्यवस्था गरेको छः-

(क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
(ख) संविधान र कानूनको पालना गर्नु,
(ग) राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
(घ) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु।

मानव अधिकारको मूल्य, मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्ने तथा मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्दै विधिको शासन कायम राख्ने र अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन गर्ने जस्ता विषय राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत समेटिएका छन्।

### १.२.२ कानूनी व्यवस्था

नेपालको संविधानद्वारा प्रत्याभूत मौलिक हकको कार्यान्वयनको लागि विभिन्न नयाँ कानूनी व्यवस्था गरिएका छन्। यस बाहेक मुलुकमा प्रचलनमा रहेका धेरै कानूनहरु प्रत्यक्ष वा परोक्ष रुपमा व्यक्तिका हक, अधिकारको सुनिश्चिततासँग स्वाभाविक रुपले सम्बन्धित हुन्छन्। खासगरी देहायका ऐनहरु मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्न प्रत्यक्ष रुपमा सम्बन्धित रहेका छन् :-

वातावरण संरक्षण ऐन, २०७६, वन ऐन, २०७६, जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६, उपभोक्ता संरक्षण ऐन, २०७५, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५, अपराध पीडित संरक्षण ऐन, २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य सेवा ऐन, २०७५, आवासको अधिकार सम्बन्धी ऐन, २०७५, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५, वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, राष्ट्रिय सभा निर्वाचन ऐन, २०७५, सामाजिक सुरक्षा ऐन, २०७५, रोजगारीको हक सम्बन्धी ऐन, २०७५, मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, मुलुकी देवानी संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन)

ऐन, २०७४, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४, श्रम ऐन, २०७४, आदिवासी जनजाति आयोग ऐन, २०७४, राष्ट्रिय दलित आयोग ऐन, २०७४, राष्ट्रिय समावेशी आयोग ऐन, २०७४, मधेसी आयोग ऐन, २०७४, महिला आयोग ऐन, २०७४, थारु आयोग ऐन, २०७४, मुस्लिम आयोग ऐन, २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राजनीतिक दल सम्बन्धी ऐन, २०७३, स्थानीय तह निर्वाचन ऐन, २०७३, मतदाता नामावली ऐन, २०७३, निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३, न्याय प्रशासन ऐन, २०७३, बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन,२०६८, फोहरमैला व्यवस्थापन ऐन, २०६८, सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८, घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६, वैदेशिक रोजगारी ऐन, २०६४, सूचनाको हक सम्बन्धी ऐन, २०६४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, नागरिकता ऐन, २०६३, ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३, सैनिक ऐन, २०६३, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३, प्रतिलिपि अधिकार सम्बन्धी ऐन, २०५९, कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६, पशु बधशाला तथा मासु जाँच ऐन, २०५५, आयोडिनयुक्त नून (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५, कानूनी सहायता ऐन, २०५४, यातना तथा क्षतिपूर्ति ऐन, २०५३, अध्यागमन ऐन, २०४९, आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९, निजामती सेवा ऐन, २०४९, राष्ट्रिय प्रसारण ऐन, २०४९, समाज कल्याण परिषद् ऐन, २०४९, जलस्रोत ऐन, २०४९, ट्रेड युनियन ऐन, २०४९, छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८, सार्वजनिक सुरक्षा ऐन, २०४६, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५, भू तथा जलाधार संरक्षण ऐन, २०३९, सङ्घ संस्था दर्ता ऐन, २०३४, जन्म, मृत्यु तथा व्यक्तिगत घटना दर्ता ऐन, २०३३, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, शिक्षा ऐन, २०२८, खाद्य ऐन, २०२३, भूमि सम्बन्धी ऐन, २०२१, छात्रवृत्ति सम्बन्धी ऐन, २०२१, कारागार ऐन, २०१९, हातहतियार खरखजाना ऐन, २०१९, आवश्यक पदार्थ (नियन्त्रण) अधिकार ऐन, २०१७, आवश्यक सेवा सञ्चालन ऐन, २०१४, आवश्यक वस्तु संरक्षण ऐन, २०१२ ।

१.२.३ संस्थागत व्यवस्था

मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न मूलतः देहाय बमोजिमका संस्थागत व्यवस्था रहेका छन्ः-

१. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं अन्य सम्वद्ध मन्त्रालय र निकाय,

२. प्रदेश सरकार एवं अन्य सम्वद्ध मन्त्रालय र निकाय,

३. स्थानीय तह,

४. सङ्घीय संसदका समिति,

५. प्रदेशसभाका समिति,

६. अदालतहरु,

७. राष्ट्रिय मानव अधिकार आयोग,

८. महान्यायाधिवक्ताको कार्यालय,

९. राष्ट्रिय महिला आयोग,

१०. राष्ट्रिय दलित आयोग,

११. राष्ट्रिय समावेशी आयोग,

१२. आदिवासी जनजाति आयोग,

१३. मधेसी आयोग,

१४. थारु आयोग,

१५. मुस्लिम आयोग।

१.२.४ वर्तमान सरकारको प्राथमिकता तथा कार्यदिशा

हामीले स्वतन्त्रतापूर्वक मानवोचित जीवन बाँच्ने नागरिकको अधिकारको सुनिश्चितताका लागि अत्यन्त लामो राजनीतिक संघर्षबाट आम जनताको पूर्ण सहभागिता र समर्थनमा लोकतान्त्रिक संविधान जारी गरेपछि त्यो राजनीतिक संघर्षको अन्त्य गरेका छौं। अबको हाम्रो सम्पूर्ण ध्यान र प्रयास आर्थिक समानता, सामाजिक न्याय, समानुपातिक समावेशिता र सहभागिताको सिद्धान्तका आधारमा राजनैतिक लोकतन्त्र मात्र नभई सम्पूर्ण लोकतन्त्र (Comprehensive Democracy) को मान्यतामा आधारित भई समतामूलक समाजको विकास गर्दै समृद्ध राष्ट्र निर्माण गर्ने नेपाली जनताको आकांक्षा परिपूर्ति गर्नमा केन्द्रित भएका छन्। वर्तमान सरकार मानव अधिकारको कोरा घोषणा होइन कि नागरिकको सुरक्षा र सम्मानपूर्वक बाँच्न पाउने हकलाई सर्वोपरि महत्व दिँदै सो कुराको पूर्ण प्रत्याभूतिमा मात्र अन्य हकहरुको कार्यान्वयन संभव हुन्छ भन्ने मान्यता राख्दछ। यही मान्यता समेतलाई आधार मानी विभिन्न नीतिगत, योजनागत, कानूनी र संस्थागत उपायहरु अवलम्वन गरिएका छन्। सुखको प्राप्ति र संरक्षणको प्रत्याभूतिका लागि नागरिकका जैविक तथा सामाजिक र कानूनी मान्यतामा आधारित न्यायोचित आवश्यकता परिपूर्ति गर्दै मर्यादित, सम्मानित, सुविधासम्पन्न, समृद्ध जीवनयापन गर्न सक्ने मानव अधिकार संस्कृतिमैत्री नेपाली समाजको निर्माणमा यी उपायहरु निर्देशित छन् ।

नेपाल सरकारले स्वस्थ, गुणस्तरीय र जीवनोपयोगी शिक्षा, उत्पादनशील र मर्यादित रोजगारीमा आबद्ध मानव पूँजीको निर्माण र त्यस्तो मानव पूँजीको पूर्ण उपयोग, उच्च र दीगो उत्पादन र

उत्पादकत्व, उच्च र समतामूलक राष्ट्रिय आय एवं सर्वसुलभ आधुनिक पूर्वाधार एवं अन्तर आवद्धतालाई समृद्धिका आधारहरुको रुपमा पहिचान गरेको छ। त्यसैगरी सुशासन, स्वस्थ र सन्तुलित पर्यावरण, सबल लोकतन्त्र, राष्ट्रिय एकता, सुरक्षा र सम्मानयुक्त परिष्कृत र मर्यादित मानव जीवन सहितको सुरक्षित, सभ्य र न्यायपूर्ण समाजलाई सुखी समाजको रुपमा लिएको छ। स्वस्थ तथा सन्तुष्ट जीवन, सुरक्षित र सुविधासम्पन्न आवास, भौतिक सुविधा र सम्पत्ति उपरको समतामूलक पहुँच, विभेद, हिंसा र अपराधमुक्त समाज, सामाजिक र सांस्कृतिक विविधताको सम्मान र संरक्षण, स्वच्छ र सन्तुलित पर्यावरण, सुशासन, कानूनी शासन, पारदर्शीता र जवाफदेहिता, राष्ट्रिय एकता र सम्मान, परिस्कृत र मर्यादित जीवनका पूर्वशर्त हुन्। नेपाल सरकारका सबै प्रयासहरु यी पूर्वशर्त हासिल गर्नमा केन्द्रित छन् र त्यसको लागि विभिन्न विशेष कार्यक्रमहरु समेत सञ्चालन भईरहेका छन्।

यसै अवधारणा अनुरुप, पहिचान गरिएका गरिब तथा विपन्न घरपरिवारलाई राज्य सुविधा परिचयपत्र वितरण गरी गरिब तथा विपन्न घरपरिवार लक्षित सेवा सुविधालाई सोही परिचयपत्रसँग आवद्ध गरिने नीति लिइएको छ। अनिवार्य तथा निःशुल्क शिक्षाको आधारमा विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न बालबालिका विद्यालय भर्ना अभियान प्रभावकारी ढंगले सञ्चालन गरिएको छ। कक्षा छाड्ने समस्या समाधान गर्न र विद्यालयमा विद्यार्थी टिकाई राख्नका लागि आधारभूत तहका बालबालिकालाई दिवा खाजा, अपाङ्गता भएका बालबालिका एवं विपन्न लक्षित छात्रवृत्ति र स्थानीय स्वास्थ्य केन्द्रमा आधारित स्वास्थ्य परीक्षण र उपचार जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी सम्बोधन गरिएको छ। एक विद्यालय एक वाल विकास केन्द्र, सामुदायिक विद्यालयमा स्वास्थ्य परिचारिका कार्यक्रम, डिस्टेन्ट लर्निङ्को व्यवस्था गरिएको छ। "शिक्षासँगै सीप " भन्ने अभियानका साथ माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई सीपमुलक तालिम प्रदान गर्ने गरी पाठ्यक्रम विकासको व्यवस्था गरिएको छ। "पढ्दै कमाउँदै" कार्यक्रमलाई थप विद्यालयहरुमा विस्तार गरिएको छ। सबै विद्यालयमा खानेपानी, सरसफाई र महिलाको लागि बेग्लै शौचालयको व्यवस्था गरिएको छ। देशभरका सबै सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुलाई सेनेटरी प्याड निःशुल्क उपलव्ध गराइएको छ। सडक वालवालिकाको समस्या निराकरण गरी सडक वालवालिका विहिन मुलुकको रुपमा स्थापित गरिएको छ।

सर्वसुलभ र गुणस्तरीय स्वास्थ्यमा आम नागरिकको पहुँच सुनिश्चित गर्न "एक स्थानीय तह एक स्वास्थ्य संस्था", ज्येष्ठ नागरिक निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम, क्यान्सर, मृगौंला र स्पाइनल इन्जुरीका बिरामीलाई भत्ता दिने लगायतका कार्यक्रमहरु सञ्चालन गरिएका छन्।

रोजगारीको सुनिश्चितताको लागि "एक घरपरिवार, एक रोजगार", "एक बस्ती एक आर्थिक पहिचान", "श्रमको सम्मान राष्ट्रिय अभियान", प्रधानमन्त्री रोजगार कार्यक्रम, राष्ट्रपति महिला उत्थान कार्यक्रम, न्यूनतम रोजगारीको व्यवस्था, आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम, किसानसँग सरकार कार्यक्रम, प्रधानमन्त्री नेपाली उत्पादन एवं उपभोग अभिवृद्धि कार्यक्रम, उद्यमशिलता विकास गर्न कर्जामा ब्याज अनुदान, महिला उद्यमशिलता विकास कार्यक्रम, उद्यमी गृहिणी कार्यक्रम , महिला पहिला

कार्यक्रम, अति विपन्न गरिब परिवारलाई प्रति परिवारका दरले राहत दिने लगायतका कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ ।

आफ्नो वा परिवारको स्वामित्वमा घर, जग्गा नभएको र आफ्नो वा परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट आवासको प्रवन्ध गर्न नसक्ने असमर्थ व्यक्ति वा परिवारको लागि आवासको व्यवस्था गरिएको र प्रधानमन्त्री जनता आवास जस्ता कार्यक्रमहरु संचालन गरिएका छन् ।

यी दुवै कार्ययोजनाको प्रभावकारी कार्यान्वयनवाट नेपाली नागरिकको आर्थिक, सामाजिक, सांस्कृतिक तथा नागरिक एवं राजनैतिक अधिकारको पूर्ण उपभोगको प्रत्याभूति सुनिश्चित गरी समृद्ध राष्ट्रको आकांक्षा हासिल गरिनेछ।

## १.३ विगतका मानव अधिकार राष्ट्रिय कार्ययोजनाको समीक्षा

मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनबाट नेपालमा मानव अधिकारको सचेतना अभिवृद्धिमा महत्वपूर्ण योगदान पुग्नुका साथै मानव अधिकारमुखी कानून, नीति, योजना र कार्यक्रम तर्जुमा गर्ने परिपाटी विकास भएको छ। सबल नीतिगत, कानूनी र संस्थागत व्यवस्था निर्माण भएका छन्। राज्यका विभिन्न निकाय एवं पदाधिकारीबाट मानव अधिकारका विश्वव्यापी मूल्य, मान्यता र आदर्शलाई आधार मानी कार्य गर्ने संस्कृतिको विकास भइरहेको छ।

चौथो राष्ट्रिय कार्ययोजनाको अन्त्यसम्म आइपुग्दा विश्वव्यापी रुपमा मानव अधिकारको रुपमा स्वीकार गरिएका सबै अधिकारहरुलाई मौलिक हककै रुपमा संवैधानिक प्रत्याभूति सहित त्यस्ता हकको कार्यान्वयन गर्न आवश्यक कानूनी व्यवस्था गरिएको छ। यो संवैधानिक र कानूनी प्रबन्ध पछि नेपाल नागरिक र राजनीतिक मात्र होइन शिक्षा, स्वास्थ्य, रोजगार, आवास, खानेपानी, वातावरण जस्ता आर्थिक र सामाजिक अधिकारलाई समेत मौलिक हकको रुपमा संवैधानिक प्रत्याभूति दिने अत्यन्त कम मुलुकहरुको सूचीमा समावेश भएको छ। संविधान एवं कानूनद्वारा संरक्षित मानव अधिकारको कार्यान्वयनको अनुगमन गर्ने, मानव अधिकार उल्लंघनमा अनुसन्धान गर्ने लगायतका कार्य गर्ने स्वतन्त्र र सक्षम संवैधानिक आयोगको व्यवस्था तथा न्याय सम्पादनका लागि स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरी मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्ने कार्य हुँदै आएका छन्। सामाजिक, आर्थिक तथा सांस्कृतिक रुपमा पछाडि परेका वर्ग एवं समुदायका नागरिकको मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि कानूनी र संस्थागत व्यवस्था गरी समावेशीकरणको कार्यान्वयन व्यवहारिक रुपमै सुनिश्चित गरिएको छ।

सामाजिक भेदभाव, छुवाछुत, लैङ्गिक हिंसा, बोक्सा बोक्सी, झुमा, बालबिवाह, छाउपडी, दाइजो जस्ता सबै प्रकारका कुप्रथा कानून बमोजिम दण्डनीय बनाइएका छन् तथापि संरचनात्मक रुपमा नै जरा गाडेर बसेका केही कुप्रथा तथा मुलुकको विकट भौगोलिक संरचना, पूर्वाधार एवं सेवा सुविधाको सहज उपलब्धताको कमी जस्ता कुराहरु मानव अधिकारको वास्तविक उपभोगको प्रत्याभूतिको लागि अहिले पनि

प्रमुख समस्याको रुपमा रहेका छन्। मानव अधिकारको सचेतनामा यथेष्ट अभिवृद्धि भएको भए तापनि सेवाग्राही अधिकारका धारक हुन् भन्ने संस्कृतिको विकास कर्तव्य वाहकहरुमा अपेक्षित रुपमा हुन नसक्नु जस्ता विषय पनि समस्याका रुपमा रहेका छन्। संविधान, कानून र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप दण्डहीनताको अन्त्य र प्रभावकारी रुपमा कानूनको परिपालना गर्ने संस्कारको विकास गर्ने, विकास निर्माण सम्बन्धी क्रियाकलापलाई मानव अधिकारमैत्री बनाउन कर्तव्य वाहक र अधिकारका धारकबीच प्रभावकारी समन्वय र साझेदारी निर्माण गर्ने विषय पनि चुनौतिका रुपमा रहेका छन्।

मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गरी मानव अधिकार संस्कृतिको विकास गर्दै नेपालको संविधान तथा कानूनले व्यवस्था गरेका दायित्व पूरा गर्न र नेपालद्वारा अन्तर्राष्ट्रिय स्तरमा व्यक्त प्रतिबद्धता पूरा गर्न विगतमा जस्तै मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन गर्न आवश्यक देखिएको छ । मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनको विषय संघ, प्रदेश र स्थानीय तह सबैको दायित्व रहेको र बहुआयामिक विषय समेत भएको तथ्यलाई दृष्टिगत गरी सातवटै प्रदेशमा प्रदेश सरकार, स्थानीय तह, नागरिक समाजका प्रतिनिधि, राष्ट्रिय मानव अधिकार आयोग, प्रतिनिधिसभाको कानून, न्याय तथा मानव अधिकार समिति, राष्ट्रिय योजना आयोग र विकास साझेदारहरुसँग अन्तरक्रिया एवं परामर्श गरी नेपाल सरकारले प्रस्तुत मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना तर्जुमा गरी लागू गरेको छ।

## १.४ विश्वव्यापी आवधिक पुनरावलोकन (Universal Periodic Review)

संयुक्त राष्ट्रसङ्घको महासभाले १५ मार्च २००६ मा प्रस्ताव नं ६०/२५१ पारित गरी सदस्य राष्ट्रहरुमा मानव अधिकार र आधारभूत स्वतन्त्रताहरु बिना भेदभाव सबैलाई समान रुपमा उपलब्ध हुने गरी मानव अधिकारको संरक्षण र सम्वर्द्धनको कार्य गर्न महासभाको Subsidiary Organ को रुपमा मानव अधिकार परिषद् (Human Right Council) को स्थापना भएको हो। बिना भेदभाव र समान रुपमा सबै मानव अधिकारको संरक्षण र मौलिक स्वतन्त्रताको सम्मान र प्रवर्द्धन गर्नु, मानव अधिकारको उल्लंघन भएको अवस्थामा त्यसलाई सम्बोधन गर्नु र आवश्यक सिफारिश गर्नु मानव अधिकार परिषद्को मुख्य उद्देश्य रहेको छ। आफ्ना यी उद्देश्य पूरा गर्न मानव अधिकार परिषद्ले मानव अधिकार शिक्षाको प्रवर्द्धनका साथै प्राविधिक सहयोग, क्षमता अभिवृद्धिका लागि सहयोग गर्ने; मानव अधिकारका सबै विषयमा संवाद गर्ने थलोको रुपमा कार्य गर्ने; मानव अधिकारको क्षेत्रमा अन्तर्राष्ट्रिय कानूनको विकासका लागि महासभालाई सिफारिश गर्ने; पक्ष राष्ट्रहरुले मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनका दायित्वहरु पूरा गर्न गरेका कार्यहरुको वस्तुगत र विश्वसनीय सूचनाको आधारमा आवधिक रुपमा सबै देशहरुको बिना भेदभाव समान आधार र प्रकियाको आधारमा पुनरावलोकन गर्ने, मानव अधिकार उल्लंघनका घटना हुन नदिन संवाद र समन्वय गर्ने र मानव अधिकार उल्लंघनको आपतकालीन अवस्था (Human Right Emergencies)मा यथाशीघ्र प्रतिक्रिया गर्ने; मानव अधिकारको क्षेत्रमा सरकार, क्षेत्रगत संस्था, राष्ट्रिय मानव अधिकार संस्था र नागरिक समाजसँग सहकार्य र समन्वय गर्ने; मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि सिफारिशहरु गर्ने र वार्षिक प्रतिवेदन महासभामा पेश गर्ने जस्ता कार्यहरु गर्दै आएको छ।

पक्ष राष्ट्रहरुले मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनका दायित्वहरु पूरा गर्न गरेका कार्यहरुको वस्तुगत र विश्वसनीय सूचनाको आधारमा आवधिक रुपमा सबै देशहरुको बिना भेदभाव समान आधार र प्रकियाको आधारमा पुनरावलोकन गर्ने गरी सन् २००८ देखि विश्वव्यापी आवधिक पुनरावलोकन (Universal Periodic Review) पद्धतिको व्यवस्था गरी पुनरावलोकनको कार्य भई आएको छ। उक्त पुनरावलोकन गर्ने प्रयोजनार्थ प्रत्येक मुलुकले प्रत्येक ४.५ वर्षमा आफ्नो मुलुकमा रहेको मानव अधिकारको स्थितिको प्रतिवेदन तयार गरी संयुक्त राष्ट्रसंङ्घीय मानव अधिकार परिषद्मा पेश गर्नुपर्ने हुन्छ। पुनरावलोकन गर्दा लिइने आधारहरुमा संयुक्त राष्ट्र सङ्घको वडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, राज्य पक्ष भएका मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरु, स्वेच्छिक रुपमा राष्ट्रद्वारा व्यक्त गरिएका भनाई र प्रतिवद्धताहरु रहेका छन्।

विश्वव्यापी आवधिक पुनरावलोकन गर्नका लागि विशेष गरेर तीन किसिमका प्रतिवेदन तयार हुने गर्दछन्। पहिलो प्रत्येक राष्ट्रको तर्फबाट प्रस्तुत गर्ने राष्ट्रिय प्रतिवेदन (Country Report), दोस्रो मानव अधिकारसँग सम्बद्ध स्वतन्त्र राष्ट्रिय निकायहरु एवं गैरसरकारी संघसंस्थाहरुले पेश गर्ने प्रतिवेदन (Summary of Stakeholders) तथा तेस्रो संयुक्त राष्ट्रसङ्घीय प्रणाली अन्तर्गतका निकायहरुले तयार गरेको प्रतिवेदन (UN Compilation)। यी प्रतिवेदनहरु मध्ये संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्मा सरकारको तर्फबाट पेश गरिने प्रतिवेदनमा आधारित रही पुनरावलोकन हुने गर्दछ।

नेपालको पहिलो चक्रको विश्वव्यापी आवधिक पुनरावलोकन सन् २०११ मा र दोस्रो चक्रको पुनरावलोकन सन् २०१५ मा सम्पन्न भएको थियो। पहिलो चक्रको पुनरावलोकनमा नेपाललाई १३५ वटा सिफारिशहरु प्राप्त भएका थिए। ती सिफारिशहरु मध्ये ११४ वटा सिफारिशहरु नेपालले स्वीकार (Supported) गरेको थियो भने २१ वटा सिफारिशहरु जानकारीमा लिइएको (noted) थियो। त्यसैगरी, दोस्रो चक्रको पुनरावलोकनबाट प्राप्त जम्मा १९५ वटा सिफारिशहरु मध्ये १५२ वटा सिफारिशहरु नेपालले स्वीकार (Supported) गरेको थियो भने ४३ वटा सिफारिशहरु जानकारीमा लिइएको (noted) थियो।

नेपालको तेस्रो चक्रको पुनरावलोकन कार्यको लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७।०८।३० को निर्णयानुसार माननीय परराष्ट्र मन्त्रीको अध्यक्षतामा विभिन्न मन्त्रालयका सचिवहरु सहितको एक उच्चस्तरीय प्रतिनिधिमण्डल गठन भएको थियो। उक्त पुनरावलोकनका लागि प्रतिवेदन तयार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा हेर्ने सहसचिवको संयोजकत्वमा मस्यौदा समिति गठन भएको थियो। उक्त समितिले विभिन्न मन्त्रालयहरुबाट प्राप्त सूचना तथा तथ्याङ्क संकलन गरी प्रारम्भिक मस्यौदा तयार गरी उल्लेखित प्रारम्भिक मस्यौदामा पुनः राय/प्रतिक्रियाका लागि सम्बन्धित सम्पूर्ण मन्त्रालय तथा निकाय, राष्ट्रिय मानव अधिकार आयोग, मानव अधिकारसँग सम्बन्धित अन्य संवैधानिक आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको र प्राप्त राय प्रतिक्रियाका आधारमा प्रतिवेदनमा आवश्यक परिमार्जन गरिएको थियो। साथै, उक्त प्रतिवेदन तयार गर्दा बृहत अन्तरक्रिया एवं छलफललाई विशेष प्राथमिकता दिनुपर्ने र उक्त अन्तरक्रियाबाट प्राप्त सुझावलाई दृष्टिगत गरी प्रतिवेदन तयार गर्नु पर्ने कार्यविधि अनुरुप कोभिड-१९

महामारीको अवस्थालाई मध्यनजर गर्दै नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नागरिक समाजसँग सहकार्य गरी भर्चुअल माध्यमबाट गैरसरकारी संघ/संस्थाका ७०० भन्दा बढी प्रतिनिधिहरुसँग सातवटै प्रदेश तथा राष्ट्रियस्तरमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरी प्रतिवेदनमा पृष्ठपोषण प्राप्त गरिएको थियो। त्यसैगरी, परिमार्जित प्रतिवेदन उपर सङ्घीय संसद्, प्रतिनिधिसभाको कानून, न्याय तथा मानव अधिकार समितिमा दुई पटक बैठक बसी छलफल गरिएको थियो। मस्यौदा प्रतिवेदनमा समितिबाट प्राप्त लिखित राय/प्रतिक्रियाहरुलाई समेत समेटिएको थियो।

उल्लेखित प्रतिवेदन १०,७०० शब्दमा नबढाई तयार गर्नुपर्ने भएको हुँदा दोस्रो चक्रको पुनरावलोकन हुँदा प्राप्त सिफारिशमध्ये स्वीकार गरिएका सिफारिशहरु कार्यान्वयन अवस्थालाई समेट्दै विश्वव्यापी आवधिक पुनरावलोकन (दोस्रो चक्र) को पुनरावलोकन देखि अगस्त २०२० सम्म नेपालले मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनको क्षेत्रमा गरेका कार्य एवं उपलब्धि यथार्थपरक रुपमा समेटिएको थियो। यसरी तयार पारिएको तेस्रो चक्रको विश्वव्यापी आवधिक राष्ट्रिय प्रतिवेदन मन्त्रिपरिषद्बाट स्वीकृत भई १२ अक्टोबर २०२० मा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्मा पेश गरिएको थियो।

नेपालको तेस्रो चक्रको पुनरावलोकन सन् २०२० को नोभेम्बरमा हुने गरी निर्धारण भएकोमा कोभिड-१९ को कारणले मानव अधिकार परिषद्ले २१ जनवरी २०२१ मा पुनरावलोकन गर्ने गरी कार्यतालिका संशोधन गरेको थियो। सोही बमोजिम नेपालको तेस्रो चक्रको विश्वव्यापी आवधिक पुनरावलोकन २१ जनवरी २०२१ मा Hybrid Modalities मा सम्पन्न भयो। कोभिड-१९ को महामारीको कारणले राज्यको प्रतिनिधिमण्डल प्रत्यक्षरुपमा मानव अधिकार परिषद्मा उपस्थित भएर छलफल गर्न सम्भव नभएको हुँदा Hybrid Modalities को व्यवस्था बमोजिम संयुक्त राष्ट्र सङ्घका लागि नेपालको स्थायी नियोग जेनेभाका राजदूत प्रत्यक्ष सहभागी भई तथा अन्य प्रतिनिधिमण्डलले नेपालबाटै भर्चुअल माध्यमबाट सहभागी भई पुनरावलोकन कार्य सम्पन्न भएको थियो।

तेस्रो चक्रको पुनरावलोकनमा नेपाल सरकारलाई प्राप्त भएका जम्मा २३३ वटा सिफारिशहरुमध्ये नेपाल सरकारले १९६ वटा सिफारिशहरु स्वीकार गरेको (Supported) र ३७ वटा सिफारिशहरु जानकारीमा लिएको (Noted) थियो। नेपालको तेस्रो चक्रको विश्वव्यापी आवधिक पुनरावलोकन प्रतिवेदन ८ जुलाई २०२१ मा संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार परिषद्ले पारित गरेको थियो।

विश्वव्यापी आवधिक पुनरावलोकनबाट प्राप्त सिफारिश कार्यान्वयनका लागि नेपाल सरकारले सिफारिश कार्यान्वयन कार्ययोजना बनाई कार्यान्वयन गर्दै आएको छ। यही क्रममा तेस्रो चक्रको पुनरावलोकनको क्रममा प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजना बनाउन प्रतिवद्धता गरे बमोजिम विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजना (२०७८-८२) तयार भएको छ।

तेस्रो चक्रमा स्वीकार गरेका सिफारिशमध्ये केही सिफारिश कार्यान्वयन भईसकेका छन् भने अधिकांश सिफारिश कार्यान्वयनको चरणमा रहेका छन्। साथै, अधिकांश सिफारिश मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना तथा क्षेत्रगत नीति तथा कार्ययोजनामा समेत समावेश भईसकेका छन्। यस परिप्रेक्ष्यमा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजना (२०७८-८२), मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.ब.२०७७।७८-२०८१।८२) तथा क्षेत्रगत

कार्ययोजनाहरु एक अर्काका परिपूरक (complementary) को रुपमा कार्यान्वयन हुनेछन्।यस सन्दर्भमा प्रस्तुत संयुक्त कार्ययोजनामा दुईवटा बृहत तालिका (log frame) को ढाँचामा प्रस्तुत गरिएको छ। कार्ययोजनामा जिम्मेवार निकाय तथा सहयोगी निकाय तोकिएका छन्। जिम्मेवार निकायले विषयको गाम्भीर्यता तथा आवश्यकता बमोजिम अन्य मन्त्रालय, निकायबाट पनि आवश्यक सहयोगको लागि अनुरोध गरी सिफारिश कार्यान्वयनको क्रियाकलाप सम्पन्न गर्न सक्नेछ। कार्ययोजना कार्यान्वयनको लागि आवश्यक आर्थिक स्रोत तथा साधन तत् तत् निकायको वार्षिक कार्यक्रममा समावेश गरिने छ। प्रत्येक निकायको निमित्त निर्दिष्ट गरिएको कार्यका लागि तत् तत् निकायमा विनियोजन भएको रकमबाट व्यवस्थापन गर्नु पर्नेछ। राज्यका तीनवटै तहले नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यी कार्ययोजनालाई मार्गदर्शनको रुपमा लिनु पर्नेछ।

# परिच्छेद-२

## कार्ययोजनाका सोच र उद्देश्य

### २.१ सोच

मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनको माध्यमबाट समावेशी, मर्यादित र समतामुलक समाजको विकास गरी समृद्ध राष्ट्रको लक्ष्य हासिल गर्ने यी कार्ययोजनाका सोच रहेको छ।

### २.२ उद्देश्य

कार्ययोजनाका उद्देश्यहरू देहाय बमोजिम रहेका छन्ः-

१. मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्दै विधिको शासन कायम राख्ने,

२. नेपालको संविधान तथा कानूनद्वारा प्रत्याभूत मानव अधिकारको वास्तविक उपभोग गर्ने वातावरण सिर्जना गर्ने,

३. मानव अधिकारप्रतिको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गर्ने,

४. सार्वजनिक तथा निजी क्षेत्र एवं सामाजिक जीवनका सबै पक्षहरुमा मानव अधिकार संस्कृतिको प्रवर्द्धन गर्ने,

५. संविधान प्रदत्त सामाजिक न्यायको हक कार्यान्वयनका लागि आर्थिक, सामाजिक तथा शैक्षिक दृष्टिले पछाडि परेका वर्ग, समुदायको संरक्षण र सशक्तिकरण गर्ने।

# परिच्छेद-३

## कार्ययोजनाका ढाँचा र समेटिएका विषय

### ३.१ कार्ययोजनाका ढाँचा

प्रस्तुत कार्ययोजनाहरुमा विषयगत आधारमा क्रियाकलाप प्रस्तुत गरिएको छ। दुवै कार्ययोजनालाई बृहत् तालिका (Log Frame) को ढाँचामा प्रस्तुत गरिएको छ। मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनामा क्रियाकलापहरु संघ, प्रदेश तथा स्थानीय तहका सरकारी निकाय, नागरिक समाज, विकासका साझेदार समेतको सहकार्य, समन्वय, सहयोग र सहभागितामा सम्पन्न हुने गरी व्यवस्था गरिएको छ। साथै, विश्वव्यापी आवधिक पुनरावलोकनबाट प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजनामा जिम्मेवार निकाय र सहयोगी निकायहरु निर्धारण गरिएका छन्। दुवै कार्ययोजना कार्यान्वयनको प्रमुख जिम्मेवारी सम्बन्धित सङ्घीय मन्त्रालय, प्रदेश मन्त्रालय र स्थानीय तहको हुनेछ। कार्ययोजना कार्यान्वयनको लागि आवश्यक आर्थिक स्रोत तथा साधन तत् तत् निकायको वार्षिक कार्यक्रममा समावेश गरिने छ। प्रत्येक निकायको निमित्त निर्दिष्ट गरिएको कार्यका लागि तत् तत् निकायमा विनियोजन भएको रकमबाट व्यवस्थापन गर्नु पर्नेछ। तीन वटै तहका सम्बन्धित जिम्मेवार निकायबाट क्षेत्रगत, विषयगत, आवश्यकता र प्राथमिकतालाई दृष्टिगत गरी उपलब्ध स्रोत साधनको कुशल विनियोजन एवं परिचालन गरी सम्बद्ध क्रियाकलाप कार्यान्वयन हुने गरी व्यवस्था गरिएको छ। तीन वटै तहले नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा यी कार्ययोजनालाई मार्गदर्शनको रुपमा लिनु पर्नेछ।

### ३.२ कार्ययोजनामा समेटिएका विषय

नेपालको संविधान, संविधान कार्यान्वयन गर्न बनेका कानून, आवधिक योजना, सर्वोच्च अदालतका फैसला तथा निर्देशनात्मक आदेश, राष्ट्रिय मानव अधिकार आयोगका सिफारिश, विश्वव्यापी आवधिक पुनरावलोकन अन्तर्गतका सिफारिश, नेपाल पक्ष भएका महासन्धि अन्तर्गतका समितिबाट प्राप्त सिफारिश र सात वटै प्रदेशमा स्थानीय तह समेतको सहभागितामा आयोजना गरिएको परामर्श एवं अन्तरक्रिया मार्फत प्राप्त सुझाव, प्रतिनिधि सभाको कानून, न्याय तथा मानव अधिकार समिति, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय योजना आयोग, दलित हक अधिकारसँग सम्बन्धित संस्था, नागरिक समाज, विकास साझेदार लगायतका सरोकारवालाबाट प्राप्त सुझाव समेतको आधारमा आम नेपाली जनताको मानव अधिकारको सम्मान, संरक्षण तथा प्रवर्द्धन गर्ने वहुआयामिक विषय यी कार्ययोजनामा समेटिएका छन्।

३.२.१ मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनामा समेटिएका विषय देहाय बमोजिम छन्:-

३.२.१.१ शिक्षा,

३.२.१.२ स्वास्थ्य,

३.१.१.३ खाद्य अधिकार,

३.२.१.४ आवास,

३.२.१.५ श्रम, रोजगार तथा सामाजिक सुरक्षा

३.२.१.६ बाल अधिकार र बाल न्याय,

३.२.१.७ सामाजिक न्याय,

३.२.१.८ खानेपानी तथा सरसफाई,

३.२.१.९ लक्षित वर्गको संरक्षण, सशक्तिकरण र विकास,

३.२.१.१० वातावरण र दीगो विकास,

३.२.१.११ सांस्कृतिक अधिकार,

३.२.१.१२ कानूनी सुधार र न्याय प्रशासन,

३.२.१.१३ हिरासत तथा कारागार सुधार,

३.२.१.१४ संक्रमणकालीन न्याय,

३.२.१.१५ राष्ट्रिय तथा संयुक्त राष्ट्रसंघीय निकायका सिफारिश/सुझाव कार्यान्वयन गर्ने

३.२.१.१६ मानव अधिकार शिक्षा,

३.२.१.१७ संस्थागत सुदृढीकरण ।

३.२.२ विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र)बाट प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजनामा समेटिएका विषय देहायबमोजिम छन्;

३.२.२.१ अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष बन्ने तथा अन्तर्राष्ट्रिय संयत्रमा सहभागिता, विशेष समाधिकक्ष र अन्तर्राष्ट्रिय समूदायसँग समन्वय

३.२.२.३ नागरिकता, विचारको स्वतन्त्रता, धार्मिक स्वतन्त्रता र भेला हुन पाउने अधिकार

३.२.२.३ मानव अधिकारकर्मीको सुरक्षा

३.२.२.४ गरिबी निवारण

३.२.२.५ लैङ्गिक हिंसा र जातिय भेदभावको अन्त्य, लैङ्गिक समानता

३.२.२.६ महिला बालबालिका विरुद्ध हुने भेदभावको अन्त्य तथा हानिकारक अभ्यास विरुद्ध चेतना अभिवृद्धि

३.२.२.७ उजुरी गर्ने सुरक्षित वातावरण, महिला सशक्तिकरण तथा क्षमता अभिवृद्धि

३.२.२.८ यातना तथा गैर न्यायिक हत्या

३.२.२.९ संक्रमणकालीन न्याय

३.२.२.१० जलवायु परिवर्तन

३.२.२.११ शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, खाद्य, खानेपानीका अधिकारको सुनिश्चितता सहित जीवनस्तरमा सुधार

३.२.२.१२ आदिवासी समुदाय तथा अल्पसंख्यकको अधिकार

३.२.२.१३ अपाङ्गता भएका व्यक्तिको अधिकार

३.२.२.१४ कोभिड-१९

३.२.२.१५ राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य संवैधानिक आयोग

३.२.२.१६ मानव अधिकार कार्ययोजना

३.२.२.१७ कारागार सुधार

३.२.२.१८ मानव बेचबिखन, दासत्व, बाल श्रम विरुद्धको अधिकार

३.२.२.१९ विविध

दुवै कार्ययोजनाका बृहत तालिका देहाय बमोजिम रहेका छन्:

३.२.१.१ शिक्षा

| क्र.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| १ | निरक्षरता उन्मुलन गर्न साक्षरता कार्यक्रम सञ्चालन गर्ने। | स्थानीय तहबाट साक्षरता कार्यक्रम सञ्चालन गर्ने। | - | - | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,<br>प्रदेश सामाजिक विकास मन्त्रालय,<br>नागरिक समाज | पाँच वर्ष | स्थानीय तहमा सञ्चालित साक्षरता कार्यक्रमको संख्या। |
| २ | अनिवार्य तथा निःशुल्क शिक्षाको माध्यमबाट विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने । | २.१ विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने। | - | - | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,<br>प्रदेश सामाजिक विकास मन्त्रालय,<br>नागरिक समाज | निरन्तर | विद्यालय भर्ना भएका विद्यार्थीको संख्या। |
| | | २.२ चार वर्ष उमेर पुगेका सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्ने अभियान सञ्चालन गर्ने। | - | - | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्,<br>प्रदेश सामाजिक विकास मन्त्रालय,<br>प्रदेश बाल अधिकार समिति,<br>स्थानीय बाल अधिकार समिति,<br>नागरिक समाज | निरन्तर | प्रारम्भिक वाल विकास शिक्षामा अध्ययन गर्ने विद्यार्थीको संख्या। |
| | | २.३ सबै विद्यालयमा बालविकास केन्द्र स्थापना गर्दै जाने । | - | - | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,<br>प्रदेश सामाजिक विकास मन्त्रालय,<br>नागरिक समाज | पाँच वर्ष | विकास गरिएका बाल विकास केन्द्रको संख्या। |

| क.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | २.४ मानव विकास सूचकाङ्कको दृष्टिले तोकिएको सूचकाङ्क भन्दा पछाडि परेका क्षेत्रका तोकिएको समुदाय वा आर्थिक रुपले विपन्न वा अपाङ्गता भएका, जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख एवं सीमान्तकृत समुदाय र वर्गका बालबालिकाको लागि छात्रवृत्ति, पाठ्यपुस्तक, स्वास्थ्य परीक्षण र उपचारको व्यवस्था गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - | स्थानीय तह | प्रदेश सामाजिक विकास मन्त्रालय, नागरिक समाज | निरन्तर | छात्रवृत्ति, पाठ्यपुस्तक, दिवा खाजा, स्वास्थ्य परीक्षण र उपचार प्राप्त गरेका बालबालिकाको संख्या। |
| | | २.५ विद्यालय भर्ना भएका विद्यार्थीहरुले विद्यालय छाडेर जाने (drop out) प्रवृत्ति रोकी अध्ययनमा निरन्तरता दिने उपायहरु अवलम्वन गर्ने। | - | - | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय, नागरिक समाज | निरन्तर | विद्यालय छाडेर जाने (drop out) दरमा कमि भएको हुने। |
| | | २.६ अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा उपलब्ध गराउने, पठनपाठन तथा त्यससँग सम्बन्धित अन्य | - | - | स्थानीय तह, वडा समिति | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय, नागरिक समाज | निरन्तर | आधारभूत तहमा भर्ना भएका अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाको संख्या। |

| क्र.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | कुराहरुको व्यवस्था गर्ने। | | | | | | |
| ३. | बहुआयामिक गरिबीको क्षेत्रभित्र परेका, वहुबञ्चितिकरण, वहिष्करणमा परेका, अल्पसंख्यक तथा लोपोन्मुख, आर्थिक-सामाजिक रूपमा पछाडि परेका, अपाङ्गता भएका र औपचारिक शिक्षा हासिल गर्ने अवसरबाट वञ्चित नागरिकका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको समन्यायिक अवसर प्रदान गर्ने। | ३.१ अनौपचारिक शिक्षा र सीप विकास तालीम कार्यक्रम सञ्चालन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्,<br>नागरिक समाज | निरन्तर | सञ्चालन गरिएका अनौपचारिक शिक्षा र सीप विकास तालीम कार्यक्रमको संख्या। |
| | | ३.२ विद्यार्थीहरुका लागि छात्रवृत्ति प्रदान गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,<br>नागरिक समाज | निरन्तर | छात्रवृत्ति प्रदान गरिएका विद्यार्थीको संख्या। |
| | | ३.३ विद्यार्थी वित्तीय सहायता कार्यक्रम सञ्चालन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्,<br>नागरिक समाज | निरन्तर | वित्तीय सहायता कार्यक्रमबाट लाभान्वित विद्यार्थीको संख्या। |
| ४. | आधारभूत तहको शिक्षण सिकाईमा विद्यार्थीको रुचि र आवश्यकता अनुसार मातृभाषाको प्रयोग गर्ने व्यवस्था गर्ने। | आधारभूत तहको शिक्षण सिकाईमा विद्यार्थीको रुचि र आवश्यकताको आधारमा मातृभाषामा समेत पाठ्यपुस्तक तयार पारी शिक्षण सिकाईको व्यवस्था गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय,<br>प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय,<br>नागरिक समाज | निरन्तर | मातृभाषामा उपलब्ध गराइएका पाठ्यपुस्तक र सिकाई सामग्रीको संख्या । |
| ५. | उच्च शिक्षामा पहुँच नपुगेका लक्षित समूहका लागि उच्च शिक्षाको अवसर विस्तार | दलित विद्यार्थी लगायतका उच्च शिक्षामा पहुँच नपुगेका लक्षित समूहका लागि प्राविधिक तथा | शिक्षा, विज्ञान तथा प्रविधि | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय | निरन्तर | प्राविधिक तथा व्यवसायिक शिक्षामा पहुँच पुगेका दलित विद्यार्थीको संख्या। |

| क.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | गर्ने। | व्यवसायिक शिक्षामा पहुँचको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने । | मन्त्रालय | | | | | |
| ६. | शिक्षा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्थाको कार्यान्वयन सुनिश्चित गर्ने। | अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, शिक्षा ऐन, २०७५, तथा राष्ट्रिय शिक्षा नीति, २०७६ को प्रभावकारी कार्यान्वयन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय,<br>प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय,<br>नागरिक समाज | निरन्तर | शिक्षा सम्बन्धी कानून तथा नीतिहरु प्रभावकारी कार्यान्वयन भई शिक्षा सम्बन्धी हक सुनिश्चित भएको हुने। |

३.२.१.२ स्वास्थ्य

| क. सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| १ | प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक तथा प्रशामक (Palliative) लगायतका आधारभूत देखि विशिष्टीकृत गुणस्तरीय स्वास्थ्य सेवामा सवै नागरिकको पँहुच सुनिश्चित गर्ने। | १.१ सबै सरकारी स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध हुने व्यवस्था गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय | दुई वर्ष | - निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्राप्त जनसंख्या।<br>- निःशुल्क आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने स्वास्थ्य संस्थाको संख्या। |
| | | १.२ सबै नागरिकलाई आकस्मिक स्वास्थ्य सेवामा समान पहुँचको व्यवस्था गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय | निरन्तर | आकस्मिक स्वास्थ्य सेवामा पहुँच पुगेका नागरिकको संख्या। |
| | | १.३ प्रत्येक स्थानीय तहमा ५ देखि १५ शय्याको आधारभूत अस्पताल | स्वास्थ्य तथा जनसंख्या | प्रदेश सामाजिक विकास | स्थानीय तह | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय | तीन वर्ष | स्थानीय तहमा आधारभूत अस्पताल स्थापना भएको हुने । |

| क्र.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | स्थापना गर्ने। | मन्त्रालय | मन्त्रालय | | | | |
| | | १.४ प्रत्येक स्थानीय तहमा आधारभूत, आकस्मिक स्वास्थ्य सेवा, आकस्मिक शल्यक्रिया र प्राथमिक ट्रमा केयर सहितको स्वास्थ्य सेवा भएको प्राथमिक अस्पताल स्थापना गरी कम्तीमा एक चिकित्सक रहने व्यवस्था गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रदेश सामाजिक विकास मन्त्रालय | स्थानीय तह | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय | पाँच वर्ष | आधारभूत, आकस्मिक शल्यक्रिया र प्राथमिक ट्रमा केयर सहितको स्वास्थ्य सेवा सुनिश्चित भएको प्राथमिक अस्पताल रहेको स्थानीय तहको संख्या। |
| | | १.५ स्वास्थ्य संस्थामा पूर्वाधार, जनशक्ति, प्रविधि तथा उपकरणको व्यवस्था गरी गुणस्तरीय र विशिष्टिकृत स्वास्थ्य सेवा प्रदान गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय,<br>प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय,<br>स्वास्थ्य संस्था | निरन्तर | पूर्वाधार, जनशक्ति, प्रविधि एवं उपकरणको उपयुक्त व्यवस्था भएका स्वास्थ्य संस्थाको संख्या । |
| | | १.६ स्वास्थ्य बीमाको कार्यक्रम मुलुकभर विस्तार गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,<br>स्वास्थ्य बीमा बोर्ड | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय,<br>प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय,<br>स्वास्थ्य संस्था,<br>नागरिक समाज, बीमा कम्पनी | पाँच वर्ष | - स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन भएका जिल्ला तथा स्थानीय तहको संख्या।<br>- वीमामा आवद्ध नागरिकको संख्या। |
| | | १.७ अशक्त, असहाय, बेवारिसे, अपाङ्गता भएका, मनोसामाजिक | स्वास्थ्य तथा जनसंख्या | सामाजिक विकास | स्थानीय तह | अर्थ मन्त्रालय,<br>प्रदेश आर्थिक मामिला | निरन्तर | उपचार पाएका र पुनर्स्थापना भएका अशक्त, असहाय, बेवारिसे, अपाङ्गता |

| क्र. सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | बिरामीको उपचार र पुनर्स्थापना गर्ने। | मन्त्रालय | मन्त्रालय | | तथा योजना मन्त्रालय, स्वास्थ्य संस्था, नागरिक समाज | | भएका र मनोसामाजिक बिरामीको संख्या। |
| | | १.८ ज्येष्ठ नागरिक लक्षित स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्राल, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, स्वास्थ्य संस्था, नागरिक समाज | निरन्तर | ज्येष्ठ नागरिकलाई लक्षित गरी सञ्चालन गरिएका स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरेका स्थानीय तहको संख्या। |
| २. | यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रममा सबैको पहुँच सुनिश्चित गर्ने। | २.१ विद्युतीय सञ्चार एवं छापा माध्यमबाट यौन तथा प्रजनन् स्वास्थ्य बारे कार्यक्रम तथा सूचना सम्प्रेषण गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, स्वास्थ्य संस्था, नागरिक समाज | निरन्तर | यौनिक तथा प्रजनन् स्वास्थ्य बारे सम्प्रेषित सूचना सम्बन्धी कार्यक्रमको संख्या । |
| | | २.२ समुदाय तथा विद्यालयमा किशोर किशोरीमैत्री यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य संस्था, नागरिक समाज | निरन्तर | यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमको संख्या । |
| | | २.३ परिवार नियोजनका साधनहरू सर्व सुलभ रुपमा उपलब्ध गराउने। | | | स्थानीय तह | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सामाजिक विकास | निरन्तर | परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोगकर्ता दर (प्रतिशत)। |

| क्र.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | | | | | मन्त्रालय, स्वास्थ्य संस्था | | |
| ३. | सुरक्षित मातृत्व तथा प्रसुति सेवामा सुधार गर्ने। | ३.१ सुरक्षित गर्भपतन सेवा सम्बन्धी कानूनी व्यवस्थाको बारेमा महिला तथा स्वास्थ्यकर्मी लक्षित सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | स्वास्थ्य संस्था, सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउने संस्था, नागरिक समाज | निरन्तर | महिला तथा स्वास्थ्यकर्मी लक्षित सचेतना अभिवृद्धि कार्यक्रमको संख्या। |
| | | ३.२ सुरक्षित गर्भपतन र सुरक्षित प्रसुति सेवामा पहुँच पुऱ्याउने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | स्वास्थ्य संस्था, सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउने संस्था, नागरिक समाज | निरन्तर | सुरक्षित गर्भपतन र सुरक्षित प्रसुति सेवा लिएका महिलाको संख्या। |
| | | ३.३ आङ खस्ने रोगको निःशुल्क शल्यक्रिया र उपचार गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | स्वास्थ्य संस्था | निरन्तर | आङ खस्ने रोगको निःशुल्क शल्यक्रिया र उपचार प्राप्त गरेका महिलाहरुको संख्या। |
| | | ३.४ सर्भाइकल क्यान्सर उपचार निःशुल्क उपलब्ध गराउने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | | स्वास्थ्य संस्था, स्थानीय तह | निरन्तर | सर्भाइकल क्यान्सरको निःशुल्क उपचार पाएका महिलाहरुको संख्या। |
| | | ३.५ सुरक्षित मातृत्वका लागि सहुलियत प्रदान गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | | स्वास्थ्य संस्था, स्थानीय तह | निरन्तर | सुरक्षित मातृत्व कार्यक्रमबाट सहुलियत प्राप्त महिलाहरुको संख्या। |
| ४. | सबै प्रकारका खोप कार्यक्रमहरू अभियानको रूपमा सञ्चालन गर्ने। | गर्भवती महिला, नवजात शिशु, बालबालिका लगायतका व्यक्तिहरुलाई खोप प्रदान गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | स्वास्थ्य संस्था, नागरिक समाज | निरन्तर | खोपको प्रकार र खोप प्राप्त गर्ने व्यक्तिहरुको संख्या। |

| क्र.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| ५. | नवजात शिशु तथा बाल स्वास्थ्य सेवामा सुधार ल्याउने। | ५.१ नवजात शिशुको स्वास्थ्य सुरक्षा कार्यक्रम सञ्चालन गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | स्वास्थ्य संस्था | निरन्तर | नवजात शिशुको स्वास्थ्य सुरक्षा सम्बन्धी सञ्चालित कार्यक्रमको संख्या। |
| | | ५.२ एकीकृत बालरोग व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | स्वास्थ्य संस्था | निरन्तर | एकीकृत बालरोग व्यवस्थापन सम्बन्धी सञ्चालित कार्यक्रमको संख्या। |
| | | ५.३ बहुक्षेत्रीय पोषण योजना बमोजिम सबै तहका स्वास्थ्य संस्थाबाट बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | स्वास्थ्य संस्था, नागरिक समाज | निरन्तर | बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन भएका स्वास्थ्य संस्थाको संख्या। |
| ६. | सरुवा रोग तथा अन्य महामारीको रोकथाम, नियन्त्रण तथा उपचार गर्ने। | सरुवा रोग तथा महामारी रोगहरुको रोकथाम, नियन्त्रण एवं उपचार सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, स्वास्थ्य संस्था, नागरिक समाज | निरन्तर | मलेरिया, कालाज्वर, जापानी इन्सेफ्लाईटिस, क्षयरोग, कुष्ठरोग, हात्तीपाइले, डेंगु, हेपाटाइटिस, कोरोना, एच.आई.भी. एड्स एवं रेबिजको रोकथाम, नियन्त्रण एवं उपचार सम्बन्धी सञ्चालित विशेष कार्यक्रमको संख्या। |
| ७. | नसर्ने खालका रोगको नियन्त्रण गर्ने । | ७.१नसर्ने खालका रोग सम्बन्धी अत्यावश्यक प्याकेज (पेन) कार्यक्रम सञ्चालन गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, स्वास्थ्य संस्था | निरन्तर | सम्पन्न पेन कार्यक्रमहरुको संख्या। |
| | | ७.२ मानसिक स्वास्थ्य सेवाको | स्वास्थ्य तथा | सामाजिक | स्थानीय | अर्थ मन्त्रालय, | निरन्तर | - मानसिक स्वास्थ्य रणनीति तयार भई |

| क्र. सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | पहुँचलाई सबै तहमा विस्तार गर्न रणनीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने। | जनसंख्या मन्त्रालय | विकास मन्त्रालय | तह | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, स्वास्थ्य संस्था | | लागू भएको,<br>- मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था र त्यस्तो सेवाबाट लाभान्वितहरुको संख्या। |
| | | ७.३ कडा खालका रोगहरुको उपचारमा सहयोग पुर्याउन "बिपन्न नागरिक उपचार कार्यक्रम" सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, स्वास्थ्य संस्था | निरन्तर | विपन्न नागरिक उपचार कार्यक्रमबाट लाभान्वित विरामीहरुको संख्या। |
| ८. | आँखा, नाक, कान, घाँटी तथा मुखको स्वास्थ्य सेवालाई क्रमशः तिनै तहमा विकास र विस्तार गर्ने। | आँखा, नाक, कान, घाँटी तथा मुखको स्वास्थ्य हेरचाह सम्बन्धी प्रवर्द्धनात्मक एवं उपचारात्मक कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, स्वास्थ्य संस्था | निरन्तर | प्रवर्द्धनात्मक एवं उपचारात्मक कार्यक्रमको संख्या। |
| ९. | लैङ्गिक हिंसा पीडितको लागि उपचार सुविधा विस्तार गर्ने। | प्रत्येक जिल्लामा लैङ्गिक हिंसा पीडितका लागि अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गर्ने। | - | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नागरिक समाज | तीन वर्ष | - एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना भएको जिल्लाको संख्या।<br>- एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना भएको अस्पतालको संख्या। |

३.२.१.३ खाद्य अधिकार

| क्र.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| १. | स्वच्छ तथा गुणस्तरीय खाद्यन्नमा नागरिकको पहुँच अभिवृद्धि गर्ने। | १.१ खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन, २०७५ को प्रभावकारी कार्यान्वयन गर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | - | - | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,<br>प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,<br>स्थानीय तह,<br>नागरिक समाज | निरन्तर | कानून कार्यान्वयन भएको हुने। |
| | | १.२ राष्ट्रिय खाद्य योजना तयार पारी कार्यान्वयन गर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | - | - | प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,<br>स्थानीय तह,<br>नागरिक समाज | एक वर्ष | राष्ट्रिय खाद्य योजना तयार भई कार्यान्वयनमा आएको हुने। |
| | | १.३ पोषणयुक्त खाद्यान्नको मापदण्ड तोक्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, | - | - | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | एक वर्ष | पोषणयुक्त खाद्यान्नको मापदण्ड। |
| | | १.४ खाद्य पदार्थ र पिउने पानीको गुणस्तर परीक्षण गर्न प्रत्येक जिल्लामा प्रयोगशालाको स्थापना गर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, खानेपानी मन्त्रालय | निरन्तर | खाद्य पदार्थ र पिउने पानीको गुणस्तर परीक्षण गर्ने प्रयोगशालाको स्थापना भएका जिल्लाको संख्या। |

| क्र. सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| २. | हिमाली तथा अतिदुर्गम पहाडी जिल्लाका जनतालाई सुपथ मूल्यमा गुणस्तरीय खाद्यान्न उपलब्ध गराउने । | २.१ खाद्यान्नको अभाव हुने हिमाली र अतिदुर्गम पहाडी जिल्लामा सरल, सर्वसुलभ र सुपथ मूल्यमा गुणस्तरीय खाद्यान्न नियमित रुपमा उपलब्ध गराउने । | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | निरन्तर | खाद्यान्न अभाव क्षेत्रका जनतालाई सरल र सर्वसुलभ रुपमा खाद्यान्न उपलब्धताको अवस्था। |
| | | २.२ बजारमा अप्रत्यासित रूपमा हुन सक्ने खाद्यान्न अभाव वा मूल्य वृद्धिलाई रोक्न खाद्यान्नको सञ्चिति, भण्डारण, बिक्री वितरण व्यवस्थित गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | निरन्तर | खाद्यान्न सञ्चिति र भण्डारण र विक्री वितरणको अवस्था। |
| | | २.३ विपद्ग्रस्त क्षेत्र घोषणा भएको क्षेत्रमा खाद्यान्नको उपलब्धता सुनिश्चित गर्ने। | गृह मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | स्थानीय तह | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | निरन्तर | खाद्यान्न उपलब्धताको स्थिति र लाभान्वितको संख्या। |
| ३. | गुणस्तरीय उपभोग्य वस्तु उचित मूल्यमा सर्वसुलभ रुपमा उपलब्ध भएको सुनिश्चित गरी उपभोक्ताको हकहितको संरक्षण गर्ने। | ३.१ उपभोक्ता हकहित सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय, नागरिक समाज, सहकारी संघ संस्था, उद्योग, वाणिज्य क्षेत्रसँग सम्बन्धित संघ संस्था | निरन्तर | उपभोक्ता हकहित सम्बन्धी सचेतनामूलक कार्यक्रमको संख्या। |
| | | ३.२ उपभोग्य बस्तुमा हुने मिसावट रोकी गुणस्तरीय वस्तुको उपलब्धता सुनिश्चित गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | स्थानीय तह | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, गृह मन्त्रालय, केन्द्रीय, प्रदेश र स्थानीय बजार अनुगमन समिति | निरन्तर | खाद्य पदार्थमा हुने मिसावट रोकी गुणस्तरीय वस्तुको उपलब्धता सुनिश्चित गर्न गरिएको कार्यक्रमको संख्या । |

| क्र. सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | ३.३ कार्टेलिङ वा मिलेमतोमा हुने मूल्य निर्धारणलाई अन्त्य गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, गृह मन्त्रालय, केन्द्रीय, प्रदेश र स्थानीय बजार अनुगमन समिति | निरन्तर | कार्टेलिङ वा मिलेमतोमा हुने मूल्य निर्धारण अन्त्य भएको हुने। |
| | | ३.३ मानव शरीरमा हानि पुऱ्याउने अखाद्य वस्तु, विषादी, सडेगलेका, म्याद सकिएका वस्तु, खाद्य पदार्थमा हुने अखाद्य बस्तुको मिसावट र वातावरण प्रदुषण गर्ने बस्तुको बिक्री वितरणमा रोक लगाई गुणस्तरीय बस्तुको सुनिश्चितता गर्न नियमन र अनुगमन कार्य गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | स्थानीय तह | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, गृह मन्त्रालय, केन्द्रीय, प्रदेश र स्थानीय बजार अनुगमन समिति | निरन्तर | केन्द्रीय, प्रदेश र स्थानीय बजार अनुगमन समितिबाट गरिएको बजार अनुगमन संख्या। |
| | | ३.४ उपभोग्य वस्तु वा सेवाको उपलब्धता र मूल्यको सम्बन्धमा नियमित रुपमा बजार अनुगमन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | स्थानीय तह | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, गृह मन्त्रालय, केन्द्रीय, प्रदेश र स्थानीय बजार अनुगमन समिति, नागरिक समाज | निरन्तर | उपभोग्यबस्तु वा सेवाको उपलब्धता, गुणस्तर र मूल्यको सम्बन्धमा भएको अनुगमनको संख्या। |

३.२.१.४ आवास

| क्र. सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| १. | व्यवस्थित शहर र सुरक्षित आवासको विकास गर्ने। | १.१ आवासको अधिकार सम्बन्धी ऐन, २०७५ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। | सहरी विकास मन्त्रालय | - | - | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय, निर्माण व्यवसायीसँग सम्बद्ध संघ संस्था | निरन्तर | आवासको अधिकार सम्बन्धी ऐन, २०७५ प्रभावकारी रुपमा कार्यानन्वयन भएको हुने। |
| | | १.२ राष्ट्रिय आवास नीति, २०६८, राष्ट्रिय सहरी नीति, २०६४ र राष्ट्रिय सहरी विकास रणनीति, २०७३ मा परिमार्जन र सुधार गरी कार्यान्वयन गर्ने। | सहरी विकास मन्त्रालय | - | - | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय, निर्माण व्यवसायीसँग सम्बद्ध संघ संस्था | दुई वर्ष | परिमार्जित नीति तथा रणनीति कार्यान्वयनमा आएको हुने। |
| २. | जनतालाई सुरक्षित आवास उपलब्ध गराउने। | २.१ फुसको छाना भएका भौगोलिक रुपमा विकट, अपायक, विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका अतिविपन्न, लोपोन्मुख, सीमान्तकृत वर्गका नागरिकलाई जस्ता पाताको छाना मुनि ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन गर्ने। | सहरी विकास मन्त्रालय | भौतिक पूर्वाधार विकास मन्त्रालय | स्थानीय तह | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | निरन्तर | सुरक्षित नागरिक आवास कार्यक्रमबाट लाभान्वित परिवारको संख्या। |
| | | २.२ विकट, अपायक, विपद्को उच्च जोखिममा परेका अतिविपन्न, लोपोन्मुख, सीमान्तकृत | सहरी विकास | भौतिक पूर्वाधार विकास | स्थानीय तह | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय | निरन्तर | विकास गरिएका एकीकृत बस्ती र परिवारको |

| क्र. सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | वर्गका नागरिकका परिवार लागि एकीकृत वस्ती विकासको अवधारणा अनुरुप आवासको व्यवस्था गरी सुविधायुक्त स्थानमा स्थानान्तरण गर्ने । | मन्त्रालय | मन्त्रालय | | पुनर्निर्माण प्राधिकरण | | संख्या। |
| ३. | संघ, प्रदेश र स्थानीय तहको समन्वयमा आवासविहीन परिवारलाई आवासको सुविधा उपलब्ध गराउने। | ३.१ जनता आवास कार्यक्रम सञ्चालन गरी आवासको प्रबन्ध सुनिश्चित गर्ने। | सहरी विकास मन्त्रालय | भौतिक पूर्वाधार विकास मन्त्रालय | स्थानीय तह | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | पाँच वर्ष | आवास उपलब्ध गराइएका नागरिक वा परिवारको संख्या। |
| | | ३.२ आवासको प्रबन्ध गर्न असमर्थ परिवारलाई आवास उपलब्ध गराउने। | सहरी विकास मन्त्रालय | भौतिक पूर्वाधार विकास मन्त्रालय | स्थानीय तह | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | पाँच वर्ष | आवास उपलब्ध गराइएका नागरिक वा परिवारको संख्या। |
| | | ३.३ आवासविहीन नागरिक तथा परिवारलाई आवास सुविधा उपलब्ध गराउन सहुलियतपूर्ण वित्तीय सुविधा उपलब्ध गराउने। | सहरी विकास मन्त्रालय | भौतिक पूर्वाधार विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | पाँच वर्ष | सहुलियतपूर्ण वित्तीय सुविधा प्राप्त गरेका आवासविहीन नागरिक तथा परिवारको संख्या। |
| | | ३.४ जोखिमयुक्त बस्ती स्थानान्तरण गर्ने। | सहरी विकास मन्त्रालय | भौतिक पूर्वाधार विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | निरन्तर | जोखिमयुक्त बस्ती स्थानान्तरण भएको संख्या। |

३.२.१.५ श्रम, रोजगार तथा सामाजिक सुरक्षा

| क्र. सं | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| १. | आर्थिक रुपले सक्रिय जनशक्तिको सीप र उद्यमशीलता अभिवृद्धि गरी रोजगारी र आय आर्जनको सुनिश्चितता गर्न रोजगारीका नयाँ क्षेत्र तथा अवसरको पहिचान र विस्तार गर्ने। | १.१ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आन्तरिक रोजगारी अभिवृद्धिको राष्ट्रिय कार्यक्रमको रुपमा सञ्चालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - | स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,<br>प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | निरन्तर | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी पाएका नागरिकको संख्या। |
| | | १.२स्वदेशमा रोजगार व्यवस्थापन तथा प्रवर्द्धनको क्षेत्रमा अन्तर सरकारी (संघ, प्रदेश र स्थानीय तह), निजी तथा सहकारी क्षेत्र बीच समन्वयात्मक रुपमा सहकार्य र साझेदारी अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | स्थानीय तह | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,<br>सहकारी संघ संस्था, उद्योग वाणिज्य क्षेत्रसँग सम्बन्धित संघ संस्था | निरन्तर | सरकारी, निजी तथा सहकारी क्षेत्र बीचको समन्वय, सहकार्य र साझेदारी कार्यक्रमको संख्या। |
| | | १.३ स्वरोजगार र उद्यमशिलता प्रवर्द्धन गर्न शैक्षिक प्रमाणपत्र धितो राखी सहुलियतपूर्ण व्याजदरमा ऋण प्रवाहको व्यवस्था विस्तार गर्ने। | अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय | - | प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, बैंक तथा वित्तीय संस्था, उद्योग वाणिज्य क्षेत्रसँग सम्बन्धित संघ संस्था | निरन्तर | शैक्षिक प्रमाणपत्र धितो राखी कर्जा लिने नागरिकको संख्या। |
| २. | सीप विकास | २.१ "सबैलाई सीप सबैलाई रोजगारी" | उद्योग, वाणिज्य | उद्योग, पर्यटन, वन | स्थानीय | प्राविधिक शिक्षा तथा व्यावसायिक | निरन्तर | कार्यक्रमबाट लाभान्वित |

| क्र.सं | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | तालीममार्फत युवा जनशक्तिको क्षमता विकास गरी स्वाबलम्बी बनाउने। | कार्यक्रम सञ्चालन गर्ने। | तथा आपूर्ति मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | तथा वातावरण मन्त्रालय | तह | तालीम परिषद्, सीप विकास तालीम प्रतिष्ठानहरु | | नागरिकको संख्या। |
| | | २.२ स्थानीय तहमा प्राविधिक शिक्षा, सीप विकास तालीम एवं क्षमता अभिवृद्धिको लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गरी स्वरोजगारी प्रवर्द्धन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सामाजिक विकास मन्त्रालय | स्थानीय तह | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सीप विकास तालीम प्रतिष्ठानहरु | निरन्तर | स्थानीय तहमा तालीम र प्रशिक्षण लिएका युवाको संख्या। |
| ३ | उद्योग, व्यवसाय र प्रतिष्ठानले आफ्नो उद्योग, व्यवसाय र प्रतिष्ठान सञ्चालन गर्दा संयुक्त राष्ट्र सङ्घीय व्यवसाय र मानव अधिकार सम्बन्धी मार्गदर्शक सिद्धान्त, मूल्य र मान्यता अवलम्बन गर्न | ३.१ उद्योग, व्यवसाय र प्रतिष्ठानलाई आफ्नो काम कारवाहीमा मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय व्यवसाय र मानव अधिकार (Business and Human Rights) सम्बन्धी मार्गदर्शक सिद्धान्त, मूल्य र मान्यता अवलम्बन गर्न प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | स्थानीय तह | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, उद्योग वाणिज्य क्षेत्रसँग सम्बन्धित संघ संस्था, ट्रेड युनियन, नागरिक समाज | निरन्तर | व्यवसाय र मानव अधिकार सम्बन्धी मार्गदर्शक सिद्धान्त, मूल्य र मान्यता अवलम्बन गर्न प्रोत्साहित गर्ने कार्यक्रमको संख्या। |
| | | ३.२ उद्योग, व्यवसाय र प्रतिष्ठानमा व्यवसाय र मानव अधिकार सम्बन्धी | श्रम, रोजगार तथा सामाजिक | - | - | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कानून, न्याय तथा | | व्यवसाय र मानव अधिकार सम्बन्धी छुट्टै |

| क्र. सं | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | उत्प्रेरित गर्ने। | संयुक्त राष्ट्र सङ्घीय मार्गदर्शक सिद्धान्तलाई दृष्टिगत गरी छुट्टै राष्ट्रिय कार्ययोजना बनाई लागू गर्ने। | सुरक्षा मन्त्रालय | | | संसदीय मामिला मन्त्रालय, उद्योग वाणिज्य क्षेत्रसँग सम्बन्धित संघ संस्था, ट्रेड युनियन, नागरिक समाज | | राष्ट्रिय कार्ययोजना लागू भएको। |
| ४. | श्रम र श्रमिकको सम्मान गर्ने सँस्कृतिलाई संस्थागत गर्दै श्रम तथा कार्य वातावरण सुधार गर्ने। | ४.१ श्रमप्रतिको सकारात्मक धारणा विकास गर्न "श्रमको सम्मान राष्ट्रिय अभियान" सञ्चालन गर्ने। | श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्रालय, सामाजिक विकास मन्त्रालय | स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,<br>ट्रेड युनियन, उद्योग वाणिज्य क्षेत्रसँग सम्बन्धित संघ संस्था,<br>नागरिक समाज | निरन्तर | राष्ट्रिय अभियान अन्तर्गतका क्रियाकलापको संख्या। |
| | | ४.२ बलपूर्वक र बाध्यकारी श्रमको अन्त्यका लागि स्थानीय तह सम्म लक्षित कार्यक्रम सञ्चालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्रालय | स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,<br>ट्रेड युनियन, उद्योग वाणिज्य क्षेत्रसँग सम्बन्धित संघ संस्था | निरन्तर | बलपूर्वक र बाध्यकारी श्रमको अन्त्यका लागि सञ्चालन भएका कार्यक्रमको संख्या। |
| ५. | वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित एवं गुणस्तरीय बनाउने। | ५.१रोजगारीका प्रमुख गन्तव्य मुलुकहरूसँग श्रम सम्झौता गरी कार्यान्वयन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - | - | गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय,<br>विदेश स्थित नेपाली कुटनीतिक नियोगहरु | निरन्तर | प्रमुख गन्तव्य मुलुकहरूसँग भएको श्रम सम्झौताको संख्या। |
| | | ५.२ वैदेशिक रोजगार कल्याणकारी कोषलाई थप प्रभावकारी बनाउन कामदारको वर्गीकरण अनुसार योगदान गर्ने व्यवस्था गर्ने। । | श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - | - | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, विदेश स्थित नेपाली कुटनीतिक नियोगहरु | निरन्तर | वैदेशिक रोजगार कल्याणकारी कोषबाट लाभान्वितको संख्या। |
| | | ५.३ गन्तव्य मुलुकमा रहेका नेपाली नियोग, सेवा प्रदायक संघ-संस्थाहरु, | श्रम, रोजगार तथा सामाजिक | - | - | गृह मन्त्रालय, विदेश स्थित नेपाली कुटनीतिक नियोगहरु | निरन्तर | उद्धार तथा हक हितको संरक्षण भएको श्रमिकको |

| क्र. सं | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | गैरआवासीय तथा प्रवासी नेपाली संघ संस्थाहरू र रोजगारदाता कम्पनीसँग समन्वय गरी श्रमिकको हक हितको संरक्षण र प्रवर्द्धन तथा उद्धारको लागि कार्यक्रम सञ्चालन गर्ने। | सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय | | | | | संख्या। |
| ६. | एकीकृत सामाजिक सुरक्षा योजना र योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने। | ६.१ जीवनयापन गर्न सक्ने आयस्रोत नभएका, तोकिएको भन्दा न्यून आय भएका, श्रम गर्न नसक्ने अशक्त र असहाय, एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने व्यक्ति तथा लोपोन्मुख जातिका नागरिकको पहिचान गरी सामाजिक संरक्षणको व्यवस्था गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, सामाजिक सुरक्षा कोष, नागरिक समाज | निरन्तर | सामाजिक संरक्षण प्राप्त गरेका व्यक्तिहरुको संख्या। |
| | | ६.२ अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कार्यमा आवद्ध गर्न प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गर्ने। | श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सामाजिक विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, कृषि तथा पशुपन्छी मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, रोजगारदाताहरु, श्रमिकहरु | निरन्तर | सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध अनौपचारिक क्षेत्रका श्रमिकको संख्या। |

| क्र.सं | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | ६.३ औपचारिक र संगठित क्षेत्रमा योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने। | श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सामाजिक विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, कृषि तथा पशुपन्छी मन्त्रालय,<br>प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,<br>रोजगारदाताहरु, श्रमिकहरु | निरन्तर | सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने। |

३.२.१.६ बाल अधिकार र बाल न्याय

| क्र. सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| १. | बालबालिकासँग सम्बन्धित नीतिगत तथा कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने। | बालबालिका सम्वन्धी राष्ट्रिय नीति, २०६९ मा आवश्यकतानुसार समसामयिक सुधार गर्ने तथा बालबालिका सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | | निरन्तर | बालबालिका सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्थाहरु कार्यान्वय भएको हुने। |
| २. | बाल सहभागिता अभिवृद्धि गर्ने। | २.१ समुदाय स्तरमा बाल क्लब र बाल समूह जस्ता संस्थाको गठन, सञ्चालन र विस्तार गर्ने। | - | - | स्थानीय तह | गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश सामाजिक विकास मन्त्रालय, प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति | निरन्तर | देशभर सञ्चालनमा रहेका बाल क्लब र आवद्ध बालबालिकाको संख्या। |
| | | २.२ परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्थाबाट बालबालिका सम्बन्धी विषयमा गरिने निर्णयमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह, समुदाय, विद्यालय तथा अन्य सार्वजनिक निकाय वा संस्था | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति | निरन्तर | बालबालिकाको सम्बन्धी विषयमा गरिने निर्णयमा बालबालिकाको सहभागिता वृद्धि भएको। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | बालबालिका विरुद्ध हुने सबै किसिमका हिंसाको अन्त्य गर्ने। | ३.१ बालबालिका विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, बलात्कार, बेचबिखन जस्ता कसूर विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, नेपाल प्रहरी, सम्बन्धित संवैधानिक आयोग, प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति, नागरिक समाज | निरन्तर | बालबालिका विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, बलात्कार, बेचबिखन जस्ता अपराध विरुद्ध सञ्चालन भएका सचेतनामूलक कार्यक्रमको संख्या। |
| | | ३.२ बालबालिका उपर हुने घर, विद्यालय वा अन्य कुनै स्थान वा अवस्थामा गरिने शारीरिक तथा मानसिक वा अन्य यातना वा सजाय विरुद्ध अभियान सञ्चालन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति, नागरिक समाज | निरन्तर | अभियान अन्तर्गत संचालित कार्यक्रमको संख्या। |
| | | ३.३ बाल विवाह विरुद्धको रणनीति, २०७२ को प्रभावकारी कार्यान्वयन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय, सम्बन्धित संवैधानिक आयोग, राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश बाल अधिकार समिति, नागरिक समाज | निरन्तर | बाल विवाह विरुद्ध सञ्चालित सचेतना कार्यक्रमको संख्या। |
| | | ३.४ बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरूयोजना (२०७५-२०८५) को प्रभावकारी कार्यान्वयन गर्ने। | श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | उद्योग, वन, पर्यटन तथा वातावरण मन्त्रालय | स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, ट्रेड युनियन, उद्योग वाणिज्य क्षेत्रसँग सम्बन्धित संघ संस्था, नागरिक समाज | निरन्तर | बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरूयोजना कार्यान्वयन। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | बालबालिकाको आपतकालीन उद्धारको व्यवस्था गर्ने । | जोखिममा परेका बालबालिकाको आपतकालीन उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय, नेपाल प्रहरी | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | राष्ट्रिय बाल अधिकार परिषद, बालबालिका खोजतलास समन्वय केन्द्र र बाल हेल्पलाइन नं. १०९८, प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति, नागरिक समाज | निरन्तर | उद्धार, संरक्षण तथा व्यवस्थापन गरिएका बालबालिकाको संख्या। |
| ५. | विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई सेवा र सहयोग उपलब्ध गराउने। | ५.१ सवै स्थानीय तहमा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति, नागरिक समाज | निरन्तर | वैकल्पिक हेरचाहको व्यवस्था मिलाइएका बालबालिकाको संख्या। |
| | | ५.२ विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आवश्यकता अनुसार उद्धार, अस्थायी संरक्षण, शिक्षा स्वास्थ्य उपचार, परामर्श, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, परिवार सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरण लगायत सेवा वा संरक्षण गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति, नागरिक समाज | निरन्तर | विशेष संरक्षणमा राखिएका बालबालिकाको संख्या। |
| ६. | अपाङ्गता भएका बालबालिकाको पहिचान गरी अनुकूल शैक्षिक अवसरको सिर्जना गर्ने। | अपाङ्गता भएका बालबालिकाको लागि पाठ्यपुस्तक, शिक्षण शुल्क र परीक्षा शुल्क बापत लाग्ने खर्च सरकारको तर्फबाट व्यवस्था गरी माध्यमिक तहसम्मको निःशुल्क शिक्षाको व्यवस्था गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय | निरन्तर | अपाङ्गता भएका छात्रवृत्ति प्राप्त बालबालिकाको संख्या। |

### ३.२.१.७ सामाजिक न्याय

| क्र.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| १. | लैङ्गिक समानता कायम गरी महिलाको सम्मानपूर्वक जीवनयापनको अधिकार सुनिश्चित गर्ने। | १.१ महिला विरुद्धका सबै प्रकारका विभेद अन्त्य गरी समान रुपमा अवसर, पहुँच, प्रतिफल र लाभ सुनिश्चित गर्न लैङ्गिक समानता नीति तर्जुमा गरी लागू गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | - | - | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, सम्बन्धित संवैधानिक आयोग, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश सामाजिक विकास मन्त्रालय, स्थानीय तह, नागरिक समाज | दुई वर्ष | लैङ्गिक समानता नीतिको तर्जुमा र कार्यान्वयन। |
| | | १.२ राज्यका सबै तह, संरचना तथा विकास प्रक्रियाका प्रत्येक चरणमा महिलाको सहभागिता उल्लेख्य वृद्धि गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | सबै मन्त्रालय, संवैधानिक निकाय, न्यायपालिका, नागरिक समाज | निरन्तर | महिलाको सहभागिताको प्रतिशत। |
| २. | गरिब तथा विपन्न दलित, आदिबासी जनजाति, एकल तथा अपाङ्गता भएका महिला, बादी, कमलरी, कमैया, चेपाङ जस्ता बञ्चितीकरणमा | २.१ आर्थिक रुपले विपन्न र सामाजिक दृष्टिले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिई उद्यमशीलताको माध्यमबाट आर्थिक सशक्तिकरण र सामाजिक रुपान्तरण गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय | निरन्तर | आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडि परेका उद्यमी महिलाको संख्या। |
| | | २.२ गरिब तथा विपन्न दलित, आदिबासी जनजाति, अपाङ्गता भएका, बादी, कमलरी, कमैया, चेपाङ लगायत | महिला बालबालिका तथा ज्येष्ठ नागरिक | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, श्रम रोजगार तथा सामाजिक विकास मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना | निरन्तर | राष्ट्रपति महिला उत्थान कार्यक्रमबाट लाभान्वित व्यक्तिहरुको संख्या। |

| क.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | परेका सबै समुदायका असहाय महिला तथा किशोरीको आय आर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने। | बञ्चितीकरणमा परेका असहाय महिलाको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। | मन्त्रालय | | | मन्त्रालय, नागरिक समाज | | |
| | | २.३ एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० को प्रभावकारी कार्यान्वयन गरी आर्थिक दृष्टिकोणले कमजोर तथा विपन्न वर्गका एकल असहाय महिलाको हक, हित, संरक्षण र सम्बर्द्धन गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, नागरिक समाज | निरन्तर | संघ, प्रदेश र स्थानीय तहमा रहेका एकल महिला सुरक्षा कोषबाट लाभान्वितको संख्या। |
| ३. | प्राविधिक शिक्षामा रहेको लैङ्गिक अन्तराल कम गर्ने। | प्राविधिक शिक्षामा रहेको लैङ्गिक अन्तराल कम गर्नका लागि महिलालाई छात्रवृत्ति लगायतका उपायहरु अवलम्बन गरी प्राविधिक शिक्षामा आकृष्ट गर्ने। | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | अर्थ मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यवसायीक तालीम परिषद्, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय | निरन्तर | प्राविधिक शिक्षामा महिलाको सहभागिता। |
| ४. | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्ने। | ४.१ लैङ्गिक हिंसा, शोषण, विभेद, बोक्सीको आरोप, छाउपडी जस्ता कुरीति, कुप्रथा अन्त्यका लागि सचेतना अभिवृद्धि कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय, नेपाल प्रहरी, प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय, नागरिक समाज | निरन्तर | लैङ्गिक हिंसा, शोषण, विभेद, बोक्सीको आरोप, छाउपडी जस्ता कूरीति, कूप्रथा विरुद्ध सञ्चालन भएका सचेतनामूलक कार्यक्रमको संख्या। |

| क्र.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | ४.२ लैंगिक हिंसा, शोषण, विभेद, कुरीति तथा कुप्रथा पीडित र प्रभावितको राहत, उद्धार, पुनर्स्थापना, मनोसामाजिक परामर्श सेवा कार्यक्रम सञ्चालन गर्ने। | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सामाजिक विकास मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,<br>नेपाल प्रहरी,<br>प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय,<br>नागरिक समाज | निरन्तर | राहत, उद्धार, पुनर्स्थापना, मनोसामाजिक परामर्श सेवा प्राप्त गरेका हिंसा पीडित र प्रभावित महिलाको संख्या। |
| | | ४.३ जोखिमयुक्त अवस्थाका सुत्केरी तथा प्रसुति सेवा नपाएकाहरुको उद्धारका कार्यक्रम सञ्चालन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | - | - | अर्थ मन्त्रालय | निरन्तर | जोखिमयुक्त अवस्थाका सुत्केरी तथा प्रसुति सेवा नपाएकाहरुको उद्धार गरिएको महिलाको संख्या। |
| | | ४.४ महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद रोकथाम एवं नियन्त्रणको लागि कानूनी उपचार प्रणालीलाई सहज, छिटो र पहुँचयोग्य बनाउने र निःशुल्क कानूनी सहायता सुनिश्चित गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, नेपाल प्रहरी, | - | - | अदालतहरु,<br>प्रदेश सामाजिक विकास मन्त्रालय, प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय,<br>स्थानीय तह,<br>नेपाल बार एशोसिएशन, नागरिक समाज | निरन्तर | कानूनी उपचार र निःशुल्क सहायता प्राप्त गरेका पीडित एवं प्रभावित महिलाको संख्या। |

| क्र.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| ५. | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, पीडित/प्रभावितहरु को उद्धार, संरक्षण र पुनर्स्थापना गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारहरु बीच साझेदारी गर्ने संयन्त्र र संरचनाहरुको क्षमता अभिवृद्धि तथा सरोकारवालाहरुबीच प्रभावकारी साझेदारी कायम गर्ने । | ५.१ मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरुको उद्धार, स्वदेश फिर्ती, संरक्षण तथा पुनर्स्थापनाका लागि स्थापित संयन्त्रहरुको सुदृढीकरण तथा विस्तार गर्ने। | गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, नेपाल प्रहरी | आन्तरिक मामिला तथा कानून मन्त्रालय, सामाजिक विकास मन्त्रालय | स्थानीय तह | परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, विदेशस्थित नेपाली कुटनीतिक नियोग<br>नागरिक समाज | निरन्तर | सुदृढीकरण र विस्तार भएका संयन्त्रको संख्या। |
| | | ५.२ मानव बेचबिखन तथा ओसारपसारको जोखिम कम गर्न जोखिममा रहेका समूह/समुदायको पहिचान गरी सशक्तिकरण गर्न समुदायमा आधारित जीविकोपार्जन तथा स्वरोजगारका कार्यक्रमहरु सञ्चालन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, सामाजिक विकास मन्त्रालय | स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय,<br>नागरिक समाज | निरन्तर | जीविकोपार्जन तथा स्वरोजगार कार्यक्रमबाट लाभान्वितको संख्या। |
| | | ५.३ प्रत्येक प्रदेशमा कम्तीमा एउटा एकीकृत सेवा सुविधा सहितको दीर्घकालीन पुनर्स्थापना केन्द्र र आवश्यकता अनुसार स्थानीय तहमा पुनर्स्थापना केन्द्र निर्माण तथा सञ्चालन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय, सामाजिक | स्थानीय तह | गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,<br>नागरिक समाज | निरन्तर | प्रदेश र स्थानीय तहमा निर्मित तथा सञ्चालित एकीकृत सुविधा सहितको पुनर्स्थापना केन्द्रको संख्या। |

| क्र.सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | | | विकास मन्त्रालय | | | | |
| ६. | लैङ्गिक उत्तरदायी बजेट निर्माण गर्ने। | लैङ्गिक उत्तरदायी बजेट प्रणाली संघ, प्रदेश र स्थानीय तीनै तहमा लागू गरी कार्यान्वयन गर्ने। | अर्थ मन्त्रालय | आर्थिक मामिला तथा योजना मन्त्रालय | स्थानीय तह | सम्वद्ध सबै निकाय | निरन्तर | संघ, प्रदेश र स्थानीय तीनै तहबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालीको कार्यान्वयन। |
| | | १.२ मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनका सम्बन्धमा प्रदेश, स्थानीय तह तथा शैक्षिक संस्थाहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्न सहकार्य गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तह | गृह मन्त्रालय, रक्षा मन्त्रालय, संवैधानिक आयोग, नागरिक समाज, शैक्षिक संस्थाहरु | निरन्तर | सञ्चालन भएका सचेतना कार्यक्रमको संख्या। |
| | | १.३ नेपालको संविधानद्वारा प्रदत्त मौलिक हक कार्यान्वयन गर्न जारी भएका कानून एवं देवानी | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | - | - | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय, | निरन्तर | सरलीकृत पुस्तिकाको प्रकाशन र प्रचारप्रसार गरिएको संख्या। |

| क्र. सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | | तथा फौजदारी संहिताको सम्बन्धमा सरलीकृत पुस्तिका प्रकाशन गरी प्रचार प्रसार गर्ने। | | | | प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय, नागरिक समाज | | |
| २. | मानव अधिकारको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्तिलाई पुरस्कार प्रदान गर्ने । | मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा संलग्न व्यक्ति वा संस्थालाई मानव अधिकार राष्ट्रिय पुरस्कार प्रदान गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | - | - | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निरन्तर | मानव अधिकार राष्ट्रिय पुरस्कार प्राप्त व्यक्तिको संख्या। |
| ३. | सुरक्षाकर्मी र कानून कार्यान्वयन अधिकारीको मानव अधिकार र मानवीय कानून सम्बन्धी क्षमता अभिवृद्धि गर्ने। | ३.१ सुरक्षा निकाय एवं कानून कार्यान्वयन गर्ने निकायका अधिकारीहरुलाई प्रदान गरिने तालीममा मानव अधिकारको विषय समाविष्ट गर्ने गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरी तालीम प्रदान गर्ने। | गृह मन्त्रालय, रक्षा मन्त्रालय | - | - | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सम्बन्धित संवैधानिक आयोग, महान्यायाधिवक्ताको कार्यालय | निरन्तर | मानव अधिकार एवं मानवीय कानून समेटिएका पाठ्यक्रम तथा पाठ्यपुस्तकको संख्या। |
| ४. | नागरिकहरुमा सुरक्षा निकायसँगको सम्बन्धलाई विश्वासयोग्य बनाउने। | नागरिकहरुमा सुरक्षा निकाय "नागरिकको सुरक्षाका लागि हुन" भन्ने सोंच अभिवृद्धि गरी मानव अधिकारमैत्री समाज निर्माणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | गृह मन्त्रालय, रक्षा मन्त्रालय, सुरक्षा निकाय | आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नागरिक समाज | निरन्तर | सञ्चालन भएको सचेतनामूलक कार्यक्रमको संख्या। |
| ५. | अर्धन्यायिक निकायमा | अर्धन्यायिक निकायका जनशक्तिका | कानून, न्याय तथा संसदीय | आन्तरिक मामिला | - | सम्बन्धित मन्त्रालय, | निरन्तर | मानव अधिकार तथा |

| क्र. सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | कार्यरत जनशक्तिका लागि मानव अधिकार र न्यायका मान्य सिद्धान्त सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | लागि मानव अधिकारका मूल्य, मान्यता तथा न्यायका मान्य सिद्धान्त सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | मामिला मन्त्रालय | तथा कानून मन्त्रालय | | राष्ट्रिय न्यायिक प्रतिष्ठान, न्याय सेवा तालीम केन्द्र | | न्यायका मान्य सिद्धान्त सम्बन्धी अभिमुखीकरण कार्यक्रम र लाभान्वितको संख्या। |

३.२.१.१७ संस्थागत सुदृढीकरण

| क्र. सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| १. | मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि राष्ट्रिय मानव अधिकार आयोग लगायतका संवैधानिक आयोगहरुलाई सुदृढ बनाउने। | राष्ट्रिय मानव अधिकार आयोग लगायत आदिबासी जनजाति, महिला, दलित, समावेशी, मधेसी, थारु र मुस्लिम आयोगलाई साधन स्रोत सम्पन्न र सुदृढ बनाउने कार्यक्रम कार्यान्वयन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - | - | अर्थ मन्त्रालय | निरन्तर | राष्ट्रिय मानव अधिकार आयोग लगायतका आयोगहरुको सुदृढीकरण र स्रोत साधनको उपलब्धता। |
| २. | स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गर्ने । | संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा स्थानीय तहमा न्यायिक समितिको अधिकार र यसको प्रयोग सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, | आन्तरिक मामिला तथा कानून मन्त्रालय | स्थानीय तह | महान्यायाधिवक्ताको कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय, जिल्ला समन्वय समिति, नागरिक समाज | निरन्तर | क्षमता अभिवृद्धि कार्यक्रम र सहभागीको संख्या। |
| ३. | मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्ने संस्थाहरु बीच | मानव अधिकार सम्बन्धी कार्यक्रम सञ्चालनमा संलग्न संस्थाहरु बीच | सबै मन्त्रालय | सबै मन्त्रालय | स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्बन्धित संवैधानिक | निरन्तर | मानव अधिकार प्रवर्द्धन गर्ने सस्थाहरु बीच |

| क्र. सं. | उद्देश्य | क्रियाकलाप | जिम्मेवार निकाय | | | सहयोगी निकाय | समय सीमा | कार्यसम्पादन सूचक |
|---|---|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय | | | |
| | समन्वय गर्ने। | समन्वय अभिवृद्धि गर्ने। | | | | आयोग, नागरिक समाज | | समन्वयको अभिवृद्धि। |
| ४. | संविधान, संविधान कार्यान्वयन गर्न बनेका ऐन तथा यस कार्ययोजनाको कार्यान्वयन सम्बन्धी आवधिक प्रतिवेदन, तथ्यांक, सूचना वा जानकारी विद्युतीय माध्यमबाट संकलन र प्रशोधन गर्ने व्यवस्था गर्ने। | संविधान, संविधान कार्यान्वयन गर्न बनेका ऐन तथा यस कार्ययोजनाको कार्यान्वयन सम्बन्धी आवधिक प्रतिवेदन, तथ्यांक, सूचना वा जानकारी संकलन र प्रशोधन गर्न विद्युतीय सफ्टवेयरको विकास गरी कार्यान्वयन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सम्बन्धित सङ्घीय मन्त्रालयहरु, | प्रदेशका सम्बन्धित मन्त्रालयहरु | स्थानीय तह | सम्बन्धित संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | कार्ययोजना कार्यान्वयनको आवधिक प्रतिवेदन, तथ्यांक, सूचना वा जानकारी संकलन र प्रशोधन भई अद्यावधिक तथ्यांक प्राप्त भएको हुने। |

## विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजना (२०७८-८२)

| सिफारिश (नेपाली अनुवाद) | सिफारिश कार्यान्वयन गर्न सम्पन्न गरिने क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कार्यान्वयन तथा प्रगति सूचक |
|---|---|---|---|---|---|
| **३.२.२.१ अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष बन्ने तथा अन्तर्राष्ट्रिय संयत्रमा सहभागिता, विशेष समाधिकक्ष र अन्तर्राष्ट्रिय समुदायसँग समन्वय** | | | | | |
| १५९.१ बाँकी अन्तर्राष्ट्रिय दस्तावेजमा सहभागी हुनका लागि कानूनी तथा संस्थागत आधारको स्थापना तथा क्षमता अभिवृद्धि गर्न थप आवश्यक व्यवस्था गर्ने। (जर्जिया) | १. बलपूर्वक व्यक्ति बेपत्ता पार्ने सम्बन्धी महासन्धि (२००६), मुलुकी अपराध संहिताले अपराधको रुपमा परिभाषित गरेको। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | गृह मन्त्रालय, रक्षा मन्त्रालय, नेपाल कानून आयोग, अर्थ मन्त्रालय | निरन्तर | पक्ष बन्ने सम्बन्धमा अध्ययन भएको हुने।<br><br>बाँकी अन्तर्राष्ट्रिय दस्तावेजमा सहभागी हुनका लागि थप कानूनी तथा संस्थागत आधारको स्थापना तथा क्षमता अभिवृद्धि भएको हुने। |
| | २. अन्तराष्ट्रिय फौजदारी न्यायालयको रोम विधान(२००२) मुलुकी अपराध संहिताले जाति हत्यालाई अपराधको रुपमा परिभाषित गरेको तर मानवता विरुद्धको अपराध, युद्ध अपराध र नेपाल विरुद्ध शक्तिपूर्ण आक्रमण (aggression) लाई स्पष्ट रुपमा परिभाषित नगरिएको। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | गृह मन्त्रालय, रक्षा मन्त्रालय, नेपाल कानून आयोग, अर्थ मन्त्रालय | | |
| | ३. आप्रावासी कामदार र तिनका परिवारका सदस्यहरुको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ४. यातना विरुद्धको महासन्धि अन्तर्गतको स्वेच्छिक प्रोटोकल,२००२ | १. गृह मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय | | |
| | ५. बाल अधिकार सम्बन्धी महासन्धिको तेस्रो स्वेच्छिक प्रोटोकल, २०११। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय | | |
| | ६. अन्तर्राष्ट्रिय श्रम संगठनको हिंसा र दुर्व्यवहार सम्बन्धी महासन्धि नं१९०।(Convention on Violence and Harassment, 2011) | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय | | |
| | ७. अन्तर्राष्ट्रिय श्रम संगठनको घरेलु कामदार सम्बन्धी महासन्धि नं१८९।(Convention on Domestic Workers, 2011)<br><br>यी महासन्धिहरुको पक्ष बन्ने सम्बन्धमा अध्ययन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय | | |
| १५९.७ दिगो विकास लक्ष्य अन्तर्गतको लक्ष्य ५, ११, १३ र १६ को प्रगति सुनिश्चितताका लागि अनुमोदन | **SDGs 5,11, 13 and 16** सँग सम्बन्धित मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुको अनुमोदन गरी नेपाल पक्ष भईसकेको | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| गर्न बाँकी मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजको अनुमोदन गर्ने। (पाराग्वे) | यो सिफारिश कार्यान्वयन भईसकेको। | | | | |
| १५९.३ आणविक हतियारमा प्रतिवन्ध लगाउने सम्बन्धी सन्धिको अनुमोदन गर्ने। (होन्डुरस) | महासन्धि अनुमोदनको प्रक्रिया अघि बढाउने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, परराष्ट्र मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,<br>सङ्घीय संसद | २ वर्ष | अनुमोदन गर्ने सम्बन्धमा विस्तृत अध्ययन भएको हुने। |
| १५९.९ संयुक्त राष्ट्र सङ्घीय सन्धिजनित निकायमा हुने निर्वाचनका लागि राष्ट्रिय उम्मेदवारको छनौट खुला, योग्यतामा आधारित प्रक्रियाको अवलम्बनद्वारा गर्ने। (संयुक्त अधिराज्य र नर्दन आइरल्याण्ड) | १. संयुक्त राष्ट्र सङ्घीय सन्धिजनित निकायमा हुने निर्वाचनका लागि उपयुक्त राष्ट्रिय उम्मेदवार छनौट तथा सिफारिश सम्बन्धी एक अन्तरमन्त्रालय समितिको व्यवस्था गर्ने। | परराष्ट्र मन्त्रालय,<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गृह मन्त्रालय,<br>महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, रक्षा मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | निरन्तर | संयुक्त राष्ट्र सङ्घीय सन्धिजनित निकायमा हुने निर्वाचनका लागि अन्तर मन्त्रालय समिति गठन भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | २. समितिले उपयुक्त उम्मेदवार छनौट तथा सिफारिशका लागि मापदण्ड बनाई सोको आधारमा सिफारिश गर्ने।<br>३. समितिको सचिवालय परराष्ट्र मन्त्रालयमा रहने। | परराष्ट्र मन्त्रालय,<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गृह मन्त्रालय,<br>महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, रक्षा मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | १ वर्ष | उम्मेदवार छनौट तथा सिफारिशका मापदण्ड बनेको हुने।<br>मापदण्ड बमोजिम उम्मेदवारको छनौट र सिफारिश भएको हुने। |
| १५९.५३ क्षमता अभिवद्धिको माध्यमद्वारा कोभिड-१९ ले पारेको आर्थिक असरलाई न्यूनिकरण गरी २०३० को दिगो विकास लक्ष्य हासिल गर्नका लागि अन्तर्राष्ट्रिय साझेदारसँगको समन्वय अभिवृद्धि गर्ने। (इन्डोनेसिया) | कोभिड- १९ को आर्थिक असर न्यूनीकरणका लागि विभिन्न अन्तर्राष्ट्रिय विकास साझेदारसँग सहयोग सम्झौता सम्पन्न गर्ने । | अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय परराष्ट्र मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निरन्तर | विभिन्न विकास साझेदारसँग सम्पन्न सहयोग सम्झौताको संख्या।<br>अनुदान रकम।<br>ऋण रकम। |
| १५९.१३१ खाद्यान्न, आवास, गरिबी निवारण, रोजगारी श्रृजना, स्वास्थ्य, शिक्षा, | खाद्यान्न, आवास, गरिबी निवारण, रोजगारी सिर्जना, स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा र व्यक्ति केन्द्रित संरचनाको विकासका लागि विभिन्न राष्ट्र तथा | अर्थ मन्त्रालय ,भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण | परराष्ट्र मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | निरन्तर | सम्पन्न सहयोग सम्झौताको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| सामाजिक सुरक्षा र व्यक्ति केन्द्रित संरचनाको विकासका लागि अन्तर्राष्ट्रिय समुदायसँग प्रभावकारी समन्वयलाई अझ अभिवृद्धि गर्ने। (तुर्केमेनिस्तान) | अन्तर्राष्ट्रिय तथा अन्तरसरकारी संघ संगठनसँग द्विपक्षीय तथा बहुपक्षीय सहयोग सम्झौता सम्पन्न गर्ने । | मन्त्रालय,श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय,शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | कार्यालय , कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय<br>सम्बन्धित मन्त्रालय | | अनुदान रकम।<br>ऋण रकम। |
| १५९.१० यस अघि सिफारिश गरिए झै मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय विशेष समाधिकक्षलाई निमन्त्रणा गर्ने तर्फ विचार गर्ने। (ल्याटभिया) (युक्रेन) संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार प्रणालीसँग समन्वय/सहकार्य प्रवर्द्धन गर्न प्रयास बढाउने र संयुक्त राष्ट्र सङ्घीय विशेष समाधिक्षकलाई निमन्त्रणा गर्ने तर्फ विचार गर्ने। (रिपब्लिक अफ कोरिया) | १. मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय विशेष समाधिकक्षलाई आवश्यकता र उपयुक्तताको आधारमा निमन्त्रणा गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>परराष्ट्र मन्त्रालय,<br>विषयसँग सम्बन्धित मन्त्रालय | सम्बन्धित मन्त्रालय | निरन्तर | मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय विशेष समाधिकक्षको भ्रमण संख्या। |
| | २.विशेष समाधिकक्षको भ्रमणका अनुरोधको सम्बन्धमा यथाशिघ्र जवाफ पठाउने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,परराष्ट्र मन्त्रालय | सम्बन्धित मन्त्रालय | निरन्तर | भ्रमण अनुरोधको सम्बन्धमा पठाइएको जवाफ संख्या । |
| १५९.११८ कृषि क्षेत्रको विकासका लागि संयुक्त राष्ट्र संघका विशेष एजेन्सीसँग समन्वय गर्ने। (कुवेत) | कृषि क्षेत्रको विकासका लागि संयुक्त राष्ट्र संघका विशेष एजेन्सीसँग सहयोग सम्झौता सम्पन्न गर्ने । | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | अर्थ मन्त्रालय , कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | निरन्तर | कृषि क्षेत्रको विकासका लागि संयुक्त राष्ट्र संघका विशेष एजेन्सीसँग भएको सहयोग सम्झौताको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | परराष्ट्र मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | |
| १५९.५ मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रमा रचनात्मक सहभागीतालाई निरन्तरता दिने। (निकारागुवा) | मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय संयत्रमा सहभागी हुनुपूर्व आवश्यक तयारी र सम्बद्ध सरोकारवालासँग परामर्श गर्नुपर्ने व्यवस्था गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय , परराष्ट्र मन्त्रालय, सम्बन्धित मन्त्रालय | सम्बन्धित मन्त्रालय | निरन्तर | सरोकारवालासँग भएको छलफल, परामर्श बैठकको संख्या । |
| **३.२.२.२ नागरिकता, विचारको स्वतन्त्रता, धार्मिक स्वतन्त्रता र भेला हुन पाउने अधिकार** | | | | | |
| १५९.७७ विचारको स्वतन्त्रता (अनलाईन/अफलाईन) लाई कानून र व्यवहारमा सुनिश्चित गर्ने र पत्रकार तथा मानव अधिकारकर्मीका लागि सुरक्षित वातावरण सुनिश्चित गर्ने। (ईस्टोनिया) | १. अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थालाई आवश्यकता अनुसार समयानूकुल परिमार्जन गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २ वर्ष | कानून संशोधन भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | २.पत्रकार तथा मानव अधिकारकर्मीको सुरक्षाको प्रत्याभूती गर्न अवलम्बन गर्नुपर्ने उपायको बारेमा अध्ययनको आधारमा सुधारका उपाय अवलम्बन गर्ने। | गृह मन्त्रालय | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, मिडिया काउन्सिल | १ वर्ष | पत्रकार तथा मानव अधिकारकर्मीको सुरक्षाको प्रत्याभूत गर्न अवलम्बन गर्नुपर्ने उपायको बारेमा अध्ययन गर्न समिति गठन भएको हुने।<br><br>समितिको सुझाव कार्यान्वयन भएको हुने। |
| | ३. मानव अधिकारकर्मीको सुरक्षा र संरक्षण गर्ने सम्बन्धी आदेश, २०७७ को प्रभावकारी कार्यान्वयन गर्ने। | गृह मन्त्रालय, नेपाल प्रहरी | राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज | निरन्तर | मानव अधिकारकर्मीको सुरक्षा र संरक्षण गर्ने सम्बन्धी आदेश, २०७७ को प्रभावकारी कार्यान्वयन भएको हुने। |
| १५९.७३ विचार र अभिव्यक्ति स्वतन्त्रता अधिकारको पूर्ण सम्मानको सुनिश्चित गर्नको लागी मिडिया र सूचना प्रविधि कानूनको संशोधनमा ध्यान दिने। (ब्राजिल)<br><br>१५९.१०४अभिव्यक्ति स्वतन्त्रता र गोपनीयताको अधिकारको सम्मान हुने गरी सूचना प्रविधि, मिडिया र आमसञ्चारको नियमन सम्बन्धमा मस्यौदा गरिएको | विचार र अभिव्यक्ति स्वतन्त्रता अधिकारको र गोपनीयताको अधिकारको पूर्ण सम्मानको सुनिश्चित गर्नको लागी मिडिया र सूचना प्रविधि कानूनमा आवश्यक संशोधन गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सङ्घीय संसद, मिडिया, नागरिक समाज, राष्ट्रिय सूचना आयोग | ३ वर्ष | मिडिया र सूचना प्रविधि कानूनमा आवश्यक संशोधन भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| कानूनमा समावेश गर्ने। (क्यानडा) | | | | | |
| १५९.८० अन्तर्राष्ट्रिय मानव अधिकार कानून अनुकुल हुने गरी धार्मिक अल्पसंख्यक व्यक्तिको अधिकारको र धार्मिक स्वतन्त्रताको अधिकारको रक्षा कानूनी रुपमा र व्यवहारमा पनि गर्नका लागि सबै आवश्यक उपाय अवलम्वन गर्ने, विशेष गरी विधायीकीस्तरमा ।(हैटी) | धार्मिक अल्पसंख्यक व्यक्तिको अधिकार र स्वतन्त्रताको रक्षा गर्ने कानूनी व्यवस्था बमोजिमका उपाय अवलम्बन गर्ने। | गृह मन्त्रालय, नेपाल प्रहरी | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज | निरन्तर | धार्मिक अल्पसंख्यक व्यक्तिको अधिकार उल्लंघन भएको सम्बन्धमा प्रहरीमा परेको उजुरी संख्या। दोषी उपर भएको कारवाहीको संख्या। |
| १५९.७५ अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्ने र मानव अधिकारको क्षेत्रमा सक्रिय गैर सरकारी संस्था, विदेशी सहायता प्राप्त गर्ने गैर सरकारी संस्था समेतको स्वतन्त्र संचालन सुनिश्चित गर्ने।(चेक रिपब्लिक) | नेपालको संविधानमा राज्यको निर्देशक सिद्धान्त तथा नीति अन्तर्गत व्यवस्था भए बमोजिम अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्ने र मानव अधिकारको क्षेत्रमा सक्रिय गैर सरकारी संघसंस्थाको परिचालन तथा नियमन गर्न कानून तर्जुमा गर्ने। | गृह मन्त्रालय | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, समाज कल्याण परिषद्, प्रदेश सरकार र स्थानीय तह | ३ वर्ष | गैर सरकारी संघसंस्थाको परिचालन तथा नियमन गर्न कानून तर्जुमा भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| १५९.८१ स्वतन्त्र मिडियाको सम्मान र समर्थन सहित मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेलाको स्वतन्त्रताको रक्षा र समर्थन गर्ने। (आइसल्यान्ड)<br>१५९.८२ नेपालमा बसोबास गर्ने सबैको अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेलाको अधिकारको रक्षा र प्रवर्द्धन गर्ने। (ल्याटभिया)<br>१५९.८८ अभिव्यक्ति स्वतन्त्रताको अधिकार सुनिश्चित गर्ने र सबै व्यक्ति सार्वजनिक बहसमा संलग्न हुँदा धम्की र हिंसाबाट सुरक्षित हुने कुराको सुनिश्चित गर्ने। (अष्ट्रेलिया) | १. नेपालको संविधान र अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेलाको अधिकारको रक्षा गर्ने सम्बन्धी कानूनको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, गृह मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय सूचना आयोग,<br>नागरिक समाज | निरन्तर | अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेलाको अधिकारको रक्षा गर्ने सम्बन्धी कानून उल्लंघन भएको सम्बन्धमा प्रहरीमा परेको उजुरीको संख्या।<br>मुद्दा संख्या।<br>कारवाही भएका व्यक्तिको संख्या। |
| | २. सार्वजनिक बहसमा संलग्न हुँदा धम्की दिने र हिंसा गर्ने दोषीलाई कानूनबमोजिम कारवाही गर्ने। | गृह मन्त्रालय, नेपाल प्रहरी | अदालत,<br>महान्यायाधिवक्ताको कार्यालय | निरन्तर | मुद्दा संख्या।<br>कारवाही भएका व्यक्तिको संख्या। |
| १५९.७४ साईबर सुरक्षा सम्बन्धी कानूनले सूचनामा पहुँच तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारको | सूचनामा पहुँच तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारको सुनिश्चितता हुने गरी साईबर सुरक्षा सम्बन्धी कानून तर्जुमा गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय, | ३ वर्ष | साईबर सुरक्षा सम्बन्धी कानून तर्जुमा भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| सुनिश्चितता गर्ने व्यवस्था गर्ने। (चिलि) | | | सङ्घीय संसद, राष्ट्रिय सूचना आयोग, मिडिया, नागरिक समाज | | |
| १५९.७९ विचार र अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेलाको अधिकारको प्रयोग गरेको आधारमा कुनै पनि व्यक्ति नसमातिने कुराको सुनिश्चितता गर्ने।<br>साथै सबै गिरफ्तारी कानून अनुसार र अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्डको आधारमा गर्ने। (ग्रिस) | १. विचार र अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेलाको अधिकारको प्रयोग गरेको आधारमा मात्र कुनै पनि व्यक्तिलाई गिरफ्तार नगर्ने वा थुनामा नराख्ने कुराको व्यवहारिक रुपमा सुनिश्चितता गर्ने। | गृह मन्त्रालय, नेपाल प्रहरी | राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज | निरन्तर | विचार र अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेलाको अधिकारको प्रयोग गरेको आधारमा गिरफ्तार गरिएका र थुनामा राखिएका व्यक्तिको संख्या। |
| | २. नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपाललाई नेपालको संविधान, कानून र अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्डको विषयमा प्रशिक्षण दिने। | नेपाल प्रहरी तालिम केन्द्र, सशस्त्र प्रहरी बल नेपाल तालिम केन्द्र | गृह मन्त्रालय, महान्यायधिवक्ताको कार्यालय, राष्ट्रिय न्यायिक प्रतिष्ठान, न्याय सेवा तालिम केन्द्र, नेपाल प्रशासनीक प्रशिक्षण प्रतिष्ठान | निरन्तर | तालिमप्राप्त नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संख्या। |
| | ३. मानव अधिकारको सम्बन्धमा नेपाल प्रहरीलाई प्राप्त निर्देशनको प्रभावकारी कार्यान्वयनको अनुगमन गर्ने । | गृह मन्त्रालय | नेपाल प्रहरी, राष्ट्रिय मानव अधिकार आयोग | निरन्तर | कार्यान्वयन भएको निर्देशनको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| १५९.१९३ बिना भेदभाव नागरिकता प्रदान गर्ने कुराको सुनिश्चितताको लागि महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धिको व्यवस्थासँग बाझिने कानूनी व्यवस्थाको संशोधन गर्ने। (पानामा)<br>१५९.१७६ जन्मसँगै नागरिकताको दस्तावेज बनाउन र लैङ्गिक विभेदकारी प्रावधान खारेज गर्न नागरिकता ऐन संशोधन गर्ने। (जर्मनी)<br>१५९.१७४ नागरिकता प्राप्त गर्ने, हस्तान्तरण गर्ने र कायम राख्ने अधिकार सबै महिला र तिनका छोराछोरीलाई समान रूपले प्राप्त हुने सुनिश्चित गर्ने। (फिनल्याण्ड)<br>१५९.१६६ संविधान र नागरिकता ऐन संशोधन विधेयक, २०७६ मा भएको व्यवस्थालाई संशोधन गरी आफ्ना छोराछोरी र पति वा पत्नीलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा पुरुष र महिलाबीच | १.नेपालको संविधान तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धिको व्यवस्था अनुरुप बिना भेदभाव नागरिकता प्रदान गर्ने कुराको सुनिश्चतताको लागि महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धिको व्यवस्थासँग बाझिने कानूनी व्यवस्थामा आवश्यकता अनुसार संशोधन गर्ने। | गृह मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सङ्घीय संसद<br>महिला, बालबालिक तथा जेष्ठ नागरिक मन्त्रालय | ३ वर्ष | नेपालको संविधान तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सम्बन्धी महासन्धिको व्यवस्थासँग बाझिने कानूनी व्यवस्थाको अध्ययन भई आवश्यकता अनुसार कानूनमा संशोधन भएको हुने। |
| | २. संविधान बमोजिम हुने गरी नागरिकता प्राप्त गर्ने, हस्तान्तरण गर्ने र कायम राख्ने अधिकार सबै महिला र तिनका छोराछोरीलाई समान रूपले प्राप्त हुने कुरा व्यावहारिक रुपमा सुनिश्चित गर्ने। | गृह मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सङ्घीय संसद | निरन्तर | आमाको नामबाट नागरिकता प्राप्त गर्नेको संख्या । |
| | ३. संविधानबमोजिम हुने गरी नागरिकता ऐन संशोधन विधेयकमा आफ्ना छोराछोरी र पति वा पत्नीलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा पुरुष र महिलाबीच पूर्ण समानता सुनिश्चित गर्ने। | गृह मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सङ्घीय संसद | ३ वर्ष | नागरिकता ऐन संशोधन विधेयकमा आफ्ना छोराछोरी र पति वा पत्नीलाई नागरिकता प्रदान गर्ने सम्बन्धमा पुरुष र महिलाबीच पूर्ण समानता सुनिश्चित भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्ण समानता सुनिश्चित गर्ने। *(क्यानडा)* | | | | | |
| **३.२.२.३ मानव अधिकारकर्मीको सुरक्षा** | | | | | |
| १५९.८३ नागरिक समाज र मानव अधिकारकर्मी विशेष गरी महिला मानव अधिकारकर्मीलाई धम्की, उत्पिडनबाट सुरक्षित, सम्मानजनक र सहज वातावरणको विकास गर्न आवश्यक उपाय अवलम्बन गर्ने।<br>साथै गैर सरकारी संस्थाको दर्ता सम्बन्धमा लचकता प्रदान गर्ने/सहज बनाउने। (ल्याटभिया) | १.मानव अधिकारकर्मीलाई धम्की, उत्पिडनबाट सुरक्षा, सम्मानजनक र सहज वातावरणको विकासका लागि अवलम्बन गर्नुपर्ने उपायको बारेमा अध्ययन गर्ने। | गृह मन्त्रालय | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय,<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग | ३ वर्ष | अध्ययन समितिको गठन भएको हुने।<br>समितिको सुझाव कार्यान्वयन भएको हुने (संख्या)। |
| | २. मानव अधिकारकर्मीको सुरक्षा र संरक्षण गर्ने सम्बन्धी आदेश, २०७७ को प्रभावकारी कार्यान्वयनको अनुगमन गर्ने। | गृह मन्त्रालय | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज | निरन्तर | मानव अधिकारकर्मी सुरक्षा र संरक्षण गर्ने सम्बन्धी आदेश, २०७७ को प्रभावकारी कार्यान्वयनको अनुगमन भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. सङ्घसंस्था नियमनका लागि सङ्घीय कानून निर्माण गरी कार्यान्वयन गर्ने। | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, समाज कल्याण परिषद् | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३ वर्ष | संघ संस्था नियमन सम्बन्धमा सङ्घीय कानून निर्माण भएको हुने। |
| | ४. गैर सरकारी संस्थाको दर्ता सम्बन्धमा संस्था दर्ता ऐन, २०३४ मा संशोधन गर्ने वा नयाँ ऐन बनाउने। | गृह मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सङ्घीय संसद, समाज कल्याण परिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३ वर्ष | संस्था दर्ता सम्बन्धी कानून संशोधन वा नयाँ कानून निर्माण भएको हुने। |
| १५९.७८ प्रदर्शनकारी, मानव अधिकारकर्मी र पत्रकार विरुद्ध अत्यधिक बलको प्रयोगको अन्त्य गरी विचार, सूचना र शान्तिपूर्ण भेलाको अधिकारको सुनिश्चित गर्ने। साथै यो अधिकारको उल्लंघन गर्नेलाई कानूनी दायरामा ल्याउने। (फ्रान्स)<br>१५९.८५ कानून व्यवसायी र मानव अधिकारकर्मीको सुरक्षा साथै उनीहरु विरुद्ध हुने सबै किसिमका हमलाको | १.प्रदर्शनकारी, मानव अधिकारकर्मी र पत्रकार विरुद्ध अत्यधिक बलको प्रयोग नगर्न गृह मन्त्रालयबाट सम्बन्धित निकायलाई निर्देशन दिने। | गृह मन्त्रालय | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल | ६ महिना | गृह मन्त्रालयबाट मातहतका निकायलाई निर्देशन दिइएको हुने। |
| | २. सम्बन्धित सेवा सम्बन्धी कानूनमा दोषीलाई कारवाही गर्ने व्यवस्था गर्ने। | गृह मन्त्रालय | नेपाल कानून व्यवसायी परिषद्, नेपाल प्रहरी, अदालत, | निरन्तर | प्रदर्शनकारी, मानव अधिकारकर्मी र पत्रकार विरुद्ध अत्यधिक |

| | | | | | |
|---|---|---|---|---|---|
| अनुसन्धान र कारवाही सम्बन्धमा उपायको अवलम्बन तथा कार्यान्वयन गर्ने। (नेदरल्याण्ड) | | | महान्यायाधिवक्ताको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग | | बलको प्रयोगको उजुरी संख्या।<br>कारवाहीमा परेका दोषीको संख्या। |
| | ३. सुरक्षा निकायका कर्मचारीलाई बल प्रयोग तथा मानव अधिकार सम्बन्धी तालिम प्रदान गर्ने। | नेपाल प्रहरी तालिम केन्द्र, सशस्त्र प्रहरी बल नेपाल तालिम केन्द्र | गृह मन्त्रालय | निरन्तर | तालिमप्राप्त सुरक्षा निकायका कर्मचारीको संख्या। |
| **३.२.२.४ गरिबी निवारण** | | | | | |
| १५९.१११ गरिबी निवारणका लागि विशेष क्षेत्रमा कार्यक्रमगत हस्तक्षेप र लगानी बढाउन अन्तर्राष्ट्रिय समुदायको सहयोगमा थप समन्वय र प्रयास बढाउने। (कम्बोडिया) | गरिबी निवारणका लागि विशेष क्षेत्रमा कार्यक्रमगत हस्तक्षेप र लगानी बढाउन अन्तर्राष्ट्रिय समुदायको सहयोगमा थप समन्वय र प्रयासलाई निरन्तरता दिने। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | निरन्तर | अन्तर्राष्ट्रिय समुदायको सहयोगमा भएका कार्यको प्रगति प्रतिवेदन। |
| १५९.१०८ व्यक्तिको जीवनस्तर सुधार गर्ने लक्ष्य सहित गरिबी निवारणको लागि थप प्रयास गर्ने। (डेमोक्रेटिक पिपल्स रिपब्लिक अफ कोरिया) | १. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आन्तरिक रोजगारी अभिवृद्धिको राष्ट्रिय कार्यक्रमको रुपमा सञ्चालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय,अर्थ मन्त्रालय,राष्ट्रिय योजना आयोग, प्रदेश सरकार र स्थानीय तह | निरन्तर | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी पाएकाको संख्या। |
| | २. गरिबी निवारणका लागि सहकारी क्षेत्रलाई | भूमि व्यवस्था, सहकारी तथा गरिबी | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश | निरन्तर | गरिबी निवारणका लागि सहकारी क्षेत्र उद्यमशीलता, उत्पादन र |

| | | | | | |
|---|---|---|---|---|---|
| १५९.१०९गरिब परिवारलाई उत्पादनमूलक स्रोतसाधन, क्षमता अभिवृद्धि, आयस्रोत र दिगो विकासका अवसरमा पहुँच सुनिश्चित गरी गरिबी निवारणको प्रयासलाई निरन्तरता दिने। (लाओ पिपल्स डेम्रोक्रेटिक रिपब्लिक) १५९.११३ दिगो आर्थिक र सामाजिक विकास तथा गरिबी निवारणको प्रवर्द्धन निरन्तर गर्ने। (चीन) १५९.११९ चरम गरिबी निवारणका लागि निरन्तर प्रयास गर्ने। (लेबनान) १५९.१२० समावेशी र दिगो विकासको माध्यमबाट २०२४ सम्म १८% बाट १३% मा गरिबी झार्ने लक्ष्य हासिल गर्न निरन्तर उपाय अवलम्बन गर्ने। (म्यान्मार) १५९.११६ गरिबी निवारणमा प्राप्त भएको उपलब्धिमा थप लगानी गर्ने र प्रति व्यक्ति आय बृद्धि गर्न | उद्यमशीलता, उत्पादन र रोजगारीसँग आवद्ध गर्ने। | निवारण मन्त्रालय | सरकार तथा स्थानीय तह | | रोजगारीसँग आवद्ध भएको हुने। |
| | ३. गरिब घर परिवारको एकीकृत सूचनाको लागि गरिब घरपरिवार सूचना प्रणालीको निर्माण गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश सरकार र स्थानीय तह | २ वर्ष | गरिब घरपरिवार सूचना प्रणालीको निर्माण भएको हुने। |
| | ४. गरिब तथा विपन्न घरपरिवारलाई राज्य सुविधा परिचयपत्र वितरण गरी गरिब तथा विपन्न घरपरिवार लक्षित सेवासुविधालाई सोही परिचयपत्रसँग आबद्ध गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश सरकार र स्थानीय तह | निरन्तर | राज्य सुविधा परिचयपत्रबाट लाभान्वित गरिब तथा विपन्न घरपरिवारको संख्या। |
| | ५. हिमाली तथा उच्च पहाडी जिल्लामा सञ्चालित जीविकोपार्जन कार्यक्रमलाई मानव विकास सूचकाङ्कमा पछाडी परेका जिल्लामा विस्तार गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सम्बन्धित मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | ३ वर्ष | जीविकोपार्जन कार्यक्रम विस्तार गरिएका मानव विकास सूचकाङ्कमा पछाडी परेका जिल्लाको संख्या। |
| | ६. प्रति व्यक्ति आय वृद्धि गर्ने उद्देश्य सहित उत्पादन, रोजगारी र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने । | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सम्बन्धित मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | निरन्तर | उत्पादन, रोजगारी र क्षमता विकासका कार्यक्रमबाट प्रति व्यक्ति आय वृद्धि भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रयास बढाउने। (ईथोपिया) | | | | | |
| १५९.६१ न्यायमा पहुँच सुनिश्चित गर्न, गरिबी निवारण र कमजोर अवस्थाका व्यक्तिको अधिकारको रक्षाका लागि प्रयासलाई निरन्तरता दिने। (नाईजेरिया) | गरिब तथा कमजोर अवस्थाका व्यक्तिको अधिकार रक्षाको लागि न्यायमा पहुँचका कार्यक्रमलाई निरन्तरता दिने। | केन्द्रिय कानून सहायता समिति, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सर्वोच्च अदालत, अर्थ मन्त्रालय | प्रदेश सरकार र स्थानीय तह, नेपाल बार एशोसिएसन | निरन्तर | निःशुल्क कानूनी सहायता प्राप्त गर्ने व्यक्तिको संख्या।(बैतनिक वकिल, जिल्ला कानूनी सहायता समिति)। |
| १५९.१२३ मानव अधिकारमा आधारित पद्दतीको माध्यद्वारा गरिबी घटाउनका लागि राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्ने र दिगो विकास लक्ष्यको लक्ष्य १ र १० मा केन्द्रित हुने। (पाराग्वे)<br><br>१५९.१२४ गरिबी सम्बोधनका लागि भएका प्रयास समावेशी, लैङ्गिकमैत्री र मानव अधिकारमा आधारित भएको सुनिश्चित गर्ने।(फिलिपिन्स) | गरिबी घटाउन बनेका विभिन्न राष्ट्रिय कार्ययोजना लाई समावेशी, लैङ्गिकमैत्री र मानव अधिकारमूखी पद्दतिको आधारमा कार्यान्वयन गर्ने। | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,अर्थ मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय योजना आयोग | निरन्तर | राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन प्रगति प्रतिवेदन।<br><br>गरिबीको रेखा मुनिको जनसंख्याको प्रतिशत। |

| | | | | | |
|---|---|---|---|---|---|
| १५९.१२९ गरिबी र भोकमरी विरुद्ध लड्ने प्रयास बढाउने साथै सुरक्षित पिउने पानी र सरसफाईको पहुँच सुनिश्चित गर्ने।(सुडान) | १. "एक घर, एक धारा" कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रदेश र स्थानीय तहसँगको सहकार्यमा खानेपानी आयोजना सञ्चालन गर्ने। | खानेपानी मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय योजना आयोग, खानेपानी संस्थान | निरन्तर | कार्यक्रमबाट लाभान्वित भएका घरको संख्या। |
| १५९.११० विशेषगरी दुर्गम र अफ्ठ्यारा क्षेत्रमा सुरक्षित खानेपानी तथा सरसफाईमा पहुँचको निरन्तर प्रवर्द्धन गर्ने। (बंगलादेश) | २. खानेपानी आपूर्ति प्रणालीलाई दिगो बनाउन प्रदेश र स्थानीय तहमा साना खोल्सी र मूल संरक्षण अभियान सञ्चालन गर्ने। | प्रदेश सरकार र स्थानीय तह | खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय | निरन्तर | प्रदेश र स्थानीय तहसँगको सहकार्यमा साना खोल्सी र मूल संरक्षण अभियान अन्तर्गत सञ्चालित कार्यक्रमको संख्या। |
| १५९.११२ राष्ट्रव्यापी रूपमा उन्नत पानी सुविधाको पहुँच भएका जनसंख्याको संख्या बढाउन थप कदम चाल्न विचार गर्ने। (कम्बोडिया) | ३. सबै स्थानीय तहमा सरसफाई गुरुयोजना तयार गरी उपयुक्त प्रविधिद्वारा फोहर पानी व्यवस्थापन र ढल प्रशोधन गर्ने कार्यक्रम सञ्चालन गर्ने। | प्रदेश सरकार र स्थानीय तह | खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय | निरन्तर | फोहर पानी व्यवस्थापन र ढल प्रशोधन कार्यक्रमको संख्या। |
| १५९.१३० जनसंख्यालाई आवास, पानी उपलब्ध गराउन तथा सरसफाईसम्बन्धी व्यवस्थाका लागि गरिबी निवारणतर्फ लक्षित प्रयासलाई निरन्तरता दिने। (अजरबैजान) | ४. व्यक्तिगत, सामुदायीक र संस्थागत सरसफाई कार्यक्रम सञ्चालन गर्ने। | खानेपानी मन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | नागरिक समाज | निरन्तर | कार्यक्रमबाट लाभान्वितको संख्या। |
| | ५. आवासविहिन परिवारलाई आवासको सुविधा उपलब्ध गराउन जनता आवास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने। | शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय प्रदेश सरकार र स्थानीय तह | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ४ वर्ष | कार्यक्रमबाट लाभान्वितको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| | ६. ठोस, तरल र हानिकारक फोहोरमैला व्यवस्थापन गर्ने। | शहरी विकास मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | महानगरपालिका, नगरपालिका, गाउँपालिका, फोहोरमैला व्यवस्थापनमा संलग्न निजी संस्था | निरन्तर | ठोस, तरल र हानिकारक फोहोरमैला व्यबस्थापन सम्बन्धी उपायको पहिचान भएको हुने।<br>पहिचान गरिएको उपाय अवलम्बन भएको हुने। |
| | ७. स्वच्छ खानेपानी र सरसफाईसम्बन्धी जनचेतना अभिबृद्धि गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र, विभिन्न गैरसरकारी संस्था, सञ्चार माध्यम | निरन्तर | स्वच्छ खानेपानी र सरसफाई सम्बन्धी सूचना सामग्री सम्प्रेषण संख्या। |
| **३.२.२.५ लैङ्गिक हिंसा र जातिय भेदभावको अन्त्य, लैङ्गिक समानता** | | | | | |
| १५९.३४ जातिय प्रणालीमा आधारित सबै प्रथाको उन्मूलनको लागि सम्बन्धित मानव अधिकार दस्तावेजको आधारमा राष्ट्रिय कानूनको प्रभाकारी रुपमा कार्यान्वयन गर्ने। (एल साल्भाडोर)<br>१५९.३५ जातिय भेदभाव तथा छुवाछुत (कसूर र सजाय ऐन) | १. जातिय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ को प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, गृह मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय , महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, दलित आयोग, मधेसी आयोग, समावेशी आयोग, आदिवासी जनजाति आयोग, नागरिक समाज | निरन्तर | जातिय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ अन्तर्गत नेपाल प्रहरीमा परेका उजूरीको संख्या।<br>जातिय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ अन्तर्गत को मुद्दा संख्या।<br>दोषी उपर भएको कारवाहीको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| को कार्यान्वयनका लागि प्रभावकारी संयन्त्र विकास गर्ने। (जर्मनी) | २.जात जातिका आधारमा हुने छुवाछुतजन्य भेदभाव अन्त्य गर्न एक कार्ययोजना बनाई कार्यान्वयन गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय | १ वर्ष | कार्ययोजना तयार भएको हुने। कार्ययोजना बमोजिमका क्रियाकलाप संचलन भएको हुने (प्रगति प्रतिवेदन)। |
| १५९.३३ जातिय आधारमा हुने भेदभाव तथा हिंसाको प्रभावकारी अनुसन्धान र कारवाही गर्ने। (क्रोएसिया) | ३. जातिय आधारमा हुने भेदभाव तथा हिंसाको प्रभावकारी अनुसन्धान गरी दोषीलाई कानूनबमोजिम कारवाही गर्ने। | गृह मन्त्रालय,नेपाल प्रहरी | अदालत, महान्यायधिवक्ताको कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग,दलित आयोग, स्थानीय तह, नागरिक समाज | निरन्तर | नेपाल प्रहरीमा दर्ता भएका उजुरीको संख्या। कारवाही भएका दोषीको संख्या। |
| १५९.३२ जात जातिका आधारमा हुने भेदभावको उन्मूलनका लागि सचेतनामूलक अभियान संचालन गर्ने। साथै शैक्षिक पाठ्यक्रममा यस किसिमको भेदभावलाई प्रसय नदिने कुराको सुनिश्चित गर्ने। (बाहामास) | १. जात जातिका आधारमा हुने भेदभावको उन्मूलनका लागि सचेतनामूलक अभियान संचालन गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, दलित आयोग, नागरिक समाज | निरन्तर | सचेतनामूलक कार्यक्रमको संख्या। |
| १५९.३९ जातिय आधारमा हुने भेदभाव विरुद्धका प्रयासलाई निरन्तरता दिने। (ईटाली) | २. विद्यालयस्तरका शैक्षिक पाठ्यक्रममा जात जातिका आधारमा हुने भेदभाव विरुद्धका विषयवस्तु समावेश गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | शैक्षिक संस्थाका छाता संगठन, पाठ्यक्रम विकास केन्द्र, नागरिक समाज | निरन्तर | विद्यालयस्तरका शैक्षिक पाठ्यक्रममा जात जातिका आधारमा हुने भेदभाव विरुद्धका विषयवस्तु तथा शिक्षक निर्देशिका एवं तालिममा छुवाछुतजन्य कार्य दण्डनीय हुने व्यवस्था समावेश भएको हुने। |
| १५९.४० घृणा र जातिय | ३. जात जातिका आधारमा हुने छुवाछुतजन्य भेदभाव अन्त्य गर्न कार्ययोजना बनाई प्रभावकारी रुपमा | सङ्घीय मामिला तथा सामान्य प्रशासन | गृह मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | १ वर्ष | कार्ययोजना निर्माण भएको हुने। |

<table>
<tr><td rowspan="2">भेदभाव जस्ता अपराध विरुद्ध लड्नका लागि शिक्षा तथा सचेतनामूलक कार्यक्रम बढाउने। (जोर्डन)<br><br>**१५९.४१** जातिय तथा लैङ्गिक आधारमा हुने भेदभाव विरुद्धका प्रयासलाई निरन्तरता दिने। (लेबनान)<br><br>१५९.४२ सबै प्रकारका भेदभाव विरुद्ध विशेषगरी जात र जातिय आधारमा हुने भेदभाव विरुद्धको लडाईका लागि आवश्यक उपायलाई बढोत्तरी दिने। (अर्जेन्टिना)<br><br>१५९.४४ जातिय भेदभाव तथा छुवाछुत (कसूर र सजाय ऐन) को पूर्ण र प्रभावकारी कार्यान्वयन गरी जातिय भेदभावको उन्मूलनका लागि भएका प्रयासलाई निरन्तरता प्रदान गर्ने। (रिपब्लिक अफ कोरिया)<br><br>१५९.४७ माथिल्लो जाति र</td><td>कार्यान्वयन गर्ने।</td><td>मन्त्रालय</td><td>कार्यालय</td><td></td><td></td></tr>
<tr><td>४. सञ्चार माध्यमबाट घृणा र जातिय भेदभाव जस्ता अपराध विरुद्ध श्रव्य- दृश्य सामग्रीको उत्पादन तथा प्रसारणको व्यवस्था गर्ने।</td><td>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय</td><td>नेपाल टेलिभिजन, मिडिया काउन्सिल, नागरिक समाज</td><td>निरन्तर</td><td>श्रव्य- दृश्य सामग्रीको उत्पादन तथा प्रसारणको भएको हुने।</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| तल्लो जातिको आधारमा हुने भेदभाव उन्मूलनका लागि सार्वजनिक सचेतनामूलक अभियान संचालन गर्ने। (स्टेट अफ प्यालिष्टाइन)<br><br>१५९.४८ माथिल्लो जाति र तल्लो जातिको आधारमा हुने भेदभाव उन्मुलनका लागि सार्वजनिक सचेतनामूलक अभियानलाई बढाउने। (सुडान)<br><br>१५९.४३ जातको आधारमा हुने भेदभावका विषयलाई विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्न विचार गर्ने। (माल्टा) | | | | | |
| १५९.१६९ लैङ्गिक विभेद निषेध गर्ने सम्बन्धी वृहद कानूनी व्यवस्था गर्ने। लैङ्गिक हिंसा अन्त्य गर्न प्रभावकारी उपाय अवलम्बन गर्ने र पिडितको लागि पर्याप्त संख्यामा सुरक्षित आश्रय र अन्य आवश्यक सेवा उपलब्ध | १. प्रत्येक जिल्लामा लैङ्गिक हिंसा पीडितका लागि अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | अर्थ मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग,राष्ट्रिय महिला आयोग, दलित आयोग, मधेसी आयोग, नागरिक समाज | निरन्तर | एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको संख्या र सुविधा प्राप्त गर्नेको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| गराउने। (चेक रिपब्लिक) | २. लैङ्गिक हिंसामा परेकाको लागि दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापना गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | अर्थ मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग | निरन्तर | स्थापना भएका दीर्घकालीन पुनर्स्थापना केन्द्रको संख्या। |
| १५९.१८७ लैङ्गिक हिंसा पीडितको लागि स्थापित गरिएका सुरक्षित आश्रयस्थलको लागि दिगो कोषको सुनिश्चितता गर्ने। (मलेसिया) | ३.पुनर्स्थापना केन्द्रको प्रभावकारी सञ्चालनको लागि दीगो कोषको सुनिश्चितता गर्ने। | अर्थ मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | निरन्तर | दीगो कोष सुनिश्चित भएको हुने। |
| १५९.२०१ लैङ्गिक हिंसाबाट पीडितको संरक्षण गर्ने र लैङ्गिक समानता सुनिश्चित गर्ने प्रयासलाई बलियो बनाउने । (अजरबैजान) | ४. संचालनमा रहेका पुर्नस्थापना केन्द्रको भौतिक संरचनालाई आधुनिक र प्रविधिमैत्री बनाउने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | अर्थ मन्त्रालय | निरन्तर | भौतिक संरचना आधुनिक र प्रविधिमैत्री भएको हुने। |
| १५९.१८४ लैङ्गिक हिंसा सम्बन्धका सेवा र न्यायमा प्रभावकारी पहुँच सुनिश्चित गर्ने। (जापान)<br>१५९.२०२ लैङ्गिक हिंसा अन्त्य गर्न र लैङ्गिक हिंसालाई सम्बोधन गर्ने सेवामा प्रभावकारी पहुँच सुनिश्चित गर्ने आफ्नो प्रयासलाई दोब्बर बनाउने । (थाईल्याण्ड) | ५.लैङ्गिक विभेद निषेध गर्ने सम्बन्धमा प्रचलित कानूनमा संशोधन गर्नु पर्ने भएमा सो गर्ने र नयाँ बन्ने कानूनमा लैंगिक विभेद नहुने व्यवस्थाको सुनिश्चितता गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय,<br>प्रदेश सरकार र स्थानीय तह | गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग,राष्ट्रिय महिला आयोग, दलित आयोग, मधेसी आयोग, नागरिक समाज | निरन्तर | कानूनको प्रभावकारी कार्यान्वयन तथा आवश्यक संशोधन भएको हुने। |
| | ६.लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलताको | सबै मन्त्रालय | राष्ट्रिय मानव अधिकार | निरन्तर | शून्य सहनशीलता नीतिको |

| | | | | | |
|---|---|---|---|---|---|
| | नीतिलाई कडाईका साथ कार्यान्वयन गर्ने। | | आयोग,राष्ट्रिय महिला आयोग, दलित आयोग, मधेसी आयोग, नागरिक समाज | | कार्यान्वयन भएको हुने। |
| | ७. हिंसापीडितको तत्काल उद्धार, पुनःस्थापना र परिवारमा पुनःएकीकरणको व्यवस्थालाई थप प्रभावकारी बनाउने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग | निरन्तर | सेवा सुविधा प्राप्त हिंसापीडितको संख्या (उद्धार गरिएका, पुर्नस्थापना गरिएका, परिवारमा एकिकरण गरिएका)। |
| | ८. लैङ्गिक हिंसा र महिला विकासका अभियानमा पुरुषको सहभागिता अभिवृद्धि गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग | निरन्तर | पुरुषको सहभागितामा सञ्चालित लैङ्गिक हिंसा र महिला विकासका अभियानको संख्या। |
| | ९. सबै स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरी प्रभावकारी रुपमा संचालन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | अर्थ मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग | ५ वर्ष | लैङ्गिक हिंसा निवारण कोषको स्थापना भएको स्थानीय तहको संख्या । |
| १५९.१६७ लैङ्गिक समानता प्रवर्द्धन गर्न र महिला अधिकारको रक्षा गर्ने कुरालाई निरन्तरता दिने। (चीन)<br>१५९.१७८ लैङ्गिक समानताका लागि थप प्रयास गर्ने। **(भारत)** | १.लैङ्गिक समानता प्रवर्द्धन गर्न राष्ट्रिय लैङ्गिक समानता नीति,२०७७ को प्रभावकारी कार्यान्वयन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, सम्बन्धित संवैधानिक आयोग | निरन्तर | राष्ट्रिय लैङ्गिक समानता नीति,२०७७ कार्यान्वयनको प्रगति प्रतिवेदन । |

| | | | | | |
|---|---|---|---|---|---|
| १५९.१९७ लैंगिक हिंसा र जातिय आधारमा हुने भेदभावको अन्त्यको लागि प्रयासलाई बढाउने र बलात्कार सम्बन्धी कानूनलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बनाई पीडितका लागि न्यायमा पहुँच सुनिश्चित गर्ने। (अष्ट्रेलिया) | १. लैंगिक हिंसा र जातिय आधारमा हुने भेदभावको अन्त्यको लागी राष्ट्रिय लैगिंक समानता नीति, २०७७ को प्रभावकारी कार्यान्वयन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, दलित आयोग, मधेसी आयोग, नागरिक समाज | निरन्तर | राष्ट्रिय लैङ्गिक समानता नीति,२०७७ कार्यान्वयनको प्रगति प्रतिवेदन। |
| | २. बलात्कारको घटनामा उजुरी दर्ता गर्न हदम्याद बढाइएको समयसीमाले ल्याएको प्रभावकारिताका सम्बन्धमा अध्ययन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, नेपाल कानून आयोग | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, दलित आयोग, मधेसी आयोग, नागरिक समाज | ३ वर्ष | अध्ययन भएको हुने। |
| | ३. बलात्कार सम्बन्धी कानूनलाई अध्ययनका आधारमा आवश्यकता अनुसार संशोधन गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | महान्यायाधिवक्ताको कार्यालय, गृह मन्त्रालय राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, नेपाल बार, नागरिक समाज | ४ वर्ष | कानून संशोधन भएको हुने। |
| | ४. बलात्कार पीडितलाई प्रदान गरिने कानूनी तथा मनोवैज्ञानिक परामर्श सेवालाई विस्तार गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, नेपाल बार, नागरिक समाज | निरन्तर | कानूनी तथा मनोवैज्ञानिक परामर्श प्राप्त पीडितको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| १५९.१९२ LGBTIQ लगायत समाजका सबै तहमा यौनिक तथा लैङ्गिक आधारमा हुने दुर्व्यवहार र हिंसाको अन्त्य गर्नका लागि पूर्ण प्रतिवद्ध रहने। (नर्वे) | १. LGBTIQ लगायत समाजका सबै तहमा यौनिक तथा लैङ्गिक आधारमा हुने दुर्व्यवहार र हिंसाको अन्त्य गर्नका लागि लैङ्गिक हिंसा विरुद्धको ऐनको प्रभावकारी कार्यान्वयन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय, नेपाल प्रहरी, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, सम्बन्धित संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | लैङ्गिक हिंसा विरुद्धको ऐन अन्तर्गतका उजुरीको संख्या।<br>मुद्दाको संख्या ।<br>कारवाही भएकाको संख्या। |
| | २.यौनिक तथा लैङ्गिक आधारमा हुने दुर्वयवहार र हिंसाको अन्त्य गर्नका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, सम्बन्धित संवैधानिक आयोगहरु, नागरिक समाज | निरन्तर | सचेतनामूलक कार्यक्रमको संख्या। |
| १५९.१६४ राष्ट्रपति कार्यक्रम अन्तर्गत सबै प्रकारका लैङ्गिक हिंसाको अन्त्य गर्ने प्रयास अघि बढाउने। (उज्वेकिस्तान)<br><br>१५९.१६८ लैङ्गिक सशक्तिकरणका राष्ट्रिय कार्ययोजना लागू गर्ने कार्य अघी बढाउने र लैङ्गिक आधारमा हुने हिंसा विरुद्ध लड्नका लागि उपाय समावेश | १.राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई प्रभावकारी बनाउने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय,<br>प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, दलित आयोग, मधेसी आयोग, नागरिक समाज | निरन्तर | राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को प्रगति प्रतिवेदन । |
| | २. लैङ्गिक हिंसामा परेका सबै महिलालाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक | प्रदेश सरकार र स्थानीय तह, नेपाल | निरन्तर | निःशुल्क कानूनी सहायता उपलब्ध भएका पीडित महिलाको |

| | | | | | |
|---|---|---|---|---|---|
| गर्ने। (साइप्रस) | | मन्त्रालय, केन्द्रिय कानूनी सहायता समिति, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | बार एशोसिएसन, नागरिक समाज | | संख्या। |
| | ३. राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय लैङ्गिक समानता नीति सम्बन्धी कार्ययोजना बनाउने । | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग | ३ वर्ष | राष्ट्रिय लैङ्गिक समानता नीति कार्ययोजना बनेको हुने। |
| १५९.२२० जातिय अल्पसंख्यक विरुद्ध प्रहरीद्वारा अत्यधिक बलको प्रयोग र हिरासतमा हुने यातना विरुद्ध सुरक्षा प्रदान गर्न साथै | १.जातिय अल्पसंख्यक विरुद्ध प्रहरीद्वारा अत्यधिक बलको प्रयोग नगर्ने। | गृह मन्त्रालय, नेपाल प्रहरी, प्रदेश प्रहरी | राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज | निरन्तर | उजुरीको संख्या। |
| दोषीलाई कारवाही गर्न आवश्यक उपाय अबलम्बन गर्ने। (पोर्चुगल) | २.नेपाल प्रहरीलाई कानून कार्यान्वयन गर्ने अधिकारीले बल तथा हातहतियारको प्रयोग गर्दा पालना गर्नु पर्ने संयुक्त राष्ट्र सङ्घीय आधारभूत सिद्धान्त (Basic Principles on the Use of Force and Firearms by law enforcement offcials) को पालना गर्ने सम्बन्धी तालिम प्रदान गर्ने। | गृह मन्त्रालय, नेपाल प्रहरी तालिम केन्द्र | राष्ट्रिय मानव अधिकार आयोग | निरन्तर | तालिम प्राप्त नेपाल प्रहरीको संख्या। |
| | ३.अत्यधिक बल प्रयोग गर्ने अधिकारीलाई कानून बमोजिम कारवाही गर्ने। | गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय | राष्ट्रिय मानव अधिकार आयोग | निरन्तर | कारवाही भएकाको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| १५९.१८२ विशेष गरी न्यायपालिका, कानून कार्यान्वयन गर्ने संस्था र कूटनीतिक निकायमा महिला र पुरुषबीच समानता हासिल गर्नको लागि प्रयास बढाउने। (इराक) | १. न्यायपालिका, कानून कार्यान्वयन गर्ने निकाय र कूटनीतिक निकायमा महिला र पुरुष बीच समानता हासिल गर्नको लागि ठोस प्रयास गर्ने। | न्याय परिषद्, संवैधानिक परिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, सम्बन्धित संवैधानिक आयोग | निरन्तर | न्यायपालिका तथा कानून कार्यान्वयन गर्ने संस्था र कूटनीतिक निकायमा महिला र पुरुषको संख्या। |
| | २. राष्ट्रिय लैगिंक समानता नीति, २०७७ को प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय लैङ्गिक समानता नीति सम्बन्धी कार्ययोजना बनाउने । | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग | ३ वर्ष | राष्ट्रिय लैङ्गिक समानता नीति कार्ययोजना बनेको हुने। |
| १५९.१९८ राष्ट्रिय लैङ्गिक समानता नीतिको मस्यौदालाई अन्तिम रुप प्रदान गर्ने र यसका प्रमुख विशेषताको बारेमा समाजका सबै तहमा सचेतनामूलक क्रियाकलाप अवलम्बन गर्ने। (सिंगापुर) | राष्ट्रिय लैङ्गिक समानता नीति तर्जुमा भई कार्यान्वयनमा रहेको। | | | | |
| | राष्ट्रिय लैङ्गिक समानता नीति,२०७७ का बारेमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय महिला आयोग, सम्बन्धित संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | सञ्चालन भएका सचेतनामूलक कार्यक्रमको संख्या। |
| **३.२.२.६ महिला, बालबालिका विरुद्ध हुने भेदभावको अन्त्य तथा हानिकारक अभ्यास विरुद्ध सचेतना अभिवृद्धि** | | | | | |
| १५९.१७९ विशेष कानूनी | १. राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ को | महिला, बालबालिका | राष्ट्रिय मानव अधिकार | ३ वर्ष | राष्ट्रिय लैङ्गिक समानता नीति |

| | | | | | |
|---|---|---|---|---|---|
| तथा नीतिगत हस्तक्षेप सहित महिला तथा बालिका विरुद्ध हुने भेदभावको अन्त्य गर्न प्रभावकारी उपायको थप सुद्धिणिकरण गर्ने। साथै महिला तथा बालिका विरुद्ध हुने हानिकारक अभ्यास विरुद्ध सार्वजनिक सचेतना अभिवृद्धि गर्ने। (इन्डोनेशिया) | प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय लैङ्गिक समानता नीति सम्बन्धी कार्ययोजना बनाउने । | तथा जेष्ठ नागरिक मन्त्रालय | आयोग, राष्ट्रिय महिला आयोग | | कार्ययोजना बनेको हुने। |
| | २. महिला तथा बालिका विरुद्ध हुने कुरीति लगायतका हानिकारक अभ्यास विरुद्ध कार्ययोजना बनाई कार्यान्वयन गर्ने। | महिला, बालबालिक तथा जेष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, नागरिक समाज | १ वर्ष | कार्ययोजना निर्माण भएको हुने। |
| १५९.१९६ महिला विरुद्धका हानिकारक अभ्यास विरुद्ध सचेतनामूलक कार्यक्रम सुदृढीकरण गर्ने। यसका साथै अनुसन्धानमा सुधार र दोषीलाई कारवाही गरि पिडितलाई क्षतिपूर्ति प्रदान गर्ने। (पोर्चुगल) | ३. राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत हानिकारक अभ्यास विरुद्धको सचेतनामूलक कार्यक्रमलाई ७७ जिल्लामै विस्तार गर्ने। | महिला, बालबालिक तथा जेष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, नागरिक समाज | निरन्तर | सचेतनामूलक कार्यक्रमको संख्या। |
| | ४. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ लाई पालेर्मो प्रोटोकलसँग तादम्यता हुने गरी आवश्यक परिमार्जन गर्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सङ्घीय संसद | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | २ वर्ष | कानूनमा आवश्यक परिमार्जनको सम्बन्धमा अध्ययन भएको हुने।<br>कानून संशोधन भएको हुने। |
| १५९.१७७ महिला तथा बालिका विरुद्धका सबै प्रकारका भेदभावको अन्त्य गर्ने प्रयासलाई निरन्तरता दिने र महिला, बालबालिका र अन्य जोखिम वर्गको अधिकारलाई थप प्रवर्द्धन गर्ने। (भियतनाम) | ५. महिला विरुद्धको भेदभाव अन्त्य गर्न क्षमता अभिवृद्धि गरी सकारात्मक विभेदको कार्याक्रम थप प्रभावकारी ढङ्गले सञ्चालन गर्ने। | महिला, बालबालिक तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, प्रदेश सरकार र स्थानीय तह | निरन्तर | लाभान्वितको संख्या। |
| | ६. कानूनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीनवटै शासकीय तहमा | महिला, बालबालिक तथा जेष्ठ नागरिक | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला | निरन्तर | लैङ्गिक उत्तरदायी शासन प्रणाली अवलम्बन गरिएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| १५९.१६३ यौन हिंसा विरुद्ध र महिला तथा बालिका विरुद्ध हुने भेदभावको अन्त्य कानून र व्यवहारमा सुनिश्चित गर्ने।<br><br>साथै न्यायमा पहुँच, नागरिकताको प्राप्ति र मानवबेचबिखन रोकथाम सम्बन्धि नीतिमा पनि यी विषयहरु समावेश गर्ने। (ब्राजिल)<br><br>१५९.१९० महिला विरुद्धको भेदभाव अन्त्य गर्न राष्ट्रिय प्रणाली भित्र गरिएका प्रयासलाई थप सुद्धिणीकरण गर्ने र निरन्तरता दिने। **(अर्मानिया)**<br><br>१५९.१७३ महिला तथा बालिकामाथि हुने सबै प्रकारका हिंसालाई निषेध गर्ने कानून तर्जुमा गरी सबै मुद्दाको छानविन र दोषीलाई न्यायको दायरामा ल्याउने र पीडितले क्षतिपूर्ति पाउने व्यवस्था गर्नुका साथै छाउपडी, बालविवाह, दाइजो, छोरालाई प्राथमिकता, | लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने। | मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | आयोग, प्रदेश सरकार र स्थानीय तह | | |
| | ७.बालबिवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ को प्रभावकारी कार्यान्वयन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | गृह मन्त्रालय, नेपाल प्रहरी, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, सम्बन्धित संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | रणनीतिको प्रभावकारी कार्यान्वयन भएको हुने।<br><br>बालबिवाहको उजुरी संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| बहुविवाह र बोक्सी प्रथा जस्ता महिला तथा बालिकासँग सम्बन्धित हानिकारक अभ्यास विरुद्ध सचेतनामूलक कार्यक्रमलाई सुदृढ गर्ने। (फिनल्याण्ड)<br><br>१५९. १५९ हानिकारक अभ्यासको अन्त्य गर्न कानूनको पूर्ण कार्यान्वयन गर्ने र नीतिगत उपाय सुदृढीकरण गर्ने। (बाहामास)<br><br>१५९.१८३ बालबालिकाको छिटो र करकापमा हुने विवाह र अन्य हानिकारक अभ्यास सहित महिला तथा बालिका विरुद्ध हुने सबै प्रकारका हिंसाको रोकथाम गर्ने साथै घरेलु हिंसा विरुद्ध लड्न थप उपाय अवलम्बन गर्ने। (ईटाली)<br><br>१५९.१९९ घरेलु हिंसा लगायतका बिगतका वर्षहरुमा दर्ता भएका यस्ता मुद्दाको बढोत्तरी विरुद्ध लड्न महिला तथा बालिकामाथि हुने हिंसाको | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| बढोत्तरीको सामना गर्न थप उपाय अवलम्बन गर्ने र कुनै कानुनी स्वीकृति बिना नै हानिकारक अभ्यासलाई निषेध गर्ने। एसिड सहितको हिंसा सम्बन्धी कानून राम्रो उदाहरण हो ।(स्पेन)<br><br>१५९.१९५ लैङ्गिक हिंसा विरुद्धका र महिला र बालिकाको लागि हानिकारक मानिने केहि परम्परागत प्रथा बिरुद्ध बनेका कानूनको कार्यान्वयन सुदृढीकरण गर्ने।(फिलिपिन्स)<br><br>१५९.२०० सबै प्रकारका हानिकारक अभ्यासको अन्त्य गर्न उपायहरु अघि बढाउने। (सुडान)<br><br>१५९.२०४ सन् २०३० सम्म बाल विवाह अन्त्य गर्ने सम्बन्धी रणनीतिको कार्यान्वयन गर्ने। (बुर्किनो फासो) | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५९.२०६ बाल विवाहको अभ्यासको अन्त्य गर्ने ।(होली सि)<br><br>१५९.२०७ बालविवाहको अन्त्य गर्नका लागि निर्धारण गरिएको राष्ट्रिय कार्ययोजनाको पूर्णरुपमा कार्यान्वयन गरी अगाडी बढ्ने ,दिगो विकास लक्ष्य अनुरूप २०३० सम्ममा सबै प्रकारका बालविवाहको अन्त्य गर्ने। (काजकिस्तान)<br><br>१५९.१७१ महिला बिरुद्ध हुने भेदभावसँग लड्न तथा सबै प्रकारका यौन हिंसा , बाल विवाह र बाल श्रम अन्त्य गर्नका लागि प्रयास निरन्तर गर्ने।<br>(इजिप्ट)<br><br>१५९.१९४ हानिकारक अभ्यास, मानव बेचबिखन र बालश्रमको अन्त्य गर्न विध्यमान कानूनी र नीतिगत व्यवस्थाको सुदृढीकरण र | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| कार्यान्वयन गर्ने साथै यस विरुद्ध सचेतनामूलक अभियान प्रवर्द्धन गर्ने। (पानामा)<br><br>१५९.१६१ छाउपडी र दाईजोलाई अपराधीकरण गर्ने साथै यी विरुद्ध सबै सरोकारवालामाझ सचेतना अभिवृद्धि गर्ने र पीडकलाई कारवाही र सजाय गर्ने। (बेल्जियम) | | | | | |
| १५९.५८ बालबालिका विरुद्ध हुने सबै किसिमका यातना तथा दुर्व्यवहार अन्त्यका लागि प्रयास सुदृढीकरण गर्ने। (मोन्टेनिग्रो)<br><br>१५९.२०८ बालबालिका माथि जुनसुकै अवस्थामा हुन सक्ने सबै प्रकारका यातना र दुर्व्यवहार अन्त्य गर्न सशक्त | १. बालबालिका सम्बन्धी ऐन, २०७५ तथा नियमावली २०७८, घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ लगायतका कानूनको प्रभावकारी कार्यान्वयन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय(राष्ट्रिय बाल अधिकार परिषद्), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय | प्रदेश सरकार र स्थानीय तह, राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज | निरन्तर | बालबालिका विरुद्धका कसूरको उजुरी संख्या, मुद्दा संख्या र दोषी उपर कारवाही भएको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| रुपमा प्रयास गर्ने । कुनै बालबालिकालाई नियन्त्रणमा लिनै पर्ने अवस्था आएमा अन्तिम उपायको रुपमा मात्र बालबालिकालाई हिरासतमा राख्ने ।(लिचेस्टाईन) | | | | | |
| | २. बालबालिका विरुद्ध हुने सबै किसिमका यातना तथा दुर्व्यवहार अन्त्यका लागि बाल क्लबहरु परिचालन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय(राष्ट्रिय बाल अधिकार परिषद्), शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | प्रदेश सरकार र स्थानीय तह, राष्ट्रिय मानव अधिकार आयोग,नागरिक समाज | निरन्तर | बालबालिका विरुद्ध हुने सबै किसिमका यातना तथा दुर्व्यवहार अन्त्यका लागि बाल क्लबको संख्या। |
| | ३. बालबालिका विरुद्ध हुने सबै किसिमका यातना तथा दुर्व्यवहार अन्त्यका लागि शिक्षक तालिम, पाठ्यक्रम तथा पाठ्यपुस्तकमा यी विषय समावेश गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | पाठ्यक्रम विकास केन्द्र, शैक्षिक संस्थाका छाता संगठन, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय(राष्ट्रिय बाल अधिकार परिषद्) | निरन्तर | शिक्षक तालिम, पाठ्यक्रम तथा पाठ्यपुस्तकमा बालबालिका विरुद्ध हुने सबै किसिमका यातना तथा दुर्व्यवहार अन्त्यका विषय समावेश भएको हुने। |
| | ४.कुनै बालबालिकालाई नियन्त्रणमा लिनै पर्ने अवस्था आएमा अन्तिम उपायको रुपमा मात्र बालबालिकालाई हिरासतमा राख्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्ने। | गृह मन्त्रालय, नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | निरन्तर | बालबालिकालाई अन्तिम उपायका रुपमा मात्र हिरासतमा राख्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन भएको हुने। हिरासतमा राखिएका बालबालिकाको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५.बालसुधार गृहको सङ्ख्या र गुणस्तर वृद्धि गर्ने । | गृह मन्त्रालय | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्, महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज | निरन्तर | बाल सुधार गृहको संख्या र गुणस्तरमा वृद्धि भएको हुने। |
| १५९.१६५ सबै प्रकारका असमानता अन्त्य गर्न र विशेषगरी नयाँ संवैधानिक कानूनमा महिला विरुद्धका संरचनात्मक हिंसाको अन्त्यका लागि ठोस कार्य गर्ने। (चिलि) | १. संविधानमा उल्लेख भएको। | | | | |
| | २. संरचनात्मक विभेद एवं हिंसाको अन्त्यका लागि राष्ट्रिय लैङ्गिक समानता नीति,२०७७ को प्रभावकारी कार्यान्वयन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय महिला आयोग, सम्बन्धित संवैधानिक आयोग | निरन्तर | राष्ट्रिय लैङ्गिक समानता नीति,२०७७ को कार्यान्वयन प्रगति प्रतिवेदन। |
| १५९.१८६ महिला विरुद्ध हुने सबै प्रकारका लैङ्गिक हिंसालाई समेट्ने गरी पारिवारिक र घरेलु हिंसाका परिभाषालाई | १. महिला विरुद्ध हुने सबै प्रकारका लैङ्गिक हिंसालाई समेट्ने गरी कानूनमा आवश्यक संशोधन गर्ने। | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, सम्बन्धित संवैधानिक आयोगहरु, | ३ वर्ष | महिला विरुद्ध हुने सबै प्रकारका लैङ्गिक हिंसाको सम्बन्धमा विद्यमान कानूनको अध्ययन भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| बृहत बनाउने तथा लैङ्गिक हिंसा पीडितलाई लैङ्गिक हिंसा विरुद्ध उलपब्ध सेवामा प्रभावकारी पहुँच स्थापित गर्ने र लैङ्गिक हिंसा पीडित भएर बच्न सफल भएकालाई न्याय प्रदान गरी सबै प्रकारका यौन हिंसा र लैङ्गिक हिंसाका सम्पूर्ण रुपको निराकरण गर्न प्रभावकारी कदमहरु चाल्ने। (लिचेस्टाइन) | | प्रदेश सरकार र स्थानीय तह | नागरिक समाज | | कानूनको संशोधन भएको हुने। |
| | २. घरेलु हिंसा विरुद्ध सचेतना, सामाजिक जागरण कार्यक्रम सञ्चालन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, सम्बन्धित संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | घरेलु हिंसा विरुद्ध सचेतना सामाजिक जागरण कार्यक्रमको संख्या। |
| | ३. एकद्वार संकट व्यवस्थापन केन्द्र(OCMC) तथा पूनर्स्थापना सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, सम्बन्धित संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | एकद्वार संकट व्यवस्थापन केन्द्र(OCMC) तथा पूनर्स्थापना कार्यक्रमबाट लाभांवितको संख्या |
| **३.२.२.७ उजुरी गर्ने सुरक्षित वातावरण, महिला सशक्तिकरण तथा क्षमता अभिवृद्धि** | | | | | |
| १५९. १३९ स्वास्थ्य समुदाय भित्र कुष्ठरोग सम्बन्धी तालिमको सुनिश्चितता गर्ने र कुष्ठरोग प्रभावित व्यक्ति विरुद्धको भेदभाव उन्मूलनको | १.स्वास्थ्य समुदायभित्र कुष्ठरोग सम्बन्धी तालिममा कुष्ठरोग प्रभावित व्यक्ति विरुद्धको भेदभाव उन्मूलनको लागि संयुक्त राष्ट्र सङ्घीय सिद्धान्त र निर्देशिकाले गरेका व्यवस्था समावेश गरी सो को प्रभावकारी कार्यान्वयन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा तालिम केन्द्र, प्रदेश सरकार र स्थानीय तह | नागरिक समाज | निरन्तर | कुष्ठ रोग सम्बन्धी तालिम तथा तालिम प्राप्त गर्ने स्वास्थ्यकर्मीको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| लागी संयुक्त राष्ट्र सङ्घीय सिद्धान्त र निर्देशिकाको कार्यान्वयन गर्ने। (जापान) | २.राष्ट्रिय कुष्ठरोग रणनीति २०७९-८२ को प्रभावकारी कार्यान्वयन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | कुष्ठरोग क्षेत्रमा कार्यरत गैरसरकारी संस्था | निरन्तर | राष्ट्रिय कुष्ठरोग रणनीति २०७९-८२ कार्यान्वयन प्रगति प्रतिवेदन। |
| | ३. शुक्रराज सरुवा रोग अस्पताल, टेकुमा कुष्ठरोग क्लिनिक संचालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | कुष्ठरोग क्षेत्रमा कार्यरत गैरसरकारी संस्था | निरन्तर | क्लिनिक सञ्चालन भएको हुने। |
| १५९.२०३ महिलालाई आर्थिक र सामाजिक रुपमा सशक्त बनाउने र लैङ्गिक आधारमा हुने सबै प्रकारका हिंसा रोक्न कानूनको प्रभावकारी कार्यान्वयन गर्ने। (टर्की)<br><br>१५९.१६० महिलाको सशक्तिकरणका लागि लिइएका प्रयासलाई निरन्तर अगाडी बढाउने ।(बहराइन)<br><br>१५९.१८० महिला र बालिकाको अधिकार प्रवर्द्धन गर्न र उनीहरुलाई समाजमा सशक्तिकरण गर्न लिइएका उपायलाई निरन्तरता दिने | १. महिलालाई आर्थिक र सामाजिक रुपमा सशक्त बनाउन स्वरोजगार र उद्यमशिलताको एकृकित कार्यक्रम सञ्चालन गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,<br><br>अर्थ मन्त्रालय,<br><br>महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, सम्बन्धित संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | स्वरोजगार महिलाको संख्या। |
| | २. लैङ्गिक समानता नीति २०७७, , राष्ट्रपति महिला उत्थान कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, सम्बन्धित संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | कार्यक्रमबाट लाभान्वित महिला/बालिकाको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| ।(इरान)<br>१५९.१५६ शिक्षा, चेतना अभिवृद्धि, सीप विकास तालिम र रोजगारिको माध्यमबाट महिलालाई अझ सशक्त बनाउने ।(लाओ पिपुल्स डेमोक्रेटिक रिपब्लिक) | ३. महिलाको सहभागितालाई अर्थपूर्ण बनाउन, आर्थिक आत्मनिर्भरता, क्षमता विकास र महिला अधिकारसम्बन्धी तालिम सञ्चालन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, सम्बन्धित संवैधानिक आयोगहरु, नागरिक समाज | निरन्तर | तालिमप्राप्त महिलाको संख्या। |
| | ४. महिला सशक्तिकरणका लागि महिला सहकारी संस्था, पुरुष सञ्जाल, गैर सरकारी संस्थालाई क्रियाशील बनाई संवाहकका रुपमा परिचालन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, सम्बन्धित संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | विभिन्न संस्थाबाट भएका महिला सशक्तिकरणका कार्यक्रमको संख्या। |
| | ५. महिलाद्वारा उत्पादित सामाग्रीको प्रदर्शनी सम्बन्धी मापदण्ड, २०७७ र जीविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, सम्बन्धित संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | महिलाद्वारा उत्पादित सामाग्रीको प्रदर्शनी सम्बन्धी मापदण्ड, २०७७ र जीविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भएको हुने। |
| | ६. स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गर्ने। | प्रदेश सरकार र स्थानीय तह | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय<br>राष्ट्रिय मानव अधिकार | ४ वर्ष | महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना भएका स्थानीय तह। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आयोग, राष्ट्रिय महिला आयोग, सम्बन्धित संवैधानिक आयोग, नागरिक समाज | | |
| | ७. महिला उद्यमीबाट उत्पादित सामाग्रीहरुको बजारीकरण समेतका लागि निर्माण गरिएको एपमा महिला उद्यमीको पहुँच सहज र सरल बनाउने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, सम्बन्धित संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | एप प्रयोगकर्ता महिलाको संख्या। |
| | ८. महिला पहिला कार्यक्रम मार्फत महिलाको नेतृत्व विकास, सशक्तिकरणका लागि सबै तहमा कार्यक्रम सञ्चालन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | अर्थ मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, सम्बन्धित संवैधानिक आयोगहरु, नागरिक समाज | निरन्तर | महिला पहिला कार्यक्रम मार्फत लाभान्वित महिलाको संख्या। |
| | ९. गृहिणीलाई उत्पादनमूलक कार्यक्रममा संलग्न गराउन उद्यमी गृहिणी कार्यक्रम सञ्चालन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | अर्थ मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, सम्बन्धित संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | उद्यमी गृहिणी कार्यक्रमबाट लाभान्वितको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| १५९.१८८ प्रहरीले महिला र बालिकालाई यौन हिंसा सहित अन्य हिंसाका घटनाको उजुरी गर्ने सुरक्षित र गोप्य वातावरण उपलब्ध गराउने कुरा र त्यस्ता उजुरी दर्ता गरिएको छ, छानबिन गरिएको छ र जिम्मेवारलाई न्यायको कठघरामा ल्याइन्छ भन्ने कुराको निरन्तर सुनिश्चित गर्ने। (माल्टा)<br><br>१५९.१८५ महिला र बालिकाको लागी यौन तथा लैङ्गिक हिंसाका सम्बन्धमा उजुरी गर्नका लागि एक सुरक्षित वातावरण बनाउने र यसरी परेका उजुरीको सम्बन्धमा पूर्ण र पर्याप्त जाँच गरिने सुनिश्चित गर्ने। (लाटभिया) | १.महिला र बालिकाको लागी यौन तथा लैङ्गिक हिंसाका सम्बन्धमा उजुरी गर्नेको नाम गोप्य राख्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयनको अनुगमन गर्ने। | गृह मन्त्रालय | नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग महान्यायाधिवक्ताको कार्यालय, मानव अधिकार सम्बन्धी सबै संवैधानिक आयोग, अदालत | निरन्तर | महिला र बालिकाको लागी यौन तथा लैङ्गिक हिंसाका सम्बन्धमा उजुरी गर्नेको नाम गोप्य राखिएको हुने। |
| | २.नेपाल प्रहरीको महिला, बालबालिका तथा जेष्ठ नागरिक क्षेत्र हेर्ने निकायलाई थप स्रोत साधन सम्पन्न बनाई अनुसन्धानलाई थप सुदृढ बनाउने। | गृह मन्त्रालय | अर्थ मन्त्रालय | निरन्तर | स्रोत साधनको उपलब्धता। |
| | ३. यौन तथा लैङ्गिक हिंसाका सम्बन्धमा उजुरी गर्नका लागि २४ घण्टा खुला रहने टोल फ्रि नम्बर र हेल्पलाईन स्थापना तथा सेवा विस्तार गर्ने। | महिला, बालबालिक तथा जेष्ठ नागरिक मन्त्रालय, नेपाल प्रहरी | मानव अधिकार सम्बन्धी सबै संवैधानिक आयोग, अदालत | १ वर्ष | यौन तथा लैङ्गिक हिंसाका सम्बन्धमा उजुरी गर्नका लागि २४ घण्टा खुला रहने टोल फ्रि नम्बर र हेल्पलाईन स्थापना भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| १५९.१९१ महिलाको लैङ्गिक भेदभाव बिना समान वंशीय हक र सुरक्षित मातृत्व सम्बन्धी हक सुनिश्चित गर्ने। (निकारागुवा) | नेपालको संविधानमा व्यवस्था भएको। | | | | |
| **३.२.२.८ यातना तथा गैर न्यायिक हत्या** | | | | | |
| १५९.५९ यातना तथा गैर न्यायिक हत्याको अनुसन्धान गर्न कानून बनाई दण्डहिनता विरुद्ध अझ प्रभावकारी रुपमा लड्ने। (फ्रान्स)<br>१५९.५६ सबै गैरकानूनी हत्याको छिटो, निष्पक्ष र स्वतन्त्र अनुसन्धान सुनिश्चित गर्ने। (ग्रिस) | यातना तथा गैर न्यायिक हत्या विरुद्धका उजुरीको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानूनको दायरामा ल्याई दण्डहिनता अन्त्य गर्ने। | नेपाल प्रहरी, गृह मन्त्रालय | महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज | निरन्तर | कानून बमोजिम कारवाही भएकाको संख्या। |
| **३.२.२.९ संक्रमणकालीन न्याय** | | | | | |
| १५९.१६२ सन् १९९६ देखि २००६ सम्म विचाराधिन लैङ्गिक हिंसा सम्बन्धी आरोपका सम्बन्धमा छिटो निष्कर्षमा पुग्ने गरी अनुसन्धान | १.संक्रमणकालीन न्याय सम्बन्धी दुईवटा आयोगलाई प्रभावकारी बनाई छिटो निष्कर्षमा पुग्ने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय, सत्य निरोपण तथा मेलमिलाप आयोग, | अर्थ मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज | ४ वर्ष | संक्रमणकालीन न्याय सम्बन्धी दुईवटा आयोगलाई प्रभावकारी बनाई छिटो निष्कर्षमा पुगी पीडितलाई न्याय सुनिश्चित गरिएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| सुनिश्चित गर्ने।(बोत्स्वाना) | | वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग | | | |
| १५९.६३ बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई सत्य, न्याय र मेलमिलापका सन्दर्भमा अर्थपूर्ण परिणाम निस्कने गरी सर्वोच्च अदालतको २६ फ्रेबुअरी २०१५ को आदेश अनुरुप ल्याउने । (क्यानडा)<br><br>१५९.६७ आयोगको प्रभावकारी कार्यसञ्चालन सुनिश्चित गर्न बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन संशोधन गर्ने विधेयक पारित गर्ने ।(नर्वे)<br><br>१५९.६८ सत्य निरुपण तथा मेलमिलाप आयोगको स्वतन्त्रता सुनिश्चित गर्न र मानव अधिकार उल्लंघनका दोषीलाई न्यायको दायरामा ल्याउन आवश्यक उपायहरु अपनाउने।(रिपब्लिक अफ कोरिया) | २. संक्रमणकालीन न्यायको सम्बन्धमा संविधान, सर्वोच्च अदालतको फैसला, नेपालले स्वीकार गरेको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धता, विस्तृत शान्ति सम्झौतासमेतका आधारमा सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनमा संशोधन गरी पीडितको संक्रमणकालीन न्याय प्रकियामा अर्थपूर्ण सहभागिता सहित संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय,<br><br>सत्य निरोपण तथा मेलमिलाप आयोग, वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग | सङ्घीय संसद, महान्यायधिवक्ताको कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज | ३ वर्ष | ऐनमा आवश्यक संशोधन भई संक्रमणकालीन न्याय व्यवस्था तार्किक निष्कर्षमा पुगेको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| १५९.७२ पीडित समूहको माग सम्बोधन हुने गरी, द्धन्द्ध को समयमा पीडित भएका र दुर्व्यवहार भोग्न वाध्य भएकाको संक्रमणकालीन न्याय प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन संशोधन गर्ने।(संयुक्त अधिराज्य बेलायत र नर्दन आयरल्याण्ड)<br>१५९.६९ सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय कानून अनुरुप विश्वासयोग्य र पीडित केन्द्रित संक्रमणकालिन न्याय प्रक्रिया अगाडी बढाउने । (अष्ट्रेलिया)<br>१५९.६४ बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बनाउने। विशेषगरी यौन हिंसाको शिकार भएर बच्न सफल व्यक्ति र उनीहरुको | | | | | |

| | | | | |
|---|---|---|---|---|
| परिवारलाई संक्रमणकालीन न्याय प्रक्रिया र सम्बन्धित सरकारी योजनामा पनि समावेश गराउने । (जर्मनी)<br>१५९.६२ बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप ल्याउने, विशेष गरी आममाफीको परिभाषा, साक्षी सुरक्षा र गुनासो सम्बोधन गर्नमा भएको ढिलाइको सन्दर्भमा ध्यान दिने ।(बेल्जियम)<br>१५९.७१ पारदर्शी र समावेशी परामर्शको आधारमा, तथ्य खोज, न्याय, क्षतिपूर्ति र नदोहोरिने कुराको प्रत्याभूति साथ साथै संस्थागत सुधार सहितको एक समग्र संक्रमणकालीन न्याय रणनीति अपनाउने । (स्वीटजरल्याण्ड)<br>१५९.६५ संक्रमणकालीन न्याय प्रक्रियाले लैङ्गिक संवेदनशील दृष्टिकोण अपनाउँछ, अन्तर्राष्ट्रिय मापदण्ड | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| बमोजिम हुन्छ, पारदर्शी हुन्छ, छानविन आयोगले उजुरीका सम्बन्धमा समयमा नै निष्कर्ष निकाल्छ, सत्यतथ्य, न्याय र क्षतिपूर्तिमा सबै पीडितको अधिकार प्रत्याभूत गराउँछ भन्ने कुराको सुनिश्चित गर्ने ।(आयरल्याण्ड)<br>१५९. ६६ द्वन्द्वकालमा भएका मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लघंनसँग सम्बन्धित मुद्दा लाई प्रभावकारी रुपमा सम्बोधन गर्न र पीडितलाई न्याय प्रदान गर्न उपयुक्त उपाय अपनाउने।(इटली)<br>१५९.७० द्वन्दको क्रममा भएका मानव अधिकारको उल्लंघनका मुद्दालाई निरन्तर सम्बोधन गर्ने। (प्यालेष्टाइन) | | | | | |
| १५९.२१ संक्रमणकालीन न्याय सम्बन्धी आयोगलाई आफ्नो जनादेश पूरा गर्न स्रोत साधन उपलब्ध गराई | संक्रमणकालीन न्याय सम्बन्धी आयोगलाई प्रभावकारी कार्यसम्पादनको लागि आवश्यक स्रोत साधनको सुनिश्चितता गर्ने। | अर्थ मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, गृह मन्त्रालय | २ वर्ष | संक्रमणकालीन न्याय सम्बन्धी आयोगलाई उपलब्ध स्रोत साधन। |

| | | | | | |
|---|---|---|---|---|---|
| आयोगको स्वतन्त्रता सुनिश्चित गर्ने। (उरुग्वे) | | | | | |
| **३.२.२.१० जलवायु परिवर्तन** | | | | | |
| १५९.५४ जलवायु अनुकूलन योजनाको विकास र कार्यान्वयनमा जोखिममा रहेको जनसंख्या संलग्न भएको सुनिश्चित गर्ने। (माल्दिभ्स)<br><br>१५९.५० जलबायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण ढाँचाको विकास र कार्यन्वयनमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र आदिवासी तथा स्थानीय समुदायको अर्थपूर्ण संलग्नता सुनिश्चितता गर्ने। (फिजी)<br><br>१५९.५२ महिला, जोखिम वर्ग, अपाङ्गता भएका व्यक्ति तथा वृद्धवृद्धाको धारणालाई | सङ्घीय, प्रादेशिक तथा स्थानीय तहका जलवायु परिवर्तन सम्बन्धी नीति, योजना, बजेट कार्यक्रम तथा प्रकिया र योजनाको डिजाइन, छनौट तथा कार्यान्वयनमा जोखिममा रहेको जनसंख्याको सहभागिता सुनिश्चित गर्ने। | वन तथा वातावरण मन्त्रालय,<br><br>उर्जा तथा सिंचाई मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश सरकार र स्थानीय तह | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सम्बन्धित मन्त्रालय वा निकाय, नागरिक समाज | निरन्तर | जोखिममा रहेका जनसंख्याको सहभागितामा जलवायु अनुकूलन सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| समावेश गरी विपद् रोकथाम तथा न्यूनीकरण नीति तथा रणनीतिलाई आकार दिने सन्दर्भमा समावेशी दृष्टिकोण लागू गर्ने। (इन्डोनेशिया) | | | | | |
| १५९.४९ जलवायु परिवर्तन र प्राकृतिक प्रकोपसँग लड्न थप उपाय अवलम्बन गर्ने। (बंगलादेश) | १. राष्ट्रिय आपत्कालिन कार्य सञ्चालन केन्द्र तथा प्राकृतिक प्रकोप व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउने। | गृह मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | वन तथा वातावरण मन्त्रालय, ऊर्जा तथा सिंचाई मन्त्रालय, नागरिक समाज | निरन्तर | राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई आवश्यक श्रोतसाधन उपलब्ध भएको हुने। |
| | २. जलवायु परिवर्तन सम्बन्धी नीति कार्यान्वयन गर्ने निकायको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने। | वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकार | निरन्तर | कार्यक्रमको संख्या। |
| १५९.५१ दिगो विकासका लक्ष्यको कार्यान्वयनको लागि अवलम्वन गरिएका | १ वन स्रोतको दीगो व्यवस्थापन गरी लाभदायक रुपमा उपयोग गर्ने। | वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | वातावरण विभाग, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, | निरन्तर | जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण सम्बन्धी कार्यक्रमको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रयासको कार्यान्वयनलाई सुदृढीकरण गरी जनतालाई मानव अधिकारको प्रत्याभूति गराउने ।(भियतनाम) | | | नागरिक समाज | | पूर्व प्रारम्भिक वातावरणीय परीक्षणको संख्या।<br>वातावरण प्रभाव मूल्यांकन प्रतिवेदन संख्या । |
| | २ जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण गर्न जलवायु अनुकूलनका कार्यक्रम कार्यान्वयन गर्ने। | वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | नागरिक समाज | निरन्तर | कार्यक्रमको संख्या। |
| | ३. आर्थिक तथा सामाजिक पूर्वाधार सम्बन्धी क्रियाकलाप गर्नु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण र वातावरण प्रभाव मूल्यांकन गर्नुपर्ने कानूनी व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। | वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | नागरिक समाज | निरन्तर | पूर्व प्रारम्भिक वातावरणीय परीक्षणको संख्या।<br>वातावरण प्रभाव मूल्यांकन प्रतिवेदन संख्या। |
| **३.२.२.११ शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा, खाद्य, खानेपानीको अधिकारको सुनिश्चितता सहित जीवनस्तरमा सुधार** | | | | | |
| १५९. १०५ रोजगारीको अधिकार र योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको कार्यान्वयनलाई अझ सुदृढ पार्न र विशेष गरी | १. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आन्तरिक रोजगारी अभिवृद्धिको राष्ट्रिय कार्यक्रमको रुपमा सञ्चालन गर्ने। | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | सहकारी संघ संस्था, उद्योग वाणिज्य क्षेत्रसँग सम्बन्धित संघ संस्था, निर्माण व्यवसायी संघ, नागरिक समाज | निरन्तर | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट लाभान्वितको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| कमजोर समूहका लागि लक्षित कार्यक्रमको कार्यान्वयन गर्ने उपाय अवलम्वन गर्ने कार्य जारी राख्ने। (भुटान) | २ स्वरोजगार र उद्यमशिलता प्रवर्द्धन गर्न शैक्षिक प्रमाणपत्र धितो राखी सहुलियतपूर्ण व्याजदरमा ऋण प्रवाहको व्यवस्था विस्तार गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | बैङ्क तथा वित्तिय संस्था | निरन्तर | स्वरोजगार र उद्यमशिलता प्रवर्द्धन गर्न शैक्षिक प्रमाणपत्र धितो राखी सहुलियतपूर्ण व्याजदरमा ऋण प्राप्त गर्नेको संख्या। |
| | ३. योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा अनौपचारिक क्षेत्रलाई पनि आवद्ध गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक सुरक्षा कोष | अर्थ मन्त्रालय, निजी क्षेत्र | निरन्तर | योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध अनौपचारिक क्षेत्रको संख्या। |
| १५९.१५४ "निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५" जस्ता पहलको दायरा विस्तार गर्ने र समान आधारमा थप छात्रवृत्ति प्रदान गर्ने। (टर्की)<br>१५९.१४७ सबैको लागि निःशुल्क तथा गुणस्तरिय शिक्षा र जनस्वास्थ्यमा पहुँच सुनिश्चित गर्न सहज अवस्था श्रृजनाका प्रयासलाई निरन्तरता दिने। (डेम्रोक्रेटिक पिपल्स रिपब्लिक अफ कोरिया)<br>१५९.१५२ सबै नागरिकलाई विना भेदभाव निःशुल्क | १. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५, शिक्षा ऐन ,२०२८ तथा राष्ट्रिय शिक्षा नीति ,२०७६ जनस्वास्थ्य ऐन, २०७५ तथा नियमावली २०७७ स्वास्थ्य नीति, २०७६को प्रभावकारी कार्यान्वयन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,प्रदेश सरकार र स्थानीय तह | विभिन्न विश्वविद्यालय, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय योजना आयोग, शैक्षिक संस्थाका छाता संगठन, गैर सरकारी संघसंस्था | निरन्तर | कानून तथा नीतिको प्रभावकारी कार्यान्वयन प्रगति प्रतिवेदन । |
| | २ गुणस्तरीय, अनिवार्य तथा निःशुल्क शिक्षाका लागि विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनमा ल्याउने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय योजना आयोग, शैक्षिक संस्थाका छाता संगठन, गैर सरकारी संघसंस्थाहरु | निरन्तर | विद्यालय क्षेत्र विकास योजना कार्यन्वयन भएको विद्यालयको संख्या । |
| | ३. ऐन तथा नीतिमा व्यवस्था भएबमोजिम विद्यार्थीलाई छात्रवृत्तिको सुनिश्चितता गर्ने। | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय योजना आयोग, शैक्षिक संस्थाका छाता संगठन , गैर सरकारी | निरन्तर | छात्रावृत्ति प्राप्त गर्ने विद्यार्थीको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| गुणस्तरिय शिक्षा प्रदान गर्ने। (मरिसियस) १५९.१५१ बिना भेदभाव सबैका लागि निःशूल्क गुणस्तरिय शिक्षा सुनिश्चित गरी शिक्षा सम्बन्धी मौलिक हकको प्रतिरक्षा र प्रवर्द्धन गर्ने। (होली सि) १५९.१५५ सबै बालबालिकाका लागि निःशुल्क तथा अनिवार्य शिक्षामा पहुँच सुनिश्चित गर्ने। (फ्रान्स) | | | संघसंस्थाहरु | | |
| | ४. प्रदेश र स्थानीय तहको सहकार्यमा रोजगारमूलक र जीवनोपयोगी शिक्षा प्रदान गर्न विद्यालय शिक्षा क्षेत्र सुधार कार्यक्रम कार्यान्वयनमा ल्याउने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय योजना आयोग, शैक्षिक संस्थाका छाता संगठन, गैर सरकारी संघसंस्था | | विद्यालय शिक्षा क्षेत्र सुधार कार्यक्रम लागू भएका विद्यालयको संख्या। |
| | ५. दिवा खाजा कार्यक्रमलाई कक्षा ८ सम्म विस्तार गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, गैर सरकारी संघसंस्थाहरु | निरन्तर | विद्यालय भर्ना भएका बालबालिकाको संख्या। |
| | ६. विशिष्टिकृत नमूना विद्यालय सञ्चालनमा ल्याउने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय योजना आयोग, शैक्षिक संस्थाका छाता संगठन, गैर सरकारी संघसंस्था | ४ वर्ष | विशिष्टिकृत नमूना विद्यालयको संख्या। |
| | ७. दलित अल्पसंख्यक, लोपोन्मुख जातजाति, पिछडिएको क्षेत्र, दुर्गम तथा हिमाली क्षेत्र र आर्थिक रुपले विपन्न परिवारका बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न प्रदेश तहमा आवासीय विद्यालय सञ्चालन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय योजना आयोग, शैक्षिक संस्थाका छाता संगठन, गैर सरकारी संघसंस्था | निरन्तर | प्रदेश तहमा आवासीय विद्यालयको संख्या। |
| | ८. पढ्दै कमाउँदै कार्यक्रमलाई सबै विद्यालयमा बिस्तार गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय योजना आयोग, शैक्षिक संस्थाका छाता संगठन, गैर सरकारी संघसंस्था | निरन्तर | लाभान्वितको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| १५९.१४८ प्राथमिक र माध्यमिक शिक्षा दुवैमा लैङ्गिक समानता सुनिश्चित गर्ने थप प्रयासलाई अघि बढाउने। (बंगलादेश) | १. लामो दुरी हिडेर विद्यालय आउने छात्राको शैक्षिकस्तर अभिवृद्धिका लागि छात्रावासको निर्माण गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | अर्थ मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग, गैर सरकारी संघसंस्था | निरन्तर | छात्रावासको संख्या। |
| १५९.१४९ माध्यमिक तहमा विद्यालय भर्ना बढाउन थप उपाय अवलम्बन गर्ने। (ईथोपिया) | २.माध्यमिक शिक्षामा लैङ्गिक समानता सुनिश्चित गरी लैङ्गिक अन्तराल कम गर्नका लागि महिलालाई छात्रवृत्ति लगायतका उपाय प्रभावकारी रुपमा कार्यान्वियन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय योजना आयोग, शैक्षिक संस्थाका छाता संगठन, गैर सरकारी संघसंस्था | निरन्तर | छात्रवृत्ति प्राप्त महिलाको संख्या। |
| | ३. शिक्षासँगै सीप भन्ने अभियानका साथ माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीलाई सीपमुलक तालिम प्रदान गर्ने गरी पाठ्यक्रम विकास गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | पाठ्यक्रम विकास केन्द्र, शैक्षिक संस्थाका छाता संगठन | निरन्तर | माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीलाई सीपमुलक तालिम प्रदान गर्ने गरी पाठ्यक्रम विकास भएको हुने। |
| १५९.१५० पूर्ण समावेशिता सुनिश्चित गर्न आवश्यक सबै उपाय अवलम्बन गर्ने साथै दलित, प्रतिनिधित्व हुन नसकेको जाति र आदिवासी जनजाति, अपाङ्गता भएका सबै बालबालिकाको सबै तहका शिक्षाका सिकाइ नतिजामा सुधार ल्याउने र शिक्षण पदमा यी समूह विशेष गरी महिलाको प्रतिनिधित्व सुनिश्चित गर्न | ४. मातृभाषामा आधारभूत शिक्षा प्राप्त गर्ने हकलाई विस्तार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय योजना आयोग, शैक्षिक संस्थाका छाता संगठन, गैर सरकारी संघसंस्थाहरु | निरन्तर | मातृभाषामा पनि पढाई हुने विद्यालयको संख्या। |
| | ५. शैक्षिक सत्र शुरु हुनु अघि सार्वजनिक विद्यालयका सबै विद्यार्थीको निःशुल्क स्वास्थ्य जाँच गर्ने व्यवस्था गर्ने। | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शैक्षिक संस्थाका छाता संगठन | निरन्तर | निःशुल्क स्वास्थ्य जाँच गराउने विद्यार्थीको संख्या। |
| | ६. प्रदेश र स्थानीय तहसँगको सहकार्यमा सामुदायिक माध्यमिक विद्यालयमा स्वास्थ्य | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, | स्वास्थ्य संस्था | ४ वर्ष | स्वास्थ्य परिचारिकाको व्यवस्था भएको सामुदायिक विद्यालयको |

| | | | | | |
|---|---|---|---|---|---|
| सबै आवश्यक उपाय अपनाउने। (फिनल्याण्ड) | परिचारिकाको व्यवस्था गर्ने। | प्रदेश सरकार र स्थानीय तह | | | संख्या। |
| | ७. महिला, आदिवासी जनजाती तथा अपाङ्गता भएका व्यक्तिको लागि सुनिश्चित गरिएको आरक्षणको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र निजी शिक्षण क्षेत्रमा पनि समावेशीता सुनिश्चित गर्न प्रोत्साहन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय योजना आयोग, शैक्षिक संस्थाका छाता संगठन, गैर सरकारी संघसंस्था | निरन्तर | निजी शिक्षण क्षेत्रमा महिलाको संख्या। |
| १५९. ११४ विशेष गरी खाद्यान्नको पहुँचका हिसाबले सबैभन्दा जोखिममा रहेका जनसंख्याको खाद्य अधिकार र खाद्य असुरक्षालाई सम्बोधन गर्ने उद्देश्यले सञ्चालित सरकारी कार्यक्रमलाई निरन्तर र विस्तार गर्ने । (क्युवा)<br>१५९.१२५ भोक, पोषण र खाद्य सुरक्षा सम्बन्धी सूचकमा उल्लेखनीय प्रगति हासिल गर्नको लागी प्रयास जारी राख्ने। (कतार)<br>१५९.१२८ भोक र कुपोषण सम्बोधन गर्न समन्वयात्मक दृष्टिकोण अपनाउने सम्बन्धमा | १. आन्तरिक उत्पादन बढाउन आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम सञ्चालन गर्ने। | कृषि तथा पशुपंक्षी मन्त्रालय | कृषि सामाग्री कम्पनी लिमिटेड, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | निरन्तर | कृषि उत्पादन कार्यक्रमबाट लाभान्वितको संख्या। |
| | २. दुर्गम क्षेत्रमा खाद्य उपलब्धता सुनिश्चित गर्न खाद्य गोदाम तथा खाद्य भण्डारण एवं ढुवानीसम्बन्धी कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। | कृषि तथा पशुपंक्षी मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, राष्ट्रिय मानव अधिकार आयोग | निरन्तर | दुर्गम क्षेत्रमा खाद्य गोदाम तथा खाद्य भण्डारणको संख्या।<br>ढुवानी सम्बन्धी कार्यक्रमबाट लाभांवितको संख्या। |
| | ३. राष्ट्रिय खाद्य योजना तयार गरी कार्यान्वयन गर्ने। | कृषि तथा पशुपंक्षी मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रदेश सरकार र स्थानीय तह | ४ वर्ष | राष्ट्रिय खाद्य योजना तयार भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| विचार गर्ने। (प्यालेष्टाइन) | ४. विपद्ग्रस्त क्षेत्र घोषणा भएको क्षेत्रमा खाद्यान्नको उपलब्धता सुनिश्चित गर्ने। | कृषि तथा पशुपंक्षी मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, राष्ट्रिय मानव अधिकार आयोग | निरन्तर | खाद्यान्नको उपलब्धता प्राप्त विपद्ग्रस्त क्षेत्रको संख्या। |
| | ५. खाद्यान्नको अभाव हुने हिमाली र अति दुर्गम पहाडी जिल्लामा सरल, सर्वसुलभ र सुपथ मूल्यमा गुणस्तरीय खाद्यान्न उपलब्ध गराउने। | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | गृह मन्त्रालय, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | निरन्तर | विपद्ग्रस्त क्षेत्र घोषणा भएको क्षेत्रमा खाद्यान्नको उपलब्धता सुनिश्चित भएको हुने। |
| | ६. पोषणयुक्त खाद्यान्नको मापदण्ड तोक्ने। | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १ वर्ष | पोषणयुक्त खाद्यान्नको मापदण्ड तोकिएको हुने। |
| | ७. सन्तुलित खाना र पोषण र पोषणयुक्त करेसाबारी खेती सम्बन्धी प्रवर्द्धन गर्ने । | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | सञ्चार माध्यम, नागरिक समाज | निरन्तर | प्रवर्द्धनात्मक कार्यक्रमको संख्या। |
| | ८. कुपोषणको लक्षण र यसको उपचारको बारेमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | स्वास्थ्य संस्था, सञ्चार माध्यम, नागरिक समाज | निरन्तर | सचेतनामूलक कार्यक्रमको संख्या। |
| १५९.११५ खाद्य, स्वास्थ्य र | १.खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी | कृषि तथा पशुपंक्षी | राष्ट्रिय मानव अधिकार | निरन्तर | कानून तथा नीति कार्यान्वयन |

| | | | | | |
|---|---|---|---|---|---|
| शिक्षाको क्षेत्रमा जनताको लाभ सुनिश्चित गर्नको लागि लिइएका सफल सामाजिक नीतिलाई निरन्तरता दिने ।(बोलिभियन रिपब्लिक अफ भेनेजुएला)<br>१५९.१३८ स्वास्थ्य र शिक्षाको अधिकार थप गर्ने प्रयास गर्ने। (भारत) | ऐन, २०७५, अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन ,२०७५, शिक्षा ऐन ,२०२८ ,तथा राष्ट्रिय शिक्षा नीति २०७६, जनस्वास्थ्य ऐन, २०७५ तथा नियमावली २०७७ स्वास्थ्य नीति, २०७६ को प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। | मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,प्रदेश सरकार र स्थानीय तह | आयोग, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, राष्ट्रिय योजना आयोग, शैक्षिक संस्थाका छाता संगठन, गैर सरकारी संघसंस्था | | प्रगति प्रतिवेदन। |
| १५९.१४३ स्वास्थ्य सेवामा पहुँचलाई सहजीकरण गर्ने प्रयास निरन्तर गर्ने। (साउदी अरब) | २. सबै सरकारी स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध हुने व्यवस्था गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तह | स्वास्थ्य संस्था तथा नागरिक समाज | निरन्तर | आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्नेको संख्या। |
| १५९.१४६ स्वास्थ्य सेवाको एकिकृत सञ्जाल बलियो बनाउन सरकारले गरेका प्रयासलाई निरन्तरता दिने। (ओमान) | ३. सबै नागरिकलाई आकस्मिक स्वास्थ्य सेवामा समान पहुँचको व्यवस्था गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | स्वास्थ्य संस्था तथा नागरिक समाज | निरन्तर | आकस्मिक स्वास्थ्य सेवामा पहुँच पुगेका नागरिकको संख्या। |
| | ४. प्रत्येक स्थानीय तहमा पाँच देखि पन्ध्र शैया सहितको आधारभूत स्वास्थ्य सेवा सहितको अस्पतालको व्यवस्था गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | स्वास्थ्य संस्था तथा नागरिक समाज | २ वर्ष | पाँच देखि पन्ध्र शैया सहितको आधारभूत स्वास्थ्य सेवा सहितको अस्पताल भएका स्थानीय तह। |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५. सरकारी स्वास्थ्य संस्थाको क्षमता विकास गरी स्वास्थ्य बीमा कार्यक्रम मुलुकभर विस्तार गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | अर्थ मन्त्रालय, स्वास्थ्य संस्था तथा नागरिक समाज | ३ वर्ष | स्वास्थ्य बीमा कार्यक्रममा सहभागी भएकाको संख्या। |
| | ६. नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना, २०७९-८६ को प्रभावकारी कार्यान्वयन गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | स्वास्थ्य संस्था | निरन्तर | नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना, २०७९-८६ कार्यान्वयन प्रगति प्रतिवेदन। |
| | ७.स्वास्थ्य सम्बन्धी कार्यक्रम सहकारी र समुदायमा आधारित संस्था एवं समूहको व्यापक परिचालन गरी संचालन गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र स्थानीय सरकार | सहकारी र समुदायमा आधारित संस्था एवं समूह | निरन्तर | स्वास्थ्य सम्बन्धी सञ्चालन गरिएका कार्यक्रमको संख्या। |
| | ८.प्रत्येक नागरिकको स्वास्थ्य अभिलेख व्यवस्थित गर्न प्रमुख अस्पतालमा विद्युतीय स्वास्थ्य सूचना प्रणाली स्थापना गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय, स्वास्थ्य संस्था | ३ वर्ष | प्रमुख अस्पतालमा विद्युतीय स्वास्थ्य सूचना प्रणाली स्थापना भएको हुने। |
| १५९.१३५ गर्भपतनलाई अपराधीकरण नगर्ने र महिला तथा बालिकाको यौन तथा प्रजनन स्वास्थ्य अधिकारको रक्षा गर्ने। (फ्रान्स)<br><br>१५९.१३७ सीमान्तकृत समूहले गुणस्तरीय परिवार | १. सुरक्षित गर्भपतन र सुरक्षित प्रसुति सेवा तथा परिवार नियोजनका साधनमा सरल पहुँच पुऱ्याउने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | स्वास्थ्य संस्था, सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउने संस्था, नागरिक समाज | निरन्तर | सुरक्षित गर्भपतन र सुरक्षित प्रसुति सेवा प्राप्त गर्नेको संख्या। |
| | २ सुरक्षित गर्भपतन सेवा, महिला तथा बालिकाको | स्वास्थ्य तथा | स्वास्थ्य संस्था, सुरक्षित | निरन्तर | सचेतना अभिवृद्धि कार्यक्रमको |

| | | | | | |
|---|---|---|---|---|---|
| नियोजन सेवाहरूको विश्वव्यापी पहुँच, किशोर-किशोरी मैत्री स्वास्थ्य सेवाहरूको वृद्धि र युवाहरूको विकसित क्षमता र आवश्यकताअनुरूप व्यापक यौन शिक्षाको पूर्ण एकीकरणद्वारा आफ्नो प्रजनन अधिकारको प्रयोग गर्न सक्षम होस् भन्ने सुनिश्चित गर्न **ICPD25** को नैरोबी शिखर सम्मेलनमा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्ने। (आईसल्यान्ड) | यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी कानूनी व्यवस्थाको बारेमा महिला तथा स्वास्थ्यकर्मी लक्षित सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | जनसंख्या मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | गर्भपतन सेवा उपलब्ध गराउने संस्था, नागरिक समाज | | संख्या। |
| | ३. महिलामा हुने पाठेघरको मुखको क्यान्सरको निःशुल्क स्क्रिनिङ सेवा सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | प्रदेश सरकार र स्थानीय तह, स्वास्थ्य संस्था | निरन्तर | निःशुल्क स्क्रिनिङ सेवा सञ्चालनबाट सुविधा प्राप्त गर्ने महिलाको संख्या । |
| | ४. समुदाय तथा विद्यालयमा किशोर किशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | बाल क्लब, नागरिक समाज | निरन्तर | यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रमको संख्या। |
| १५९.१४१ दिगो विकास लक्ष्यको लक्ष्य नं ३ अनुसार नवजात शिशु मृत्युदर घटाउने कदम चाल्ने। (मरिसियस)<br><br>१५९.१४२ नवजात शिशुको मृत्युदर घटाउन भईरहेका प्रयासहरु बढाउने। **(म्यान्मार)** | १. गर्भवती महिला, नवजात शिशु लगायतका व्यक्तिलाई खोप प्रदान गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | स्वास्थ्य संस्था तथा नागरिक समाज | निरन्तर | खोप प्राप्त गर्ने गर्भवती महिला, नवजात शिशु, बालबालिकाको संख्या। |
| | २. नवजात शिशुको स्वास्थ्य सुरक्षा कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | स्वास्थ्य संस्था तथा नागरिक समाज | निरन्तर | नवजात शिशुको स्वास्थ्य सुरक्षा कार्यक्रमको संख्या। |
| | ३. एकीकृत नवशिशु बालरोग व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, | स्वास्थ्य संस्था तथा | निरन्तर | एकीकृत बालरोग व्यवस्थापन कार्यक्रमबाट लाभान्वित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रदेश सरकार र स्थानीय तह | नागरिक समाज | | बालबालिकाको संख्या। |
| | ४. गर्भवती महिलाले कम्तिमा चार पटक स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गर्ने र स्वास्थ्य संस्थामा सुत्केरी गराउने व्यवस्थालाई प्रभावकारी बनाउने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | स्वास्थ्य संस्था तथा नागरिक समाज | निरन्तर | स्वास्थ्य संस्थामा स्वास्थ्य परीक्षण र सुत्केरी गराउने महिलाको संख्या। |
| | ५. सुरक्षित मातृत्वका लागि सहुलियत प्रदान गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | स्वास्थ्य संस्था तथा नागरिक समाज | निरन्तर | सुरक्षित मातृत्व कार्यक्रमबाट सहुलियत प्राप्त महिलाको संख्या। |
| | ६. आमा सुरक्षा कार्यक्रम, राष्ट्रिय खोप कार्यक्रम, शिशु स्याहार तथा पोषण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | स्वास्थ्य संस्था तथा नागरिक समाज | निरन्तर | लाभान्वितको संख्या। |
| १५९.१३२ आकस्मिक तथा महामारीको समयमा स्वास्थ्यको अधिकारको संरक्षण सुनिश्चित गर्न स्वास्थ्य योजना तथा कार्यक्रम कार्यान्वयनमा आफ्नो प्रतिबद्धता कायम राख्ने। (बहराईन) | १. सबै नागरिकलाई आकस्मिक स्वास्थ्य सेवामा समान तथा सहज पँहुच सुनिश्चित गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | स्वास्थ्य संस्था तथा नागरिक समाज | निरन्तर | आकस्मिक स्वास्थ्य सेवामा पहुँच पुगेका नागरिकको संख्या। |
| | २. प्रत्येक स्थानीय तहमा आधारभूत, आकस्मिक स्वास्थ्य सेवा, आकस्मिक शल्यक्रिया र प्राथमिक ट्रमा क्रेयर सहितको प्राथमिक अस्पताल स्थापना गरी कम्तिमा एक चिकित्सक रहने व्यवस्था गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्थानीय तह | प्रदेश सरकार | ४ वर्ष | आकस्मिक स्वास्थ्य सेवामा सहज पँहुच प्राप्त गर्नेको संख्या।<br>आधारभूत, आकस्मिक स्वास्थ्य सेवा, आकस्मिक शल्यक्रिया र प्राथमिक ट्रमा क्रेयर सहितको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्राथमिक अस्पताल भएका स्थानीय तह । |
| | ३. नेपाल स्वास्थ्य क्षेत्र रणनीति योजना, २०७९-८७ को प्रभावकारी कार्यान्वयन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रदेश सरकार र स्थानीय तह | २ वर्ष | नेपाल स्वास्थ्य क्षेत्र रणनीति योजना,२०७९-८७ कार्यान्वयन प्रगति प्रतिवेदन। |
| १५९.११७ देशका जनताको जीवनस्तर उकास्न मुलुकको प्रयासलाई निरन्तरता दिने। (कुवेत)<br>१५९.१२७ विद्यमान कानून तथा नीतिको | शिक्षा, स्वास्थ्य, रोजगारी र आवासको अधिकार सम्बन्धी नीति,कानून, योजना तथा कार्यक्रमको समन्वयात्मक रुपमा प्रभावकारी कार्यान्वयन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, श्रम, रोजागार तथा सामाजिक सुरक्षा मन्त्रालय | राष्ट्रिय योजना आयोग, राष्ट्रिय मानव अधिकार आयोग लगायतका आयोग, नागरिक समाज, विकास साझेदार | निरन्तर | जनताको जीवनस्तरमा सुधार भएको हुने।(living standard survey, SDG, ADB World Bank Reports) |

| | | | | | |
|---|---|---|---|---|---|
| कार्यान्वयनको माध्यमबाट जनताको जीवनस्तर सुधार गर्ने प्रयासलाई निरन्तरता दिने। (श्रीलंका)<br><br>१५९.१२१ नागरिकको आधारभूत आवश्यकता जस्तै खाना, पर्याप्त आवास, पिउने पानी, शिक्षा र रोजगारीको अधिकारसँग सम्बन्धित नीतिको राम्रो व्यवस्थापन गर्ने।(निकारागुआ)<br><br>१५९.१२२ आर्थिक, सामाजिक विकासका लागि थप कदमहरु चाल्ने ।(पाकिस्तान)<br><br>१५९. १२६ आफ्ना नागरिकको सामाजिक तथा आर्थिक अधिकार सुनिश्चित गर्नको लागि प्रयासहरु तीब्र बनाउने । (रसियन फेडरेशन)<br>१५९.३८ समाजका सबै वर्गको विकासलाई समावेशी ढंगले अघि बढाउने। (भारत) | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **३.२.२.१२ आदिवासी समुदाय तथा अल्पसंख्यकको अधिकार** | | | | | |
| १५९.२१९ आदिवासी समुदायको आफ्नो भूमिको उपयोग गर्ने सम्बन्धि अधिकार सम्बन्धित कानूनमा सुनिश्चित गर्ने। (मार्सल आइल्याण्ड) | आदिवासी समुदायले आफ्नो भूमि उपयोगमा बाधा पार्ने कुनै कानूनी व्यवस्था भए सो को परिमार्जन गर्ने। | भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग लगायतका अन्य संवैधानिक आयोग, नागरिक समाज, विकास साझेदार | निरन्तर | आदिवासी समुदायले आफ्नो भूमि उपयोगमा बाधा पार्ने कानूनी व्यवस्थाको अध्ययन भएको हुने।<br><br>अध्ययनको निष्कर्ष बमोजिम आवश्यक सुधार भएको हुने। |
| १५९.१७२ विशेषगरी अल्पसंख्यक समुदायका महिला तथा बालिकाको संरक्षण तथा न्याय प्रदान गर्ने नीति अवलम्बन गर्ने। (ईस्टोनिया) | अल्पसंख्यक समुदायका महिला तथा बालिकाको संरक्षणका लागि लैंगिक समानता नीति, २०७७ बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति,२०७२, सामाजिक सुरक्षा ऐन, २०७५ मुलुकी अपराध संहिता, २०७४, बालश्रम निषेध तथा नियमन ऐन, २०५६, बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५), मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, कानूनी सहायता सम्बन्धी ऐन, २०५४ को प्रभावकारी कार्यान्वयन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मुस्लिम आयोग लगायतका आयोग, प्रदेश सरकार र स्थानीय तह, नागरिक समाज | निरन्तर | अल्पसंख्यक समुदायका महिला तथा बालिकाको संरक्षण भएको हुने। |
| **३.२.२.१३ अपाङ्गता भएका व्यक्तिको अधिकार** | | | | | |
| १५९.२२३ अपाङ्गता भएका व्यक्तिको | १. पूर्ण अपाङ्गता भएका व्यक्तिलाई स्वास्थ्य सेवासहितको पुनर्स्थापना तथा प्रशामक केन्द्र स्थापना | महिला, बालबालिका तथा जेष्ठ नागरिक | राष्ट्रिय मानव अधिकार आयोग लगायतका | ४ वर्ष | स्वास्थ्य सेवासहितको पुनर्स्थापना तथा प्रशामक केन्द्र स्थापना |

| | | | | | |
|---|---|---|---|---|---|
| जीवनस्तर उकास्न निरन्तर कार्य गर्ने। (ईजिप्ट)<br>१५९.२२७ अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण गर्न तथा नीति निर्माण र विकास प्रक्रियामा सहभागिता सुनिश्चित गर्न अवलम्वन गरिएका विविध उपायको कार्यान्वयनलाई निरन्तरता दिने । (कतार)<br>१५९.२२१ अपाङ्गता भएका सबै व्यक्तिको सबै तहको शिक्षामा पहुँच सुनिश्चित गरी समावेशी शिक्षा प्राप्त गर्ने आफ्नो प्रयास बढाउने। (बुल्गेरिया)<br>१५९.२२४ अपाङ्गता भएका व्यक्तिका अधिकार रक्षाका लागि थप प्रयास गर्ने विशेष गरी रोजगारीमा समान पहुँच उपलब्ध गराउने, शिक्षा र स्वास्थ्य | गर्ने। | मन्त्रालय | आयोग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह, नागरिक समाज | | भएको हुने । |
| | २. अपाङ्गता भएका व्यक्तिको स-सम्मान बाँच्न पाउने अधिकार प्रवर्द्धनको लागि आपाङ्गमैत्री रोजगार तथा स्व-रोजगार कार्यक्रम सञ्चालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग लगायतका आयोगहरु, प्रदेश सरकार र स्थानीय तह, नागरिक समाज | निरन्तर | अपाङ्गमैत्री रोजगार तथा स्व-रोजगार कार्यक्रमबाट लाभान्वित अपाङ्गता भएका व्यक्तिको संख्या। |
| | ३. अपाङ्गता भएका व्यक्तिका लागि साङ्केतिक भाषा र ब्रेल लिपिका पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग लगायतका आयोगहरु, प्रदेश सरकार र स्थानीय तह, नागरिक समाज | निरन्तर | साङ्केतिक भाषा र ब्रेल लिपिका पाठ्यपुस्तक निःशुल्क प्राप्त गर्ने अपाङ्गता भएका व्यक्तिको संख्या। |
| | ४. अपाङ्गता भएक व्यक्तिको दैनिक काम, सहभागिता र हिडडुलको लागि चाहिने सहायक सामग्रीको उत्पादन तथा उपलब्धता सहज बनाउने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | अर्थ मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह, नागरिक समाज | निरन्तर | सहायक सामग्री प्राप्त गर्नेको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| सुविधामा पहुँच उपलब्ध गराउने ।(ईस्लामिक रिपब्लिक अफ ईरान) | ५. अपाङ्गता भएका व्यक्तिको screening मार्फत समयमै पहिचानका उपाय अवलम्बन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य संस्थाहरु | निरन्तर | Screening को सेवाप्राप्त गरेका नागरिकको संख्या। |
| १५९.१५३ अपाङ्गता भएका बालबालिका लगायत कसैलाई पनि पछाडि नछोड्ने सर्वसमावेशी शिक्षा प्रणाली सुनिश्चित गर्ने आफ्नो प्रयास जारी राख्ने। (नर्वे) | ६. अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त अनुकुलता प्रदान गरी व्यावसायिक तथा प्राविधिक शिक्षा, प्रौढ शिक्षा ,व्यवहारिका शिक्षा तथा आजिवन सिकाईमा पहुँच पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्, राष्ट्रिय योजना आयोग, नागरिक समाज | निरन्तर | व्यवसायिक तथा प्राविधिक शिक्षा प्रौढ शिक्षा व्यवहारिका शिक्षा तथा आजिवन सिकाईमा पहुँच पुग्ने शिक्षा प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिको संख्या। |
| १५९.२२५ अपाङ्गता भएका व्यक्तिको पुनर्स्थापना सम्बन्धी सुविधा र सामाजिक सुरक्षा कार्यक्रममा पहुँच कायम गर्न निरन्तर उपाय अवलम्वन गर्ने। (जोर्डन) | १. अपाङ्गता भएका व्यक्तिको उद्धारका लागि आवास गृह निर्माण गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | अर्थ मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग लगायतका आयोग, प्रदेश सरकार र स्थानीय तह, नागरिक समाज | निरन्तर | स्वास्थ्य सहयोगी सामग्री प्राप्त गरेजा अपाङ्गता भएका व्यक्तिको संख्या । |
| १५९.२२६ समुदायमा आधारित पुनर्स्थापना सेवा र सामाजिक सुरक्षा कार्यक्रममा अपाङ्गता भएका व्यक्तिको सहज पहुँच सुनिश्चित गर्ने।(मलेसिया) | २. अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग लगायतका आयोग, प्रदेश सरकार र स्थानीय तह, नागरिक समाज | निरन्तर | पुनर्स्थापना कार्यक्रमबाट लाभान्वितको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| १५९.२२२ दिगो विकास लक्ष्य हासिल गर्न र अपाङ्ग मैत्री विकास कार्यक्रमको कार्यान्वयनका लागि अपाङ्गता भएका व्यक्ति र उनीहरुको प्रतिनिधित्व गर्ने संघ संस्थाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।(बुल्गेरिया) | १. सार्वजनिक भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधन, शैक्षिक संस्था, सडक, भवन र कार्यस्थल अपाङ्गमैत्री बनाई अपाङ्गता भएका व्यक्तिको आवागमन सहज बनाउने। | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ,राष्ट्रिय मानव अधिकार आयोग लगायतका आयोग | निरन्तर | अपाङ्गमैत्री संरचनाको अवस्था। |
| | २ अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम तयार गर्दा तथा कार्यान्वयन गर्दा उनीहरुको प्रतिनिधित्व सुनिश्चित गर्ने र समावेशीता सुनिश्चित गर्ने कानूनको प्रभावकारी कार्यान्वयन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | गृह मन्त्रालय, राष्ट्रिय योजना आयोग,निर्वाचन आयोग, राजनीतिक दलहरु, नागरिक समाज | निरन्तर | अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम र उनीहरुको सहभागिता संख्या। |
| **३.२.२.१४ कोभिड-१९** | | | | | |
| १५९.१४० वर्तमान अवस्थामा बृद्धबृद्धाले सामना गर्ने चरम जोखिम विशेष गरी कोभिड-१९ महामारीको सन्दर्भमा उनीहरुको मानव अधिकार र गरिमाको प्रवर्द्धन र | १. कोभिड-१९ को अवस्थामा बृद्धबृद्धालाई प्राथमिकताका साथ निःशुल्क खोप उपलब्ध गराउने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, स्वास्थ्य संस्था, नागरिक समाज | १ वर्ष | निःशुल्क खोप प्राप्त गरेका तथा उपचार प्राप्त गरेका बृद्धबृद्धाको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| संरक्षणलाई बलियो बनाउन सबै आवश्यक उपायहरु अपनाउने। । (अर्जेन्टिना) | २. कोभिड-१९ को संक्रमण भएका बृद्धबृद्धालाई सरकारी अस्पतालबाट निःशुल्क उपचारको व्यवस्था गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, स्वास्थ्य संस्था, नागरिक समाज | निरन्तर | सरकारी अस्पतालबाट निःशुल्क उपचार प्राप्त वृद्धबृद्धाको संख्या। |
| १५९.१४४ विद्यमान कोभिड-१९ को महामारीलाई ध्यानमा राख्दै महामारीको समयमा आधारभूत स्वास्थ्य सेवाको पहुँचमा अवरोध कम गर्दै विश्वव्यापी स्वास्थ्य पहुँचको प्रयासलाई निरन्तरता दिने। (सिंगापुर) | १. जनस्वास्थ्य सेवा ऐन, २०७५ को सबै अवस्थामा प्रभावकारी रुपमा कार्यान्वयन गरी आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, स्वास्थ्य संस्था, नागरिक समाज | १ वर्ष | महामारीको समयमा पनि आधारभूत स्वास्थ्य सेवा निरन्तर प्रवाहित भएको हुने।<br>आवश्यक जनशक्ति तथा स्रोत साधनको उपलब्धता। |
| | २. स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने जनशक्ति तथा स्रोत साधनको सुनिश्चितता गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र, अर्थ मन्त्रालय | १ वर्ष | उपलब्ध जनशक्तिको संख्या |
| | ३. स्वास्थ्यकर्मीको सुरक्षा प्रत्याभूति गर्ने तथा जोखिम न्यूनिकरणका लागि आवश्यक उपकरण तथा स्वास्थ्य सामाग्री एवं प्रोत्साहनका कार्यक्रम कार्यान्वयन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | अर्थ मन्त्रालय | १ वर्ष | स्वास्थ्य सामाग्री तथा उपकरणको उपलब्धता सुनिश्चित भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| १५९. १३३ समाजमा भएका जोखिम समूहको विशेष आवश्यकतालाई ध्यानमा राखी सामाजिक आर्थिक पक्षमा सुधार गरी कोभिड १९ महामारीको प्रभावको सामना गर्ने । (चिली) | कोभिड-१९ महामारीको समयमा जोखिममा रहेका व्यक्ति, समूह वा समुदायको सामाजिक आर्थिक अवस्थालाई दृष्टिगत गरी खाद्यान्न, औषधीउपचार, एवं न्यूनतम अवधिको रोजगारीको व्यवस्था गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश तथा स्थानीय तह | गृह मन्त्रालय, नागरिक समाज | १ वर्ष | महामारीको समयमा जोखिममा रहेका व्यक्ति समूह वा समुदायको सामाजिक आर्थिक अवस्थालाई दृष्टिगत गरी खाद्यान्न, औषधीउपचार, एवं न्यूनतम अवधिको रोजगारीको व्यवस्था गरिएको हुने। |
| १५९.१३४ बालश्रममा बालबालिका संलग्न हुन सक्ने जोखिम न्यूनिकरण गर्न कोभिड १९ महामारीको प्रतिकार्यका लागि लिइने नीतिमा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका र परिवारलाई समावेश गर्ने ।(क्रोएसिया) | बालश्रममा बालबालिका संलग्न हुन सक्ने जोखिम न्यूनिकरण गर्न कोभिड-१९ महामारीको प्रतिकार्यका लागि लिइने नीतिमा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका र परिवारका लागि लक्षित कार्यक्रम समावेश गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज, बाल कल्याण समितिहरु | निरन्तर | जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका र परिवारका लागि लक्षित कार्यक्रमको संख्या। |
| १५९.१८१ विशेष गरी कोभिड-१९ लकडाउनको समयमा बालिकालाई अनलाइन शिक्षामा समान पहुँच प्रदान गर्ने प्रयास बढाउने। (इस्लामिक रिपब्लिक अफ | १. कोभिड-१९ को लकडाउनको समयमा बालबालिकालाई रेडियो, टेलिभिजन तथा एफ एमका माध्यमबाट अनलाईन शिक्षा सञ्चालनको लागि आवश्यक व्यवस्था गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, विद्यालयहरु, शिक्षकहरु | नेपाल टेलिकम, नेपाल टेलिभिजन, एफ. एम रेडियोहरु, अभिभावकहरु | १ वर्ष | अनलाईन शिक्षा सञ्चालबाट लाभान्वित बालबालिकाको संख्या।<br>-कोभिड-१९ को समयमा CUG को सिम, मोबाईल/डेटाप्याक प्राप्त गर्नेको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| इरान) | | | | | |
| | २. अनलाईन शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न ईन्टरनेट शुल्कमा सहुलियत प्रदान गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, विद्यालयहरु, शिक्षकहरु | नेपाल टेलिकम<br>नेपाल टेलिभिजन, एफ. एम रेडियोहरु, अभिभावकहरु | १ वर्ष | अनलाईन शिक्षाका लागि ईन्टरनेट शुल्कमा सहुलियत प्राप्त गर्ने नागरिकको संख्या। |
| | ३. कोभिड-१९ को समयमा शिक्षालाई निरन्तरता दिन CUG को सिम वितरण गर्ने तथा सम्बन्धित स्थानीय तहहरुबाट मोबाईल/डेटाप्याक वितरण गरी अध्ययन अध्यापनलाई निरन्तरता दिने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, विद्यालयहरु, शिक्षकहरु | नेपाल टेलिकम, नेपाल टेलिभिजन, एफ. एम रेडियोहरु, अभिवावकहरु | १ वर्ष | **CUG** को सिम तथा डेटाप्याक प्राप्त गर्ने विद्यार्थीको संख्या। |
| **३.२.२.१५ राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य संवैधानिक आयोग** | | | | | |
| १५९.२३ राष्ट्रिय मानव अधिकार आयोगको उच्च हैसियत अनुकुल हुने गरी राष्ट्रिय मानव अधिकार आयोग विधेयक बनाउन आवश्यक उपाय निरन्तर गर्ने। (जर्जिया) | संविधान अनुकुल हुनेगरी राष्ट्रिय मानव अधिकार आयोग ऐनमा संशोधन गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सङ्घीय संसद | अर्थ मन्त्रालय, नागरिक समाज | २ वर्ष | संविधान अनुकुल हुनेगरी राष्ट्रिय मानव अधिकार आयोग ऐनमा संशोधन भएको हुने। |
| १५९.२५ राष्ट्रिय मानव अधकिर आयोगको | १. नेपालको संविधान र पेरिस सिद्धान्त अनुकुल हुने गरी राष्ट्रिय मानव अधिकार आयोगको | कानून, न्याय तथा संसदीय मामिला | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को | १ वर्ष | ऐन संशोधन भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| कार्यसञ्चालन पेरिस सिद्धान्त बमोजिम प्रभावकारी रुपमा हुने सुनिश्चित गर्न आवश्यक कदम चाल्ने, यसको लागि आयोगको वित्तीय स्वायत्तता र यसको सिफारिशहरू कार्यान्वयन सुनिश्चित गर्ने। (अष्ट्रेलिया)<br>पेरिस सिद्धान्त बमोजिम राष्ट्रिय मानव अधिकार आयोगको सशक्तिकरण गर्ने। (काजकिस्तान)<br>पेरिस सिद्धान्त बमोजिम राष्ट्रिय मानव अधिकार आयोगको पूर्ण स्वायत्तता सुनिश्चित गर्ने साथै आयोगका सिफारिशहरुको कार्यान्वयन सुनिश्चित गर्ने। (मेक्सिको) | वित्तिय स्वायत्तता कायम रहने गरी आयोगको ऐन संशोधन गर्ने। | मन्त्रालय, सङ्घीय संसद | कार्यालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश सरकार र स्थानीय तह | | |
| राष्ट्रिय मानव अधिकार आयोगका साथै मानव अधिकारसँग सम्बन्धित संस्थाको थप सुदृढीकरण गर्ने। (भारत) | २. राष्ट्रिय मानव अधिकार आयोगका सिफारिशको कार्यान्वयनको अवस्थामा उल्लेख्य प्रगति गर्ने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय | अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश सरकार र स्थानीय तह | निरन्तर | राष्ट्रिय मानव अधिकार आयोगका सिफारिशको कार्यान्वयनको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. मानव अधिकार सम्बन्धी संवैधानिक आयोग, मन्त्रालयमा रहेका मानव अधिकार सम्बन्धी महाशाखा तथा सुरक्षा निकायमा रहेका मानव अधिकार सम्बन्धी एकाईहको सुदृढीकरण गर्ने। | सम्बन्धित सबै मन्त्रालय/निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय | निरन्तर | मानव अधिकार सम्बन्धी संवैधानिक आयोग, मन्त्रालयमा रहेका मानव अधिकार सम्बन्धी महाशाखा तथा सुरक्षा निकायमा रहेका मानव अधिकार सम्बन्धी एकाईको सुदृढीकरण भएको हुने। |
| १५९.२७ महिला अधिकार आयुक्तको नियुक्ति छिटो गर्ने। (टिमोर लेस्टी)<br>१५९.२४ गुनासो संयन्त्र र बाध्यकारी निर्णय गर्ने अख्तियारी सहित महिला आयोगमा आयुक्तको नियुक्ति यथाशीघ्र गर्ने। (रवाना) | महिला आयोगमा आयुक्तको नियुक्ति भईसकेको। | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **३.२.२.१६ मानव अधिकार कार्ययोजना** | | | | | |
| १५९.२२ राष्ट्रिय मानव अधिकार कार्ययोजनको विकास र कार्यान्वयनलाई निरन्तरता दिने । (चीन)<br>१५९.२६ पाँचौ राष्ट्रिय मानव अधिकार कार्ययोजनको कार्यान्वयनका लागि कदमहरु चाल्ने ।(श्रीलङ्का) | राष्ट्रिय मानव अधिकार कार्ययोजनाको निर्माण र कार्यान्वयन निरन्तर भईरहेको। | | | | |
| **३.२.२.१७ कारागार सुधार** | | | | | |
| १५९.५५ कारागार पूर्वाधारको सुधार र स्वतन्त्रताबाट बञ्चित व्यक्तिको जीवनस्तरमा निरन्तर सुधार गर्ने। (क्युवा) | १. बस्ती नभएको खुल्ला क्षेत्रमा आधुनिक प्रविधिमैत्री र पर्याप्त भौतिक सुविधायुक्त नयाँ कारागार भवन निर्माण गर्ने। | गृह मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | अर्थ मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, शहरी विकास मन्त्रालय, कारागार व्यवस्था विभाग | निरन्तर | आधुनिक प्रविधिमैत्री र पर्याप्त भौतिक सुविधायुक्त नयाँ कारागार भवन निर्माण भएको हुने। |
| | २.मौजुदा कारागारको सुधार र क्षमता विस्तार गरी संभव भएसम्म क्षमता सुधार अनुसार मात्र कैदिबन्दी राख्ने व्यवस्था मिलाउने। | गृह मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | अर्थ मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, शहरी विकास मन्त्रालय, कारागार व्यवस्था विभाग | निरन्तर | क्षमता सुधार अनुसार मात्र कैदिबन्दी राख्ने व्यवस्था मिलाइएको हुने। |
| | ३ कैदीबन्दीलाई सिपमुलक तालिम प्रदान गरी आयआर्जनका काममा लगाउने। | गृह मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | कारागार व्यवस्था विभाग | निरन्तर | कैदीबन्दीलाई प्रदान गरिएको सीपमुलक तालिमको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| १५९.१४५ कारागार र थुनाका अन्य स्थानमा कोभिड-१९ को रोकथामका लागि WHO कोभिड १९ तयारी, नियन्त्रण, रोकथाम सम्बन्धी निर्देशिकाको कार्यान्वयन गर्ने। (थाइल्याण्ड) | कारागार र थुनाका अन्य स्थानमा WHO कोभिड-१९ तयारी, नियन्त्रण, रोकथाम सम्बन्धी निर्देशिकाको कार्यान्वयन प्रभावकारी रुपमा गर्ने। | गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रलाय, प्रदेश सरकार र स्थानीय तह | महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, कोभिड-१९ संकट व्यवस्थापन केन्द्र | तुरुन्तै | कारागार र थुनाका अन्य स्थानमा WHO कोभिड १९ तयारी, नियन्त्रण, रोकथाम सम्बन्धी निर्देशिकाको प्रभावकारी कार्यान्वयन भएको हुने। |
| **३.२.२.१८ मानव बेचबिखन, दासत्व, बाल श्रम विरुद्धको अधिकार** | | | | | |
| १५९.९० दासत्व र मानव बेचबिखन विरुद्ध लड्न प्रयास बढाउने। यी क्षेत्रमा रणनीति वा कार्ययोजना अबलम्बन गर्ने सम्भावनालाई विचार गर्ने, साथै पीडित विशेष गरी महिला तथा बालबालिकाको पहिचान गर्न थप उपाय र उनीहरूको व्यापक सुरक्षा र पुनर्स्थापना सुनिश्चित गर्ने। (बेलारुस) | १. कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, श्रम ऐन, २०७४ को प्रभावकारी कार्यान्वयन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गृह मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग लगायतका अन्य संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | ऐनहरुको प्रभावकारी कार्यान्वयन भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| १५९.१०१ मानव बेचबिखन विरुद्धको कानून कार्यान्वयन गर्ने प्रयास जारी राख्ने, विशेषगरी मानव बेचबिखन विरुद्ध लड्न राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन। (साउदी अरब) १५९.१८९ मानव बेचबिखन | २. बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना(२०७५-८५) को प्रभावकारी कार्यान्वयन गरी क्रमशः सबै स्थानीय तहलाई बालश्रममुक्त घोषणा गर्ने। । | प्रदेश सरकार र स्थानीय तह | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग लगायतका अन्य संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | ऐन तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भई बलपूर्वक श्रममा लागउने वा कमैया श्रममा लगाउने तथा मानव बेचबिखन तथा ओसारपसारका घटनामा कमी आएको हुने। |
| र लैङ्गिक हिंसा पीडित भएर बच्न सफल भएकाको लागि स्थापना गरिएका सुरक्षित आश्रय र एकद्वार संकट व्यवस्थापन केन्द्रका लागि पर्याप्त बजेट र सुविधा उपलब्ध गराउने। | ३. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ लाई पालेर्मो प्रोटोकलसित तादम्यता हुने गरी आवश्यक परिमार्जन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, संसद,<br>राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग | २ वर्ष | पालेर्मो प्रोटोकलसित तादम्यता हुने गरी मानव बेचबिखन सम्बन्धी कानूनमा आवश्यक परिमार्जन भएको हुने। |
| (म्यानमार) १५९.९२ मानव बेचबिखन र सबै प्रकारका दासत्वको रोकथाम गर्ने प्रयास बढाउने। (साईप्रस) | ४. मानव बेचबिखन विशेषगरी ,महिला बालिकाको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८ को पुनरावलोकन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | ३ वर्ष | नयाँ कार्ययोजना निर्माण भएको हुने। |
| १५९.९३ मानव बेचबिखन, दासता, यौन शोषण र जबर्जस्ती श्रमको तस्करी रोक्ने प्रयासलाई निरन्तरता दिने र तस्करी पीडितको शीघ्र | ५. प्रत्येक प्रदेशमा कम्तीमा एउटा एकीकृत सेवा सुविधा सहितको दीर्घकालीन पुनर्स्थापना केन्द्र र आवश्यकता अनुसार स्थानीय तहमा पुनर्स्थापना केन्द्र निर्माण तथा सञ्चालन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग लगायतका अन्य संवैधानिक आयोग, नागरिक समाज | ४ वर्ष | दीर्घकालीन पुनर्स्थापना केन्द्र निर्माण तथा सञ्चालन भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| पहिचानलाई सम्बोधन गर्न मानक परिचालन कार्यविधिको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने र पीडितका लागि पुर्नस्थापना केन्द्रलाई पर्याप्त स्रोत उपलब्ध गराउने । (फिजी)<br>१५९.९५ मानव बेचबिखन, दासत्व र यौन शोषणको रोकथाम गर्ने प्रयासलाई निरन्तरता दिने। (ईराक)<br>१५९. ९६ मानव बेचबिखन, दासत्व, यौन शोषण बाल श्रम सहितको बलपूर्वक श्रमको रोकथाम गर्ने प्रयास बढाउने। (मलेसिया)<br>१५९.९७ मानव बेचबिखन, दासत्व, यौन शोषण बाल श्रमको रोकथाम गर्ने प्रयास बढाउने। (मोन्टेनिग्रो)<br>१५९.१०० बालबालिकालाई विशेष जोड दिई मानव बेचबिखन तथा बधुवा मजदुरको अन्त्य गर्न थप कदम चाल्ने। (नर्वे)<br>१५९.१०२ मानव | ६. पीडितकालागि स्थापना गरिएका सुरक्षित आश्रय, एकद्वार संकट व्यवस्थापन केन्द्र र पुर्नस्थापना केन्द्रका लागि पर्याप्त बजेट र सुविधा उपलब्ध गराउने। | अर्थ मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग लगायतका अन्य संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | सुरक्षित आश्रय, एकद्वार संकट व्यवस्थापन केन्द्र र पुर्नस्थापना केन्द्रका लागि बजेट उपलब्ध भएको हुने । |
| | ७. कसूरको प्रभावकारी अनुसन्धान सुनिश्चित गरी दोषीलाई कानूनबमोजिम कारवाही गर्ने। | नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय, अदालत | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग लगायतका अन्य संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | दोषीलाई कारवाही भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| बेचबिखन, दासता, यौन शोषण र बलपूर्वक श्रम विरुद्ध लड्न थप प्रयास गर्ने। साथै यी अपराधका अपराधी विरुद्ध दण्ड नीतिको प्रभावकारी रुपमा सञ्चालन गर्ने। (सर्बिया)<br>१५९.९१ दासत्व र मानव बेचबिखनको लागि जिम्मेवारलाई कानूनको दायरामा ल्याउने कुरा सुनिश्चित गर्ने। (बुर्किनो फासो) | | | | | |
| १५९.९४ पिडितको प्रारम्भिक पहिचान र सहयोग र अपराधीलाई कानूनी दायरामा ल्याई व्यक्तिको तस्करी र बालश्रम लगायतका हरेक प्रकारका शोषण रोक्ने प्रयासलाई तिव्रता दिने। (होलि सि) | १.विशेष प्रकृतिका मुद्दामा पक्षको गोपनियता कायम राख्ने निर्देशिकाको व्यवस्था बमोजिक पीडितको पहिचान गोप्य राख्ने व्यवस्थाको कडाइका साथ पालना गर्ने। | गृह मन्त्रालय, नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय, अदालत | राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज, सञ्चार माध्यम | निरन्तर | कानूनको प्रभावकारी कार्यान्वयन भएको हुने। |
| | २. दोषीलाई कानूनबमोजिम कारवाही गर्ने। | गृह मन्त्रालय, नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय, अदालत | राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज, सञ्चार माध्यम | निरन्तर | कारवाही भएका दोषीको संख्या। |
| १५९.९८ मानव बेचबिखनका सबै पक्ष समावेश गर्न मानव बेचबिखनको परिभाषालाई अन्तर्राष्ट्रिय कानून अनुकुल | मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा संशोधन गरी संगठित अपराध विरुद्धको संयुक्त राष्ट्र सङ्घीय महासन्धिको स्वेच्छिक प्रोटोकल (Palermo Protocol) | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय, कानून, न्याय | नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घीय संसद, | २ वर्ष | ऐनमा आवश्यक संशोधन भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| बनाउनको लागि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐनको परिमार्जन गर्ने। (अरमेनिया) | बमोजिम हुने गरी परिर्माजन गर्ने। | तथा संसदीय मामिला मन्त्रालय | राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार आयोग लगायत अन्य संवैधानिक आयोग, नागरिक समाज | | |
| १५९.९९ मानव बेचबिखन विरुद्ध लड्न र पीडितका अधिकारका साथै प्रवासीको अधिकारको संरक्षणका लागि गरिएको प्रयासलाई वृहत रुपमा बढाउने। (नाईजेरिया)<br>१५९.२२८ संयुक्त राष्ट्र सङ्घीय आप्रवासी सम्बन्धी विशेष समाधिक्षकको सन् २०१८ का सुझावहरुमा संयुक्त राष्ट्र सङ्घीय विशेष समाधिकक्षको सन् २०१८ को सिफारिस कार्यान्वयन गरी नेपाली प्रवासी मजदुरमाथि हुने शोषण र दुव्र्यवहार रोक्न थप उपाय गर्ने। (क्यानडा) | १. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली २०६५, वैदेशिक रोजगार ऐन, २०६४ को प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, वैदेशिक रोजगार व्यवसायी, गैर सरकारी संघसंस्था | निरन्तर | कानूनको प्रभावकारी कार्यान्वयन भएको हुने। |
| | २. नेपाली कामदार जाने मुलुकसँग द्विपक्षीय सम्झौता गरी कामदारको अधिकारको संरक्षण गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, वैदेशिक रोजगार व्यवसायी, गैर सरकारी संघसंस्था | निरन्तर | नेपाली कामदार जाने मुलुकसँग भएको द्विपक्षीय सम्झौताको संख्या। |
| | ३. नेपाली आप्रवासी मजदुरमाथि हुने शोषण र दुर्व्यवहार रोक्न संयुक्त राष्ट्र सङ्घीय आप्रवासी सम्बन्धी विशेष समाधिक्षकका सुझाव कार्यान्वयन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय, नागरिक समाज | निरन्तर | सुझाव कार्यान्वयनको संख्या। |
| १५९.२१३ सबै प्रकारका बाल श्रम विरुद्ध लड्नका | १. कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, | श्रम रोजगार तथा सामाजिक सुरक्षा | राष्ट्रिय मानव अधिकार | निरन्तर | उजुरी तथा कारवाही भएकाको |

| | | | | | |
|---|---|---|---|---|---|
| लागि प्रभावकारी उपाय अवलम्वन गर्ने । बाल श्रम रहेका सबै क्षेत्रको सम्बन्धमा सम्बोधन गर्नका लागि बाल श्रम निषेध तथा नियमन गर्ने ऐनलाई विस्तार गर्ने । (लिचेस्टाइन)<br>१५९.२१५ अनौपचारिक क्षेत्रमा बाल श्रमको रोकथाम सहित सबै प्रकारको बाल श्रमको उन्मूलन गर्ने उपायको कार्यान्वयनमा निरन्तर विशेष ध्यान दिने ।(रसियन फेडरेसन)<br>१५९.२१७ बाल श्रमको सबैभन्दा खतरनाक अवस्थाको उन्मूलनलाई प्राथमिकता दिदै सन् २०२८ अगाडि नै बाल श्रमको सबैभन्दा जोखिमपूर्ण रूपको उन्मूलन गर्नको लागी राष्ट्रिय कार्ययोजनालाई सुदृढ बनाउन पूरक उपायहरु अपनाउने ।(स्पेन)<br>१५९.२१० सबै बालबालिकाहरुलाई आफ्नो विचार व्यक्त गर्न र बाल | २०६४, श्रम ऐन, २०७४, वैदेशिक रोजगार ऐन, २०६४ को प्रभावकारी कार्यान्वयन गर्ने। | मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय | आयोग | | संख्या। |
| | २. बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना(२०७५-८५) को प्रभावकारी कार्यान्वयन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग | निरन्तर | उजुरी तथा कारवाही भएकाको संख्या। |
| | ३. अनौपचारिक क्षेत्र लगायतमा सबै प्रकारका बालश्रम निर्मूल गर्न बनेको कार्ययोजनाको पूर्ण रुपमा कार्यान्वयन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज, बाल कल्याण समिति | निरन्तर | अनौपचारिक क्षेत्रमा बाल श्रमलाई निषेध गरिएको हुने। |
| | ४. श्रम निरिक्षकको दरबन्दी बढाई योग्य व्यक्ति नियुक्त गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज | निरन्तर | श्रम निरिक्षकको दरबन्दीको संख्या ।<br>योग्य व्यक्ति नियुक्त भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| श्रमको सबैभन्दा खराब रूपहरुको सम्बन्धमा समाधान खोज्नको लागी सुरक्षित र समावेशी संयन्त्रको विकास गर्ने।(क्रोएसिया)<br>१५९.२११ बालश्रम विशेष गरी जोखिमपूर्ण क्षेत्रमा रहेको बाल श्रमको अभ्यासको उन्मूलनको लागी विद्यमान कानून र नीतिको कार्यान्वयनलाई प्रभावकारी बनाउने ।(ईटाली)<br>१५९.२०९ अनौपचारिक क्षेत्रमा रहेको बाल श्रमलाई बाल श्रम निषेध तथा नियमन गर्ने कानूनमा समावेश गर्ने । (बेल्जियम)<br>१५९.२१२ अनौपचारिक क्षेत्रमा रहेको बाल श्रमको विषयलाई सम्बोधन गर्नका लागी बाल श्रम सम्बन्धी कानून र नियमको विस्तार गर्ने ।(काजकिस्तान)<br>१५९.२१४ बाल श्रम निषेध गर्ने विद्यमान कानून पूर्ण रूपमा लागू गरिएको र | ५. श्रम निरीक्षकद्वारा प्रभावकारी रुपमा ऐन तथा गुरुयोजनाको कार्यान्वयनको अनुगमन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, नागरिक समाज | निरन्तर | गुरुयोजना कार्यान्वयन अनुगमनको संख्या।<br>दोषी उपर कारवाहीको संख्या। |
| | ६. बाल क्लबबाट सञ्चालन हुने कार्यक्रम/ क्रियाकलापमा बाल श्रमका विषय समावेश भएको सुनिश्चित गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय,<br>प्रदेश सरकार र स्थानीय तह | बालक्लब, नागरिक समाज | निरन्तर | बाल क्लबका कार्यक्रममा बाल श्रमको विषय समावेश भएको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| यसको कार्यान्वयनको अनुगमन गरिएको छ भन्ने सुनिश्चित गर्ने।(मार्सल आइल्यान्ड)<br>१५९.२१६ बाल श्रम सम्बन्धमा विद्यमान कानून तथा नियमको कार्यान्वयन गर्ने कार्यलाई सशक्त बनाउने।साथै श्रम निरिक्षकको दरबन्दी बढाउने, रिक्त दरबन्दीमा योग्यता पुगेका क्षमतावान र विशेषज्ञ व्यक्तिको नियुक्ति गर्ने । (स्लोभानिया) | | | | | |
| १५९.४५ जोखिम वर्ग विशेषगरि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ र जातिय अल्पसंख्यकको अधिकारको कानूनमा र व्यवहारमा रक्षा गर्ने कार्यलाई निरन्तरता दिने।<br>(रसियन फेडरेसन) | १. जोखिम वर्गको हित संरक्षण र समस्या सम्बोधन गर्न प्रदेश र स्थानीय तहको सहकार्यमा जिल्लास्तरमा समन्वय एकाइको प्रबन्ध गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग लगायतका अन्य संवैधानिक आयोग, नागरिक समाज | २ वर्ष | जिल्लास्तरमा समन्वय एकाइको प्रबन्ध भएको हुने। |
| | २. लैङ्गिक समानता नीति, २०७७ को प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग लगायतका अन्य संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | कार्यक्रमबाट लाभान्वितको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. जेष्ठ नागरिकको अधिकार संरक्षण र कल्याणकारी कार्यक्रम सञ्चालन गर्न राष्ट्रिय जेष्ठ नागरिक नीति तर्जुमा गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग लगायतका अन्य संवैधानिक आयोग, नागरिक समाज | ३ वर्ष | राष्ट्रिय जेष्ठ नागरिक नीति तर्जुमा भएको हुने। |
| | ४. अपाङ्गता भएका व्यक्तिको संरक्षण र आत्मनिर्भरताका लागि शिक्षा, प्रविधि र सिपमा पहुँच वृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग लगायतका अन्य संवैधानिक आयोग, नागरिक समाज | निरन्तर | कार्यक्रमबाट लाभान्वितको संख्या। |
| १५९.१०३ बैदेशिक रोजगार र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन र पार्लेमो प्रोटोकलमा एकरुपता ल्याउने। (संयुक्त अधिराज्य र नर्दन आइरल्याण्ड) | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४, वैदेशिक रोजगार ऐन, २०६४ र पार्लेमो प्रोटोकोलबिच सामन्जस्य ल्याउन सम्बन्धित ऐनमा संशोधन गर्ने। | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, श्रम, रोजगाजर तथा सामाजकि सुरक्षा मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घीय संसद, गृह मन्त्रालय | २ वर्ष | सम्बन्धित ऐनमा संशोधन भएको हुने। |
| **३.२.२.१९ विविध** | | | | | |
| १५९.६० मुलुकी अपराध संहिता र मुलुकी फौजदारी | १ मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहिता कार्यान्वयन गर्न कानून कार्यान्वयन | राष्ट्रिय न्यायिक प्रतिष्ठान, न्याय सेवा | अदालत, कानून ,न्याय तथा संसदीय मामिला | निरन्तर | तालिम प्राप्त कर्मचारीको संख्या। |

| | | | | | |
|---|---|---|---|---|---|
| कार्यविधी संहिता कार्यान्वयन गर्न कानून कार्यान्वयन गर्ने संयन्त्रलाई निरन्तर तालिम प्रदान गर्ने। (माल्दिभ्स) | गर्ने संयन्त्रहरुः नेपाल प्रहरी, सरकारी वकिल, न्यायाधिश, अदालतका कर्मचारी र निजी कानून व्यवसायीलाई तालिम, प्रशिक्षण प्रदान गर्ने। | तालिम केन्द्र, नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठान, महान्यायधिवक्ताको कार्यालय | मन्त्रालय | | |
| १५९.२९ नीति तथा कानूनको व्याख्या, कार्यान्वयन र पुनरावृत्ति अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्ड अनुकूल हुने गरी कडा रुपमा पालना गर्ने। | १.विद्यमान नीति तथा कानूनको व्याख्या र कार्यान्वयन गर्दा अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्ड अनुकूल हुने गरी पालना गर्ने। | सबै अदालत, मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, लगायतका कानून कार्यान्वयन गर्ने निकाय | राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य संवैधानिक आयोग | निरन्तर | नीति तथा कानूनको व्याख्या र कार्यान्वयन अन्तर्राष्ट्रिय मानव अधिकारका मापदण्ड अनुकूल भएको हुने। |
| १५९.३० मानव अधिकारको क्षेत्रमा संरचनागत तथा संस्थागत मापदण्ड निरन्तर हासिल गर्ने लक्ष्यका लागि समाजका सबै क्षेत्रसित एकीकृत र समन्वयात्मक प्रयास बढाउने। (ओमान) | २.मानव अधिकारको क्षेत्रमा संरचनागत तथा संस्थागत मापदण्ड निरन्तर हासिल गर्ने लक्ष्यका लागि समाजका सबै क्षेत्रसित एकीकृत र समन्वयात्मक प्रयास बढाउने। | संघ, प्रदेश तथा स्थानीय तह | राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य संवैधानिक आयोग | निरन्तर | मानव अधिकारको क्षेत्रमा एकीकृत र समन्वयात्मक प्रयास बढेको हुने। |
| १५९.१३६ आत्महत्या रोकथामका लागि राष्ट्रिय रणनीति र कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने विशेषगरी भरपर्दो तथ्यांक संकलनको विकास गरी र आत्महत्यासँग सम्बन्धित सामाजिक कलङ्क र | १. आत्महत्या रोकथामलाई प्राथमिकता दिई राष्ट्रिय कार्ययोजना बनाई लागू गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य संवैधानिक आयोग, | २ वर्ष | राष्ट्रिय कार्ययोजना बनेको हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| पुरुष तथा महिला आत्महत्याका मूल कारणलाई सम्बोधन हुने गरी । (हाईटी) | | | विकास साझेदार | | |
| | २. आत्महत्या विरुद्ध मनोसामाजिक विमर्श तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | राष्ट्रिय मानव अधिकार आयोग तथा अन्य संवैधानिक आयोग | निरन्तर | आत्महत्या विरुद्ध मनोसामाजिक विमर्श तथा सचेतनामूलक कार्यक्रमको संख्या। |
| १५९.२८ मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न भई रहेका सुधारका प्रयासलाई निरन्तरता दिने। (टुर्केमेनिस्तान) | मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने। | सबै मन्त्रालय,<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय मानव अधिकार आयोग, अन्य संवैधानकि आयोग,<br>नागरिक समाज | ५ वर्ष | मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाको प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने। |

# परिच्छेद-४

# कार्ययोजना कार्यान्वयन, समन्वय र अनुगमन

## ४.१ कार्ययोजना कार्यान्वयनमा सम्बद्ध निकायको भूमिका

### ४.१.१ जिम्मेवार निकाय

दुवै कार्ययोजनाका उद्देश्य हासिल गर्नको लागि निर्धारित प्रत्येक क्रियाकलापको कार्यान्वयन गर्न प्रमुख भूमिका रहने निकायलाई जिम्मेवार निकायको रुपमा तोकिएको छ। जिम्मेवार निकायको मुख्य काम देहाय बमोजिम रहेको छः-

(क) सम्बन्धित क्रियाकलाप कार्यान्वयन गर्न मुख्य उत्तरदायित्व लिने,

(ख) नीति वा कानूनको तर्जुमा वा परिमार्जन गर्नुपर्ने भएमा त्यसको नेतृत्व लिने,

(ग) आवश्यक स्रोत र साधन उपलब्ध गराउने,

(घ) दुई वा दुई भन्दा बढी निकायको संलग्नता रहने भएमा ती निकाय बीच समन्वय गर्ने,

(ङ) कार्ययोजना कार्यान्वयनको प्रतिवेदनका लागि सम्पर्क व्यक्ति तोक्ने,

(च) कार्यान्वयनका क्रममा बाधा अड्काउ देखिएमा त्यस्तो बाधा अड्काउ फुकाउने।

### ४.१.२ सहयोगी निकाय

दुवै कार्ययोजनामा जिम्मेवार निकायलाई तोकिएको क्रियाकलाप कार्यान्वयन गर्न सहयोगीको भूमिकामा रहने निकायलाई सहयोगी निकायको रुपमा पहिचान गरिएको छ। कार्ययोजनामा निर्दिष्ट क्रियाकलापको कार्यान्वयनका लागि प्रमुख रूपमा जिम्मेवार निकायले समन्वय गरेमा वा सहयोगको अपेक्षा गरेको अवस्थामा सहयोगी निकायले त्यस्तो जिम्मेवार निकायलाई तोकिएको क्रियाकलाप कार्यान्वयन गर्नमा आवश्यक सहयोग उपलव्ध गराउनु पर्नेछ। सहयोगी निकायको मुख्य काम देहाय बमोजिम रहेको छः-

(क) सम्बन्धित क्रियाकलाप कार्यान्वयन गर्न जिम्मेवार निकायलाई सघाउने,

(ख) जिम्मेवार निकायको अनुरोध अनुरूप आवश्यक स्रोत, साधन र विशेषज्ञता उपलब्ध गराउने,

(ग) जिम्मेवार निकाय समक्ष सम्बन्धित क्रियाकलापको सम्बन्धमा आवश्यकता अनुसार कुनै प्रस्ताव वा अनुरोध गर्ने,

(घ) कार्ययोजना कार्यान्वयनको सिलसिलामा अन्य आवश्यक कार्य गर्ने ।

## ४.२ कार्ययोजना समन्वय संयन्त्र

### ४.२.१ सङ्घीय समन्वय समितिः

दुवै कार्ययोजना कार्यान्वयनको सुनिश्चितताका लागि विशिष्टीकृत समन्वय संयन्त्रको रुपमा सङ्घीय स्तरमा सङ्घीय समन्वय समितिको व्यवस्था गरिएको छ। कार्ययोजनाका क्रियाकलापसँग सम्बन्धित मन्त्रालय एवं

निकायमा तोकिएका इकाई (Focal Points) लाई आवश्यक निर्देशन दिने, कार्ययोजना कार्यान्वयनको क्रममा सञ्चालन गरिने क्रियाकलापको कार्यान्वयन प्रक्रियाको समीक्षा गर्ने, मानव अधिकारका क्षेत्रमा नेपाल सरकारले अवलम्बन गर्ने नीतिगत विषयमा सुझाव दिई समग्रमा मानव अधिकार स्थितिको समीक्षा गर्ने यस समितिको मुख्य जिम्मेवारी रहनेछ ।

सङ्घीय समन्वय समितिको संरचना देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) मुख्य सचिव, नेपाल सरकार | — संयोजक |
| (ख) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवहरु | — सदस्य |
| (ग) नेपाल सरकारका सम्बन्धित मन्त्रालयका सचिवहरु | — सदस्य |
| (घ) सचिव, राष्ट्रिय योजना आयोग | — सदस्य |
| (ङ) नायव महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय | — सदस्य |
| (च) सचिव, राष्ट्रिय मानव अधिकार आयोग | — सदस्य |
| (छ) रथि, नेपाली सेना | — सदस्य |
| (ज) प्रहरी महानिरीक्षक, नेपाल प्रहरी | — सदस्य |
| (झ) सशस्त्र प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल | — सदस्य |
| (ञ) राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोगका सचिवहरु | — सदस्य |
| (ट) नेपाल सरकारले तोकेका एक जना महिला सहित नागरिक समाजका तीन जना प्रतिनिधि | — सदस्य |
| (ञ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून र मानव अधिकार हेर्ने सह-सचिव | — सदस्य-सचिव |

समितिको बैठक छ महिनामा कम्तिमा एक पटक र आवश्यकता अनुसार सोभन्दा बढी पटक पनि बस्न सक्नेछ। समितिले कुनै निकायका पदाधिकारीलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखाले समितिको सचिवालयको रूपमा कार्य गर्नेछ।

### ४.२.२ प्रदेश समन्वय समिति

दुवै कार्ययोजना कार्यान्वयनको सुनिश्चितताका लागि प्रत्येक प्रदेशमा एक विशिष्टीकृत संयन्त्रको रुपमा प्रदेशस्तरीय समन्वय समितिको व्यवस्था गरिएको छ । प्रदेशमा कार्ययोजनाहरुको कार्यान्वयनको समन्वय तथा

प्रदेश सरकारले अवलम्बन गर्ने नीतिगत विषयमा सुझाव दिने र मानव अधिकार स्थितिको समीक्षा गर्नु यस समितिको मुख्य जिम्मेवारी रहनेछ।

प्रदेश समन्वय समितिको संरचना देहाय बमोजिम हुनेछः-

(क) प्रमुख सचिव, प्रदेश सरकार — संयोजक
(ख) प्रदेश सरकारका सबै मन्त्रालयका सचिवहरु — सदस्य
(ग) प्रमुख, प्रदेश प्रहरी — सदस्य
(घ) प्रतिनिधि, मुख्य न्यायाधिवक्ताको कार्यालय — सदस्य
(ङ) प्रतिनिधि, राष्ट्रिय मानव अधिकार आयोग — सदस्य
(च) संयोजकले तोकेको एक जना महिला सहित नागरिक समाजका तीन जना प्रतिनिधि — सदस्य
(छ) सचिव (कानून हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य-सचिव

समितिको बैठक प्रत्येक छ महिनामा कम्तिमा एक पटक र आवश्यकता अनुसार सोभन्दा बढी पटक पनि बस्न सक्नेछ । समितिले कुनै निकायका पदाधिकारीलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून तथा संवैधानिक मामिला महाशाखाले समितिको सचिवालयको रूपमा कार्य गर्नेछ। प्रदेश समन्वय समितिले प्रत्येक छ महिनामा कार्ययोजनाहरुको प्रगति प्रतिवेदन सङ्घीय समन्वय समितिमा पठाउनु पर्नेछ।

### ४.२.३ जिल्ला समन्वय समिति

कार्ययोजनाहरुको जिल्लास्तरमा कार्यान्वयनको सुनिश्चितताका लागि प्रत्येक जिल्लामा जिल्ला समन्वय समितिको व्यवस्था गरिएको छ। कार्ययोजना कार्यान्वयनका लागि जिल्लास्तरका सरकारी निकाय एवं स्थानीय तहबाट कार्ययोजनाहरुको कार्यान्वयनको क्रममा समन्वय र सहजीकरण गर्ने तथा जिल्लाको मानव अधिकार स्थितिको समीक्षा गर्ने कार्य यस समितिको मुख्य जिम्मेवारीभित्र रहेका छन्।

जिल्ला समन्वय समितिको संरचना देहाय बमोजिम हुनेछः-

(क) प्रमुख, जिल्ला समन्वय समिति — संयोजक
(ख) प्रमुख जिल्ला अधिकारी — सदस्य
(ग) जिल्ला समन्वय समितिका पदाधिकारीहरु — सदस्य
(घ) प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई — सदस्य
(ङ) प्रमुख, स्वास्थ्य कार्यालय — सदस्य
(च) जिल्ला न्यायाधिवक्ता — सदस्य

(छ) जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु — सदस्य
(ज) जिल्लास्थित नगरपालिकाका प्रमुखहरु र गाउँपालिकाका अध्यक्षहरु — सदस्य
(झ) नेपाल बार एशोसिएशनका जिल्ला प्रतिनिधि — सदस्य
(ञ) नेपाल पत्रकार महासंघका जिल्ला प्रतिनिधि — सदस्य
(ट) गैर सरकारी संस्था महासंघका जिल्लास्थित प्रतिनिधि — सदस्य
(ठ) जिल्ला समन्वय अधिकारी — सदस्य—सचिव

समितिको बैठक प्रत्येक छ महिनामा कम्तिमा एक पटक र आवश्यकता अनुसार सोभन्दा बढी पटक पनि बस्न सक्नेछ । समितिले सम्बन्धित अन्य कार्यालयका पदाधिकारीलाई आवश्यकतानुसार समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ। समितिको सचिवालय जिल्ला समन्वय समितिमा रहनेछ ।स्थानीय तह समन्वय समितिबाट प्रतिवेदन प्राप्त गरी कार्ययोजनाहरुको कार्यान्वयन अवस्थासम्बन्धी जिल्लागत विवरण जिल्ला समन्वय अधिकारीले प्रत्येक छ महिनामा तयार गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् सङ्घीय समन्वय समितिमा पठाउने छ र सोको एक प्रति प्रदेश समन्वय समितिलाई उपलब्ध गराउने छ।

### ४.२.४ स्थानीय तह समन्वय समिति

स्थानीय तहमा कार्ययोजना कार्यान्वयनको सुनिश्चितताको लागि प्रत्येक स्थानीय तहमा स्थानीय समन्वय समितिको व्यवस्था गरिएको छ। स्थानीय तहको सम्बन्धित शाखा र कार्ययोजनाको क्रियाकलापसँग सम्बन्धित वडालाई निर्देशन दिने, कार्ययोजनाको कार्यान्वयनको क्रममा सञ्चालन गरिने क्रियाकलापको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने तथा कार्ययोजना कार्यान्वयनको स्थितिको समीक्षा गर्ने कार्यहरू यस समितिको मुख्य जिम्मेवारीभित्र रहेका छन् ।

समितिको संरचना देहाय बमोजिम हुनेछः-

(क) प्रमुख वा अध्यक्ष, स्थानीय तह — संयोजक
(ख) उप-प्रमुख वा उपाध्यक्ष, स्थानीय तह — सदस्य
(ग) वडा अध्यक्षहरु — सदस्य
(घ) सम्बन्धित विषय हेर्ने अधिकृतहरु — सदस्य
(ङ) अध्यक्षले तोकेको एक जना महिला सहित नागरिक समाजका तीन जना प्रतिनिधि — सदस्य
(च) स्थानीय तहमा रहेको सुरक्षा निकायको कार्यालयको प्रमुख — सदस्य
(छ) प्रमुख प्रशासकीय अधिकृत, स्थानीय तह — सदस्य-सचिव

समितिको बैठक प्रत्येक छ महिनामा कम्तिमा एक पटक र आवश्यकता अनुसार सोभन्दा बढी पटक पनि बस्न सक्नेछ । दुवै कार्ययोजनाहरुको कार्यान्वयनमा स्थानीय तहबाट भएको प्रगति विवरण प्रमुख प्रशासकीय अधिकृतले प्रत्येक छ/छ महिनामा तयार गरी जिल्ला समन्वय समितिमा पठाउनु पर्नेछ।

## ४.३ कार्ययोजना कार्यान्वयनको अनुगमन

दुवै कार्ययोजना कार्यान्वयनका लागि अनुगमन कार्य महत्वपूर्ण हुन्छ। कार्ययोजनामा निर्दिष्ट क्रियाकलापको नियमित अनुगमनबाट कार्यान्वयन अवस्थाको एकीन गर्न र कार्यान्वयनका क्रममा देखिएका समस्याको पहिचान र त्यसको निराकरण गर्न समयमै आवश्यक पहल गर्न सहज हुन्छ। दुवै कार्ययोजना कार्यान्वयनको देहायका निकायबाट अनुगमन हुनेछः-

(क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(ख) सङ्घीय संसद, प्रतिनिधि सभाको कानून, न्याय तथा मानव अधिकार समिति

(ग) राष्ट्रिय मानव अधिकार आयोग

(घ) संवैधानिक आयोग र निकाय

(ङ) महान्यायाधिवक्ता

(च) प्रदेशसभाका समिति

(छ) स्थानीय तहको नगरसभा र गाँउसभा

(ज) नागरिक समाज

अनुगमन गर्ने निकायले क्रियाकलापको कार्यान्वयन अवस्था, कार्यान्वयनका क्रममा देखिएका समस्याको पहिचान, ती समस्याको निराकरण गर्न अवलम्बन गर्नुपर्ने उपाय, क्रियाकलाप कार्यान्वयन गर्न लागेको समय, हासिल भएको प्रगति, क्रियाकलापको कार्यान्वयनको लागि प्राप्त स्रोत तथा साधनको उपलव्धता आदिको अनुगमन गरी आवश्यक पृष्ठपोषण, सुझाव दिन सक्नेछ । यसरी प्राप्त हुने पृष्ठपोषण, सुझाव कार्यान्वयनका लागि प्रमुख जिम्मेवार निकाय तथा सहयोगी निकायमा पठाइनेछ। अनुगमन गर्ने निकायले अनुगमन गर्ने विधि र प्रक्रिया आपसी समन्वयमा तय गर्ने छन्। अनुगमनको कार्यमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आवश्यक सहजीकरण हुनेछ।

# परिच्छेद-५

# कार्ययोजनाका सीमा र अपेक्षित उपलब्धि

## ५.१ सीमा

मूल रूपमा, प्रस्तुत कार्ययोजना नेपालको संविधानमा उल्लेख गरिएका मौलिक हक तथा मानव अधिकारको व्यवहारिक कार्यान्वयनको लागि तयार गरिएको हो। नेपालको संविधानमा अधिकांश मानव अधिकारहरु समेटिएको हुँदा व्यवहारिक तथा वास्तविक अर्थमा ती अधिकारहरुको उपभोगबाट मात्र नेपालको संविधान कार्यान्वयन हुन सक्ने देखिन्छ। त्यसैले प्रस्तुत कार्ययोजना तयार गर्दा स्रोत र साधनको उपलव्धता, मानव अधिकार सम्बन्धी संवैधानिक व्यवस्था, मौजुदा कानूनी व्यवस्था, नीति, रणनीति, पन्ध्रौं आवधिक योजनाको आधारपत्र र मानव अधिकार सम्बन्धी विषयगत एवं क्षेत्रगत कार्ययोजना समेतका कुरालाई दृष्टिगत गरिएको छ। प्रस्तुत कार्ययोजनामा मानव अधिकारका मुलभूत विषयहरूलाई मात्र समेटिएको छ। प्रस्तुत कार्ययोजनालाई अन्य कार्ययोजनाको परिपूरकका रुपमा लिई कार्यान्वयन गर्नु पर्ने हुन्छ।

प्रस्तुत कार्ययोजना मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू, विश्वव्यापी आवधिक पुनरावलोकन प्रक्रिया र संविधानले प्रत्याभूत गरेका मौलिक हकहरूको कार्यान्वयनको लागि नेपाल राज्यको तर्फबाट व्यक्त प्रतिबद्धता सम्बन्धी दस्तावेज हो । कार्ययोजनाका उद्देश्यहरू एवं तिनको आधारमा निर्धारित क्रियाकलापलाई व्यवहारमा प्रभावकारी रूपले उतार्न आवश्यक स्रोत, साधन र जनशक्तिको आवश्यकता हुन्छ। यी कार्ययोजना कार्यान्वयन गर्न आवश्यक पर्ने आर्थिक तथा भौतिक स्रोत साधन, कानूनी, नीतिगत एवं संस्थागत व्यवस्था गर्ने दायित्व सम्बन्धित जिम्मेवार निकाय एवं सहयोगी निकायको हुनेछ।

## ५.२ अपेक्षित उपलब्धि

१. संघ, प्रदेश र स्थानीय तीनै तहबाट सम्पन्न गरिने विकासका कार्यहरु अधिकारमा आधारित अवधारणा अनुरुप कार्यान्वयन भएको हुने।
२. सङ्घीय संरचना अनुसारका मानव अधिकारका संयन्त्र कार्यमूलक भएको हुने।
३. मौलिक हक कार्यान्वयन गर्न निर्माण भएका कानून प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने।
४. मानव अधिकार सम्बन्धी कानूनको पुनरावलोकन गरी परिमार्जन गरिएको हुने।
५. समाजमा व्यवहारमा विद्यमान सबै प्रकारका भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथाको न्यूनीकरण भएको हुने।
६. मानव अधिकारलाई मुलुकको पन्ध्रौ आवधिक विकास योजनासँग सम्बन्धित नीतिमा संरचनात्मक रुपमा समाहित गरिएको हुने।
७. मानव अधिकार उल्लंघनको घटनामा दण्डहिनताको अन्त्य गरी पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गरिएको हुने।
८. सार्वजनिक तथा निजी क्षेत्र एवं सामाजिक जीवनका सबै पक्षमा मानव अधिकारको सम्मान गर्ने सँस्कृतिको विकास भएको हुने।
९. आर्थिक तथा सामाजिक दृष्टिले पछाडि परेका वर्ग र समुदायको संरक्षण र सशक्तिकरण भएको हुने।
१०. नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताको पालना भएको हुने।